सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२६ भदौ २०७९, आइतबार (11 Sep 2022, Sunday) ■ नेपाल संवत् ११४२ ■ वर्ष १६ ■ अंक १५१ ■ पृष्ठ १०+२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-




HONDA CELEBRATING 50 YEARS IN NEPAL
HONDA
Dio
यो सबैको लागि हो ।
Nepal's Most Loved Scooter
*conditions applied
HONDA EASY FINANCE
Rs.99/-* PER DAY
MINIMIUM 20% DOWNPAYMENT
5.99% INTEREST RATE
Dio STARTING FROM
RS 2,15,900/-*
JYOTI
Syakar Trading Company Pvt. Ltd.
Jyoti Bhawan, Kantipath, Kathmandu
www.honda.com.np
थप जानकारीका लागि
NTC १६६ ०० १ ४६६३२ | NCELL ९८०१५७१११११, ९८०१०५२८१७
facebook.com/HondaNepal

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक
# नयाँ पत्रिका
nayapatrikadaily.com
२६ भदौ २०७९, आइतबार (11 Sep 2022, Sunday) ■ नेपाल संवत् ११४२ ■ वर्ष १६ ■ अंक १५१ ■ पृष्ठ १०+२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

नयाँ पत्रिका Lifestyle

क्यारिकेचर गर्नुअघि
कमेडियनको यस्तो तयारी



पुल्चोक मन्त्रीनिवासको
७१ रोपनी जग्गा र भवन
## अब गेस्टहाउस कि इभाकुएसन पार्क ?



०७९/८० को बजेट कार्यान्वयनमा गइसक्दा पनि पुल्चोकको मन्त्री क्वार्टर भएको क्षेत्रमा के बन्छ भन्ने टुंगो लागेको छैन

पृष्ठ | ३

## कंक्रिट भवनले सुन्धारालाई सुकायो



कृत्रिम प्रणालीबाट पानी ल्याउन लागेको भन्दै पुनर्निर्माण रोकियो

पृष्ठ | २

# सिटमा दाउपेच जारी

## ■ सत्ता गठबन्धन : मधेसमा कांग्रेस–जसपाका आ–आफ्नै दाबी र रणनीति, बाँडफाँडमा सकस



● **ज्ञानेन्द्रबहादुर कार्की**
कांग्रेसबाट कार्यदल सदस्य

दलहरूले बढी दाबी राख्नु स्वाभाविक हो। तर, गठबन्धनको उद्देश्य पूरा गर्न सबैले लचकता देखाउनुपर्छ। शीर्ष तहबाट बाँडफाँडको टुंगो लाग्छ।



● **रामसहायप्रसाद यादव**
जसपाबाट कार्यदल सदस्य

हामीले समग्रमा मधेससहितको दाबी गठबन्धनमा राखेका हौँ। मधेस हाम्रो आधार भएकाले स्वाभाविक रूपमा बढी सिटमा दाबी रहने भयो।

**केशवप्रसाद पाण्डे**/नयाँ पत्रिका

सत्ता राजनीतिमा 'अर्थपूर्ण' महत्त्व राख्ने मधेसका ३२ सिटमा कांग्रेस र जसपाको धेरै दाबी देखिएपछि पाँचदलीय गठबन्धनभित्र सिट बाँडफाँडमा किचलो बढेको छ। दुवै दल मधेसमा पहिलो शक्ति बन्ने दाउमा छन्।

संगठन र जनाधार बलियो रहेको मधेसमा धेरै सिट पाउनुपर्ने जसपाको अडान छ। तर, धेरै सिट लिएर लोसपालाई पनि सँगै लिएर जाने कांग्रेसको रणनीति छ। मधेसका आठ जिल्लाका ३२ सिटमध्ये जसपा एक्लैले २० सिटमा दाबी गरेको छ। जसपाले अस्वाभाविक दाबी गरेको भन्दै गठबन्धनका अन्य दल यसलाई मान्न तयार छैनन्।

गत वैशाखको स्थानीय निर्वाचनमा ठूलो दल

» पृष्ठ ९ मा क्रमशः



### ■ जसपाको जोड ०७४ को आधार

जसपा मूलतः ०७४ को निर्वाचनको आधारमा मधेसमा सिट बाँडफाँड चाहन्छ। ०७४ को निर्वाचनमा राजपा १०, संघीय समाजवादी फोरम नौ, कांग्रेस ६, माओवादी पाँच र एमालेले दुई सिट हासिल गरेका थिए। तर, यसबीचमा भएका एकता र विभाजनपछि मधेसको हाल संसद्को अंकगणितमा फेरबदल आएको छ। जसपाले जितेका १० मध्ये हरिनारायण रौनियार निलम्बित छन् भने महिन्द्र राय यादव बाबुराम भट्टराईको नेसपामा गएका छन्। यसबाहेक लोसपा नौ, कांग्रेस ६, माओवादी पाँच र एमालेका दुई सांसद छन्।



### ■ कांग्रेस स्थानीय निर्वाचन आधारको पक्षमा

कांग्रेस स्थानीय निर्वाचनको अंकगणितलाई आधार बनाउन चाहन्छ। मधेसमा कांग्रेस स्थानीय तहमा जस्तै पहिलो शक्ति बन्ने रणनीतिमा छ। स्थानीय निर्वाचनमा मधेसमा जसपा तेस्रो बनेको थियो। १३६ पालिकामध्ये कांग्रेसले ४६, एमालेले ३०, जसपाले २५, लोसपा १४, माओवादीले नौ, एकीकृत समाजवादीले ६, जनमत पार्टीले दुई तथा तमलोपा र विवेकशील साझा पार्टी एक-एक र स्वतन्त्रले दुई पालिकामा जित निकालेका थिए।

### ■ कांग्रेस र माओवादीको प्रारम्भिक सहमति प्रस्ताव

कांग्रेस ८५-९०, माओवादी ४५-५०, जसपा र एकीकृत समाजवादी १२ देखि १५ सिट र जनमोर्चालाई एक या दुई सिट दिएर सहमति जुटाउन सकिने कांग्रेस र माओवादीको प्रारम्भिक प्रस्ताव छ। तर, जसपाले मधेसका आठ जिल्लाका ३२ मध्ये २० सिट आफूले पाउनुपर्ने दाबी पेस गरेपछि मधेसमा सिट बाँडफाँड सकसपूर्ण बनेको छ। त्यसमाथि एकीकृत समाजवादीले पाँच सिट दाबी गरेर मधेसको सिट बाँडफाँडलाई झनै पेचिलो बनाइदिएको छ। माओवादी ०७४ मै जितेका पाँच सिट आफ्नो पक्षमा पार्ने र सके थप्ने योजनामा छ। सम्मानजनक सिट बाँडफाँड नभए गठबन्धनको औचित्य नहुने भन्दै जसपा अध्यक्ष उपेन्द्र यादवले सार्वजनिक रूपमै कांग्रेस र माओवादीप्रति सार्वजनिक रूपमै असन्तुष्टि पोखेका छन्। प्रधानमन्त्री देउवा भने जुनसुकै हालतमा गलतबन्धन बचाउने पक्षमा छन्।

### ■ आज फेरि शीर्ष बैठक

बाँडफाँडको विषय टुंगो लगाउन आइतबार फेरि शीर्ष नेताको बैठक बस्ने भएको छ। शनिबारको बैठकबाट कुनै निष्कर्ष नआएपछि अर्को बैठक तय भएको हो। बैठकमा सहभागी जनता समाजवादी पार्टी (जसपा)का नेता रकम चेम्जोङले शनिबार कार्यदलका सदस्यसहित शीर्ष नेताहरूको छलफल चले पनि कुनै निष्कर्ष ननिस्किएको बताए। उनले आइतबार बिहान साढे ८ बजे शीर्ष नेताहरूको बैठक बस्ने गरी तय भएको जानकारी दिए। 'उपेन्द्रजी जनकपुरबाट काठमाडौं आउने क्रममा फ्लाइट डिले भएका कारण बैठकमा उपस्थित हुन सक्नुभएन,' उनले नयाँ पत्रिकासँग भने, 'बैठकबाट थप कुनै प्रगति भएको छैन। संख्याकै विषय मिल्न सकेको छैन। आइतबार बिहान ८ बजे शीर्ष नेताहरूको बैठक बस्नेछ।' शनिबारको बैठकमा शीर्ष नेताहरूबीच दुईपक्षीय र तीनपक्षीय छलफल भएको थियो। तर, निष्कर्षमा पुग्ने गरी छलफल हुन सकेन।

## ■ प्रतिपक्षी एमाले : लोसपा र राप्रपासँग तालमेलको गृहकार्य, मागे २०–२० सिट



● **सुवास नेम्वाङ,** उपाध्यक्ष, एमाले

लोसपा र राप्रपाका नेतासँग छलफल र भेटघाट निरन्तर भइरहेकै छ। हाम्रो अध्यक्ष आफैँ लाग्नुभएको छ। अहिले त गृहजिल्ला झापा जानुभएको छ। फर्किनेबित्तिकै तालमेलको विषय टुंगिएला।



● **राजेन्द्र लिङ्देन,** अध्यक्ष, राप्रपा

हामी अन्य राजनीतिक दलभन्दा एमालेसँग नजिक छौँ। हामीले जति सिट जित्ने गरी अर्को दलबाट मद्दत लिन्छौँ, त्यति नै सिट जित्ने गरी अर्को दललाई मद्दत गर्ने हो। तालमेल यही मोडालिटीअनुसार हुन्छ।



● **सर्वेन्द्रनाथ शुक्ल,** नेता, लोसपा

मधेसमा हामीले जितेको क्षेत्र हामीले पाउने, एमालेले जितेको क्षेत्र उसले पाउनु स्वाभाविक हो। त्यसबाहेक अन्य क्षेत्रमा कसले पाउँदा जित निकाल्न सकिन्छ, त्यो विश्लेषणका आधारमा पनि सिट बाँडफाँड हुन्छ।

**अनिल यादव**/नयाँ पत्रिका

सत्तागठबन्धनभित्र सिट बाँडफाँडको रस्साकस्सी चलिरहेका वेला विपक्षी दलहरूबीच पनि लेनदेनका संवाद जारी छन्। लोसपा र राप्रपासँग तालमेल गर्ने गृहकार्यमा एमाले छ। त्यसका लागि दुवै दल तयार रहे पनि एमालेसँग २०-२० सिटमा प्रारम्भिक दाबी गरेका छन्।

गत बिहीबार साँझ लोसपाका शीर्ष नेताको बैठकमा अध्यक्ष महन्थ ठाकुरले एमालेसँग तालमेलका लागि संवाद भइरहेको 'ब्रिफिङ' गरेका थिए। त्यही रात ठाकुर र एमाले अध्यक्ष केपी ओलीबीच बालकोटमा भेटघाट भएको लोसपा नेता सर्वेन्द्रनाथ शुक्लले पुष्टि गरे।

स्रोतका अनुसार भेटमा ठाकुरले तालमेल गर्दा लोसपाले करिब २० सिट पाउनुपर्ने दाबी गरेका छन्। '१० सिट त हामीले ०७४ को निर्वाचनमा जितेकै भइहाल्यो। त्यसबाहेक कम मतले हारेका केही ठाउँ छन्। त्योसँगै मधेसबाहेकका क्षेत्रमा पनि यसपटक हामी लड्ने तयारीमा छौँ। त्यहीअनुसार अध्यक्षले कुरा राख्नुभएको छ,' लोसपाका एक नेताले भने।

ठाकुर र ओलीबीचको भेटवार्तापछि शुक्रबार मात्रै तालमेलका लागि वार्ता गर्न एमालेबाट विष्णु पौडेल र लोसपाबाट शुक्लले जिम्मेवारी पाएका छन्। शुक्लका अनुसार मधेसमा स्वाभाविक रूपमा लोसपाको राम्रो दाबी हुने भए पनि चाँडै सहमतिमा पुग्न दुवै दल लचिलो भएर संवाद गर्ने तयारी छ।

सत्तागठबन्धनका कारण दबाबमा आएको एमालेले जसपासँग अलग्गिएको लोसपासँग सुरुदेखि नै तालमेलको प्रस्ताव गरेको थियो। तर, यहीबीचमा लोसपा भने पाँचदलीय गठबन्धनसँग जोडिने प्रयत्नमा थियो। वार्ता गर्न लोसपा अध्यक्ष महन्थ ठाकुरसहित राजेन्द्र महतो, शरत् सिंह भण्डारीलगायत नेता प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट्न बालुवाटार नै पुगेका थिए।

» पृष्ठ ९ मा क्रमशः

# दार्चुला बाढीपहिरोमा पाँचको मृत्यु, १० बेपत्ता

- आठ घाइतेको हेलिकोप्टरमार्फत उद्धार
- सय परिवार प्रभावित, तीन मन्त्री राहत बोकेर दार्चुलामा
- गत वर्ष पनि दार्चुलामा बाढीपहिरोको क्षति, तर पीडितले पाएनन् राहत

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

दार्चुलाको लास्कु खोला र महाकाली नदीमा आएको बाढी तथा नौगाडमा खसेको पहिरोमा पाँचको मृत्यु भएको छ। १० जना बेपत्ता भएका छन्। शुक्रबार मध्यरातिदेखि आएको बाढी र पहिरोमा परेर नौगाड गाउँपालिकाका तीन र महाकाली नगरपालिकाका दुईको मृत्यु भएको हो।

मृत्यु हुनेमा महाकाली- २ का ७७ वर्षीय नन्दराम बोहरा, महाकाली- ३ डुङरीकी ३५ वर्षीया मानमती कार्की, नौगाड- १ का ३७ वर्षीया जानकी ठगुन्ना र १५ वर्षीया धनुली ठगुन्ना तथा नौगाड- २ का ६८ वर्षीय मोहनराम पार्की छन्।

मानमती कार्कीको शव महाकाली- ५ स्थित नमस्कारनजिकै भेटिएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका इन्स्पेक्टर जगत गाहामगरले बताए। उनको परिवार डुङरीमा व्यवसाय गर्दै आएको थियो। मानमतीका श्रीमान् धनसिंह कार्की तथा दुवै छोरा दीपक र दिनेश बाढीमा बेपत्ता छन्। गत वर्ष महाकालीको बाढीले कार्कीको पसलमा मात्रै क्षति पुऱ्याएकोमा अहिले मानवीय क्षति नै निम्त्यायो।

» पृष्ठ ९ मा क्रमशः



महाकालीको कटानमा परेका वस्ती

### ■ दुहुँ-खलंगा सम्बन्ध विच्छेद

महाकाली नदी र लास्कु खोलामा आएको बाढीले जिल्ला सदरमुकाम खलंगा हुँदै दुहुँ-व्याँस जोड्ने सडक अवरुद्ध भएको छ। दार्चुला-तिंकर सडकअन्तर्गत रिंगलतालदेखि कलौनभिरसम्म सडक अवरुद्ध भएको हो। दुहुँ गाउँपालिका र महाकाली नगरपालिका जोड्ने यो सडक बगाएपछि उक्त क्षेत्रका बासिन्दालाई आवतजावतमा समस्या भएको छ। लास्कु खोलामाथिको मोटरेबल र झोलुङ्गे पुल नै बगाएको छ। महाकाली- ४ बंगाबगड हुँदै वडा नम्बर १ छापरी जाने पुल पनि बगाएको छ।

बाढीपहिरोमा दुई विद्यालय भत्किएका छन्। महाकाली नगर क्षेत्रको पन्डोरास्थित भुवनेश्वरी आधारभूत विद्यालय पन्डोरा र बंगाबगडस्थित दशरथनगर आधारभूत विद्यालयमा क्षति पुगेको हो। त्यस्तै, डुङरीस्थित दार्चुला बहुमुखी क्याम्पसको आवासगृह पनि जोखिममा रहेको प्रहरीले जनाएको छ। रातिको बाढीले दार्चुला-तिंकर सडकछेउमा पार्किङ गरिएका जिप पनि बगाएको छ। ६ बोलेरो, एक ट्र्याक्टर, ग्वालेक निर्माण सेवाको एउटा क्रसर मेसिन र एउटा जेसिभी बगाएको छ। महाकाली र नौगाडमा गरी दुई सय ६३ पशुचौपाया मरेका छन्।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

### कर्नर किक
● रवि मिश्र




चिनियाँ जनकंग्रेसका अध्यक्ष नेपाल आउँदै
## चारदिने भ्रमणमा सोमबार काठमाडौं पुग्दै

नयाँ पत्रिका





अध्यक्ष **ली चाङसु**

सभामुख अग्निप्रसाद सापकोटाको निमन्त्रणामा चीनका राष्ट्रिय जनकंग्रेसको स्थायी समिति अध्यक्ष ली चाङसु सोमबार नेपाल भ्रमणमा आउँदै छन्। चारदिने नेपाल भ्रमणमा आउन लागेका चीनका राष्ट्रिय जनकंग्रेसको स्थायी समिति अध्यक्ष लीले उच्चस्तरीय भेटघाट गर्ने कार्यसूची छ।

राष्ट्रिय जनकंग्रेसको स्थायी समिति अध्यक्ष ली र सभामुख सापकोटाबीच गत २४ चैतमा भएको भर्चुअल संवादमा आपसमा अनुकूल समयमा भ्रमण गर्ने निम्तो आदानप्रदान गरेका थिए। दुवै मुलुकका विधायिकीबीच यस्ता भ्रमण र विचार आदानप्रदानले थप घनीभूत सम्बन्ध स्थापना हुने उनीहरूको निष्कर्ष थियो। सभामुख सापकोटाको निमन्त्रणाअनुसार परराष्ट्र मन्त्रालयले भ्रमणको प्रक्रिया सुरु गरेको थियो।

भ्रमणका क्रममा सभामुख सापकोटा र लीबीच समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रमसमेत छ। संसद् सचिवालयका अनुसार भ्रमणमा संसदीय अनुभव साटासाट र प्राविधिक सहयोगसम्बन्धी पत्रमा हस्ताक्षर हुनेछ। संसद् सचिवालयका प्रवक्ता रोजनाथ पाण्डेले भ्रमणमा दुई देशका सभामुखबीच द्विपक्षीय वार्ता,

» पृष्ठ ९ मा क्रमशः



भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०५/२६ गते ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था बमोजिम नेपाल सरकार र प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेशबाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) ढुंगा, गिटी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा गाउँ कार्यपालिकाको निर्णयानुसार देहायको शीर्षकहरूमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७९/८० को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरूले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र E-bidding मार्फत यस कार्यलयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७९/८० को लागि निर्धारण गरिएको संकलन तथा विक्री परिमाण (घन मि ) | आ.व. २०७९/८० को लागि निर्धारण गरिएको ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा घाटगद्दी न्यूनतम दररेट (प्रति घन मि) | कुल न्यूनतम अंक रु. (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|---|
| BRM/NCB/IR/01/079/080 | वडा नं १ बाधा बगर | १५११८।५९३ | ३१७।८८ | रू ४८०५८७६।१७ | रू ५,०००/- | कुल कबोल अंकको ५% ले हुन आउने रकम वा कम्तिमा बोलपत्र खोलेको दिनबाट १८० दिन म्याद भएको बैंक जमानत |
| BRM/NCB/IR/02/079/080 | वडा नं ८ बन्देउ मुनिको बगर | १६४९५।४३० | ३१७।८८ | रू ५२४३५१४।६२ | रू ५,०००/- | |
| | वडा नं १ सिलामे बगर | २६४९४।२२१ | ३१७।८८ | रू ८४२१९४४।०२ | | |
| BRM/NCB/IR/04/079/080 | वडा नं ७ आमथलि बगर | २७४२१।१२४ | ३१७।८८ | रू ८७१६५८६।६६४ | रू ५,०००/- | |
| | वडा नं ७ पाटी बगर | ११४२०।७५१ | ३१७।८८ | रू ३६३०४११।७०८ | | |
| BRM/NCB/IR/05/079/080 | वडा नं ८ डुम्रे बगर | २६९६२।६०२ | ३१७।८८ | रू ८५७०८३२।५२९ | रू ५,०००/- | |
| BRM/NCB/IR/06/079/080 | वडा नं ८ सिस्नेरी बगर | ४०५४०।४११ | ३१७।८८ | रू १२८८६९२६।२५ | रू ५,०००/- | |
| BRM/NCB/IR/07/079/080 | वडा नं ९ देउपाले बगर | १८९२३।०३ | ३१७।८८ | रू ६०१५२२६।७७ | रू ५,०००/- | |
| | वडा नं ९ काफ्लेका गर्तिला बगर | २२२६३।८१५ | ३१७।८८ | रू ७०७७१८८।८२ | | |
| BRM/NCB/IR/09/079/080 | वडा नं १० डडुवा बगर | ४७३७६।७२२ | ३१७।८८ | रू १५०६००४२।८६ | रू ५,०००/- | |

**ठेक्का सम्बन्धी शर्तहरू :-**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कुल कवोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा स्पष्ट रूपमा नलेखिएमा उक्त बोलपत्र स्वतः रद्ध हुनेछ । उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अंक बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ । अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
२. ठेक्का अवधी गाउँपालिकासंग सम्झौता भएको मिति देखि २०८० साल आषाढ मसान्त सम्म रहनेछ । ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन । साथै IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा वढी तथा निषेध गरेको अवधि एवं तोकिएको नदी क्षेत्रबाट बाहेक सामाग्री उत्खनन् गर्न पाइने छैन ।
३. माथि उल्लेखित ठेक्काको कबोल अंकमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ ।
४. धरौटी बापत कबोल गरेको अंकको (मु.अ.कर सहित) ५ प्रतिशत रकम यस कार्यालयको **नबिल बैक लि., भुम्लु शाखा, सल्ले स्थित रहेको ग-३ धरौटी खाता नं. २१५०१०१७५०००२२** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १८० दिन सम्म म्याद भएको "क" वर्गको बैंकबाट जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिने छैन । बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **नबिल बैंक नेपाल लि. भुम्लु शाखा सल्लेमा रहेको ग-१.१ आन्तरीक राजश्व खाता नं. २१५०१०१७५०००४५** मा दाखिला गर्नुपर्नेछ ।
६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
८. ठेक्कामा कुनै विवाद भएमा भुम्लु गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
९. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ ।
१०. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्र खरिद गरी मिति २०७९।०६।२६ गते दिनको १२:०० बजे भित्र विद्युतिय माध्यमबाट पेश गर्न पर्नेछ । साथै उक्त सूचना भुम्लु गाउँपालिकाको वेभसाइट www.bhumlumun.gov.np मा राखिएको छ र ठेक्काको बोलपत्र फाराम PPMO को वेभसाइट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत पेश गर्न सकिनेछ । प्राप्त बोलपत्रहरू सोही दिन दिनको १:०० वजे भुम्लु गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।
११. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी, बोलपत्र दस्तुर तिरेका भौचर, बैक ग्यारेन्टि वा धरौटी रकम जम्मा गरेको भौचर र आ व २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्र दाता व्यक्ति हुदाँ नागरिकताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
१२. बोपत्रदाताले कबुल रकम EGP मा भरेर तथा कार्यालयबाट प्रमाणित फारम भरी सहिछाप गरी Scan गरी Upload गर्नुपर्नेछ । साथै EGP र Scan फाइल फरक पर्न गएमा Upload गरिएको Scan फाइललाई मान्यता दिईने छ ।
१३. बोलपत्र फारामहरू दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट दाखिला गर्ने, खोल्ने कार्य गरिनेछ ।
१४. यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरूका प्रत्येक बुदांहरू यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।
१५. बोलपत्र स्वीकृत भएपछि कुनै पनि मिनाहा छुट दिइने छैन । तोकिएको मितिमा सम्झैता गर्न नआएमा जमानत रकम जफत गरी नियमानुसार कारवाही गरिने छ ।
१६. अन्य कुराहरू यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
१७. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरू पुरा नभएका बोलपत्रहरू मूल्यांकनमा समावेश गरिने छैन ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरू**

१. ठेक्का सम्झैता गर्न आँउदा बोल कबोल रकमको पहिलो किस्ताको पहिलो ३५ प्रतिशत (भ्याट सहित) किस्तामा बुझाउनुपर्नेछ । बाँकी रकमको ६५ प्रतिशत (भ्याट सहित) कार्य सम्पादन जमानत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको मिति २०८० साल भाद्र मसान्त सम्म म्याद भएको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी पट्टा दिइनेछ ।
२. ठेक्का सम्झैता भएको मिति देखी २०८० साल जेष्ठ मसान्त सम्म IEE मा तोकिए बमोजिको परिमाण उत्खनन् गर्न पाइनेछ । साथै विकी वितरण असार मसान्त सम्मको लागी कायम रहेने छ ।
३. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंकको ३५ प्रतिशतले हुन आँउने कम । (भ्याट सहित) |
| दोश्रो | २०७९ साल पौष मसान्त भित्र | कबोल अंकको ३५ प्रतिशतले हुन आँउने रकम । (भ्याट सहित) |
| तेश्रो | २०८० जेठ मसान्त सम्म | कबोल अंकको बाँकी ३० प्रतिशत रकम । (भ्याट सहित) |

४. ठेक्का कबोल गर्ने ठेकेदारले भुम्लु गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा विक्री तर्फका रसिदहरू ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरू यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।
५. ठेकेदारले उठाउने ढुङ्गा गिट्टी बालुवा कर शुल्क गाउँपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ,। साथै उक्त बगर क्षेत्रमा जाने बाटो अवरूद्ध भएमा ठेकेदारले स्वयमले बाटो मर्मत गरी संन्चालन गर्नु पर्नेछ र दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।
६. भुम्लु गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।
७. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।
८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । पहिलो, दोस्रो र तेस्रो किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।
९. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।
१०. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
११. भुम्लु गाउँपालिका भित्रका ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण मात्र उत्खनन गर्न पाईनेछ ।
१२. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।
१३. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।
१४. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा विक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरू ठेक्का लिने पक्षले पूर्ण रूपले पालना गर्नुपर्नेछ ।
१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरूको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरूको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
१६. नेपाल सरकार, प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७७ तथा मापदण्ड २०७७ मा भएको व्यवस्थालाई पूर्ण रूपमा पालना गर्नुपर्नेछ ।
१७. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# कंक्रिट भवनले सुन्धारालाई सुकायो

## कृत्रिम प्रणालीबाट पानी ल्याउन लागेको भन्दै पुनर्निर्माण रोकियो

**शिवहरि घिमिरे/नयाँ पत्रिका**
काठमाडौं, २५ भदौ

काठमाडौंको धरहरानजिकै रहेको मल्लकालीन सुन्धारा (सुनको धारा)मा करिब २५ वर्षअघिसम्म पनि बाह्रैमास पानी आउँथ्यो । वसन्तपुरदेखि भोटेबहालसम्मका बासिन्दा सुनको धाराको पानी ग्रागीमा बोकेर लैजान्थे । आसपासका बासिन्दा धारामै गएर नुहाउँथे, ओहोरदोहोर गर्नेहरू तिर्खा लागे सुन्धाराकै पानी पिउँथे । तर, दुई दशकअघिको त्यो दृश्य अहिले मेटिएको छ । कलकल पानी आउने सुन्धाराको अस्तित्व नै संकटमा परेको छ । सुनको लेपन भएका पाँचवटा धारमध्ये दुईवटा त हराइसकेका छन् । बाँकी रहेका तीनवटाको पनि सुनको लेपन उप्किएको छ । वसन्तपुरका गौतम शाक्यले भने, 'हामी सानोमा नुहाउन र खानेपानी लिन त्यहीँ जान्थौँ, अग्ला भवन बनेपछि सुन्धारा सुक्यो, पाँच धारामध्ये दुइटा त हराई नै सके ।'

उनका अनुसार सुन्धारा सुक्नुको प्रमुख कारण आसपासमा बनेका अग्ला कंक्रिट भवन नै हो । २५ वर्षयता बनेका काठमाडौं मल र धरहराको बाहिरपट्टिका होटेलहरूले सुन्धारामा पानी बग्न छाडेको हो ।

नयाँ भवनहरूको जग खन्दा सुनधाराको भूमिगत पानी प्रणाली नै बिथोलियो । जसका कारण धारामा पानी आउन छाडेको स्थानीयको भनाइ छ । १५ वर्षअघिसम्म बर्खायामभरि धारामा पानी आउँथ्यो । पछिल्ला केही वर्षदेखि त वर्षामा पनि पानी आउन छाडेको काठमाडौं महानगरपालिका-२३ का पूर्ववडाध्यक्ष पवित्र बज्राचार्यले बताए । उनले त अझ सुन्धारा सुक्नुको खास कारण काठमाडौं मल भएको बताए । 'काठमाडौं मल बनेपछि सुन्धारामा पानी आउन छाड्यो । त्यसवेला काठमाडौं महानगरका मेयर केशव स्थापित थिए,' उनले भने, 'सुन्धारा तथा यस क्षेत्रका ढुंगेधाराको पानीको स्रोत भनेको रानीपोखरी र टुँडिखेल हो, यो पनि साँघुरियो ।'

०७२ सालमा गएको भूकम्पले सुन्धाराको बाहिरी संरचनामा समेत असर पारेको थियो । पुराना पर्खाल र भुइँमा बिछ्याएका ढुंगा भूकम्पले चर्काएको थियो । त्यसलाई मर्मत-सम्भार गरेर सुन्धारामा पानी खसाल्नेसहितको योजना अघि सार्न स्थानीयले काठमाडौं महानगरपालिकालाई ध्यानाकर्षण गराएका थिए । यद्यपि, धरहरा पुनर्निर्माणमा विवाद बढेपछि तीन वर्षअघि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले धरहरा पुनर्निर्माण कार्ययोजनाभित्र समेटेर सुन्धारा मर्मत गर्न ठेकेदार कम्पनीलाई जिम्मा दियो । तर, ठेकेदार कम्पनीले हालसम्म पनि सुन्धारा पुनर्निर्माण अघि बढाएको छैन ।

### ■ अग्ला भवन सुन्धारा र ढुंगेधाराका बाधक

उपत्यकाका केही ढुंगेधारामा अझै पानी आउँछ । पहिले पानी नआउने ढुंगेधारालाई पनि पानी आउने गरी ब्युँताइएको छ । तर, सुन्धारा र वसन्तपुर क्षेत्रमा रहेको सबैजसो ढुंगेधारा सुकेका छन् । यस क्षेत्रमा ढुंगेधारामा पानी आउन छाड्नुको मुख्य कारण अग्ला र अन्डरग्राउन्डसहितका नयाँ भवन हुन् । डिप बोरिङ र अन्डरग्राउन्डसहितका भवनले ऐतिहासिक महत्त्व बोकेको सम्पदालाई नै खतरामा पारेको छ । ती भवनले ढुंगेधाराको पानीको स्रोत नै खलबल्याएको संस्कृतिविद् हरिराम जोशीले बताए । 'सुनको धाराबाट कलकल पानी आउने धारा इतिहास हो, सर्वप्रथम काठमाडौंको सुन्धारालाई जीवित राख्नुपर्थ्यो,' उनले भने, 'सहरमा नयाँ-नयाँ भवन बन्दै जाँदा ढुंगेधारामा पानी आउन छाड्यो, आधुनिक विकासले परम्परागत पानी प्रणालीलाई ख्याल गरिएन ।' उनका अनुसार यो ठाउँको नामकरण पनि सुन्धाराबाटै भएको हो । तर, सुन्धाराकै अस्तित्व अहिले संकटमा छ ।



सुन्धारास्थित धरहरा परिसरभित्र जीर्ण अवस्थामा रहेको ऐतिहासिक सुन्धारा । तस्बिर : नयाँ पत्रिका

### सुन्धाराको पुरानो निकासामा जोड्न सकिन्न



● **सञ्जय नकर्मी**, म्यानेजर, जिआई इपिसी रमण कन्स्ट्रक्सन

सुन्धाराबाट भुइँमा खसेको पानी कता बगाउने भन्नेमा विवाद हुँदा काम अघि बढ्न सकेको छैन । सुन्धाराको पुरानो निकास टुकुचा खोलामा जोडेको रहेछ, तर अहिले यसमा जोड्न सकिन्न । टुकुचामा जोड्न २७ फिट गहिरो खन्नुपर्छ, त्यो सम्भव छैन, हामीले वसन्तपुर क्षेत्रमा एउटा पुरानो ढल पाइप भेटेका छौँ, त्यसैमा जोड्ने भनेका छौँ ।

### पुनर्निर्माणमा ठेकेदारको मनोमानी चल्न दिँदैनौँ : स्थानीय

वसन्तपुरका स्थानीय तथा सम्पदाप्रेमी गणपतिलाल श्रेष्ठले कंक्रिट भवन बनाउने ठेकेदार कम्पनीलाई ऐतिहासिक सम्पदा पुनर्निर्माणको जिम्मा दिँदा मौलिकता भत्कने डर देखिएको बताए । 'सुन्धारामा ठेकेदार कम्पनीले आफूअनुकूल पुनर्निर्माण गर्न पाउँदैनन्,' श्रेष्ठले भने, 'यदि ठेकेदार कम्पनीले बनाउने नै हो भने पनि स्थानीयको रोहबरमा नै पुनर्निर्माण गर्नुपर्छ ।'

### ■ सुन्धारामा पुरानै प्रणालीमा अब पानी खसाल्न सकिँदैन

सुन्धारा मर्मतको जिम्मा पाएको कम्पनी जिआई इपिसी रमण कन्स्ट्रक्सनका प्रोजेक्ट म्यानेजर सञ्जय नकर्मीले सुन्धारामा पुरानै प्रणालीअनुसार पानी ल्याउन नसकिने बताए । 'हामीले ठेक्का सम्झौता गर्दा पनि पुरानै प्रणालीबाट पानी ल्याउने भनेका छैनौँ,' उनले भने, 'कुनै रिजर्भ ट्यांकी बनाएर त्यसको पानी धारामा खसाल्ने सम्झौता भएको हो । तर, स्थानीयले त्यसलाई मान्नुभएन ।'

### ■ ललितपुरको सुन्धारामा अझै आउँदै छ पानी

उपत्यकाका तीन स्थानमा सुन्धारा छन् । एउटा धरहरानजिक, अर्को भक्तपुरको तलेजु मन्दिरछेउ र अर्को पाटनको तलुजे मन्दिरनजिक । तर, यीमध्ये भक्तपुर र काठमाडौंको सुन्धारामा पानी आउँदैन । ललितपुरको पाटनमा रहेको सुन्धारामा भने बर्खाभरि पानी आउँछ । तीन जिल्लामा बनाइएका सुन्धारामध्ये सबैभन्दा महत्त्वपूर्ण काठमाडौंकै मानिन्छ । किनकि, यहाँ एकै ठाउँ पाँचवटा सुनका धारा थिए । तर, त्यसमध्ये अहिले तीनवटा मात्रै छन् । करिब २० वर्षअघि चोरिएका दुईवटा सुन्धारा अझै भेटिएका छैनन् ।

### ■ धाराको पानी निकासबारे विवाद हुँदा कामै रोकियो

सुन्धाराबाट खसेको पानी ढलमा जोड्ने विषयमा विवाद भएपछि स्थानीयले सुन्धारा पुनर्निर्माण रोकेका छन् । परम्परागत बाटोबाट निकास गर्न माग राख्दै स्थानीयले काम अघि बढ्न नदिएका हुन् ।

तर, ठेकेदार कम्पनीले सुन्धाराबाट बगेको पानीको निकास ढलमा जोडिदिने जनाएको छ । यही विषयमा विवाद भएपछि काम अघि बढ्न नसकेको ठेकेदार कम्पनीका प्रोजेक्टर म्यानेजर सञ्जय नकर्मीले बताए । उनले सुन्धाराबाट भुइँमा खसेको पानी कता बगाउने भन्नेमा विवाद हुँदा काम अघि बढ्न नसकेको जानकारी दिए । 'सुन्धाराको पुरानो निकास टुकुचा खोलामा जोडेको रहेछ, तर अहिले यसमा जोड्न सकिन्न,' उनले भने, 'टुकुचामा जोड्न २७ फिट गहिरो खन्नुपर्छ, त्यो सम्भव छैन, हामीले वसन्तपुर क्षेत्रमा एउटा पुरानो ढल पाइप भेटेका छौँ, त्यसैमा जोड्ने भनेका छौँ ।' तर, ठेकेदार कम्पनीले पानीको निकासलाई गलत प्रणालीमा जोड्न थालेको भन्दै स्थानीयले सुन्धाराको पुनर्निर्माण अघि बढ्न दिएका छैनन् ।

### ■ लेपन लगाउन एक किलो सुन लाग्ने

सुन्धारामा सुनको लेपन पनि गर्नुपर्नेछ । यसअघि लेपन गरिएको सुन खुइलिएको छ । त्यसमा लेपन गर्न एक किलो सुन खर्च हुने ठेकेदारको अनुमान छ । करिब ६० लाखको सुन लाग्न सक्ने स्टिमेट ठेकेदार कम्पनीको छ । यसबाहेक सबै सामान पुरानै भएकाले त्यसलाई मिलाएरै राख्ने र पानीको निकास मात्रै निकाल्ने काम रहेको ठेकेदार कम्पनीले जनाएको छ । पुरानो सुनको लेपन भएकै ठाउँमा नयाँ लेपन गरिनेछ । ठेकेदार कम्पनीले पाँचवटै सुनको धारामा जलप लगाउने सम्झौता गरे पनि दुईवटा धारा हराइसकेका छन् ।

## ■ समय बजीमा पूजा



यन्या पुन्ही मनाउन नेवारी समुदायले काठमाडौंको तारकेश्वर नगरपालिका- १० मनमैजुको नासलचोकमा बनाएको समय बजीमा पूजा गर्दै सर्वसाधारण । तस्बिर : रासस

## भट्टराईको 'इजोरिया' लोकार्पण



**काठमाडौं**/ सुबिन भट्टराईको नयाँ उपन्यास 'इजोरिया' लोकार्पण भएको छ । 'किताब जात्रा'का अवसरमा आयोजित कार्यक्रममा 'इजोरिया' लोकार्पण गरिएको हो ।

कार्यक्रममा सहभागी दर्शकलाई नै पुस्तक प्रदर्शन गर्न लगाएर पुस्तक सार्वजनिक गरिएको थियो । फरक किसिमले पुस्तक लोकार्पण गर्न यस्तो शैली अपनाइएको प्रकाशक फाइनप्रिन्टले जनाएको छ । कार्यक्रममा लेखक भट्टराईसँग कवयित्री अस्मिता गौतमले अन्तर्संवादसमेत गरेकी थिइन् । साथै, उक्त अवसरमा गायिका समृद्धि राईले सांगीतिक प्रस्तुतिसमेत दिएकी थिइन् । उपन्यास 'समर लभ' र 'साया'का लेखक भट्टराईले पछिल्लो समय आफ्नो लेखनमा थप विविधता ल्याइरहेको प्रकाशक फाइनप्रिन्टका अजित बरालले बताए ।

## पशुपतिनाथ क्षेत्रका अवैध संरचना हटाइए

**काठमाडौं**/ काठमाडौं महानगरपालिकाले पशुपतिनाथ क्षेत्रका अवैध संरचना हटाएपछि अहिले यहाँ सुन्दर र खुला देखिएको छ । जथाभावी बनाइएका अवैध संरचना र बाटोभरि राखिएका पसल हटाएपछि पशुपतिनाथ क्षेत्र सुन्दर र खुला भएको हो । पशुपति क्षेत्रमा राखिएका पसल र संरचनाले दर्शनार्थीलाई अप्ठ्यारो पारेपछि महानगरपालिकाले शुक्रबारदेखि संरचना र पसल हटाएको हो । संरचना र पसल हटेपछि पशुपतिनाथ दर्शनमा निकै सहज भएको कैलालीबाट पशुपतिनाथ दर्शन गर्न आएका भक्तजन हिक्मतबहादुर साउदले बताए । संरचना हटेपछि अब फूल, प्रसाद बिक्री व्यवस्थित गरिने पशुपति क्षेत्र विकास कोषका अध्यक्ष नारायण सुवेदीले बताए । उनले भने, 'पशुपतिनाथ दर्शनका लागि आउने भक्तजनको सहजताका लागि हामीले फूल, प्रसाद बिक्री गर्ने पसल पनि बनाएका छौँ, अव्यवस्थित पसललाई व्यवस्थित रूपमा सटरमा राख्न सुरुवात भएको छ ।'

## शनिबार उपत्यकामा

**बबरमहल** : देशभर आंशिकदेखि सामान्य बदली रही अझै केही दिन वर्षा हुने भएको छ । जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले देशभर आंशिकदेखि सामान्य बदली रही अझै केही दिन अधिकांश स्थानमा वर्षाको सम्भावना रहेको बताएका छन् । 'आगामी सोमबारदेखि मनसुन थप सक्रिय हुने देखिएको छ,' उनले भने । मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा केही दक्षिणतिर अवस्थित छ । हाल देशभर आंशिकदेखि सामान्य बदली रही लुम्बिनी र गण्डकी प्रदेशका थोरै स्थानमा मेघगर्जन-चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ र बाँकी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षा भइरहेको छ ।

**सिंहदरबार** : यस वर्षको दसौँ राष्ट्रिय विज्ञान दिवसका लागि 'विज्ञान र प्रविधिमा लगानीको विस्तारः समुन्नति र समृद्धिको आधार' नारा तय भएको छ । हरेक वर्ष १ असोजमा मनाइने दिवसका लागि यस वर्ष पनि उक्त नाराका साथ साताव्यापी रूपमा कार्यक्रम सञ्चालन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयारी गरेको हो । सोका लागि मन्त्रालयले प्रदेश र स्थानीय तह तथा सम्बन्धित क्षेत्रमा समन्वय र संयोजन गरिरहेको जनाइएको छ ।

**दक्षिणकाली** : दक्षिणकाली नपा-५, फर्पिङबाट दुई किलो पाँच सय ग्राम अवैध लागुऔषध गाँजासहित २८ वर्षीय भारतीय नागरिक राजु रामलाई प्रहरीले पक्राउ गरेको छ । उनी शुक्रबार दिउँसो पक्राउ परेका हुन् । हेटौँडाबाट काठमाडौंतर्फ आउँदै गरेको ना.१ज ५५२३ नम्बरको जिप चेकजाँच गर्ने क्रममा उनलाई प्रहरीले पक्राउ गरेको हो । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

**जडीबुटी** : प्रहरीले जडीबुटीबाट नियन्त्रित लागुऔषध फेनारगन, डाइजेपाम र ब्रुप्रेनोर्फिनसहित सप्तरीको खडक नपा-८ का २९ वर्षीय दीपेन्द्र सरदार र कञ्चनपुरको कञ्चनपुर नपा-९ का २३ वर्षीय सुरज सरदारलाई प्रहरीले पक्राउ गरेको छ । उनीहरूको साथबाट दुई हजार १३ एम्पुल बरामद भएको प्रहरीको भनाइ छ । प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनीहरूका साथबाट ५४ हजार रुपैयाँ पनि बरामद भएको छ ।

**बुढानीलकण्ठ** : बुढानीलकण्ठ नपा-२, माथिल्लो भंगाल बस्ने म्याग्दी रघुगंगा गापा-३ का ७६ वर्षीय हेमबहादुर मल्ललाई घरकै इनारमा मृत अवस्थामा फेला पारिएको छ । प्रहरीका अनुसार उनको इनारमा डुबेर मृत्यु भएको हो । घटना सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# पुल्चोक मन्त्रीनिवासको ७१ रोपनी जग्गा र भवन
# अब गेस्टहाउस कि इभाकुएसन पार्क ?

## ०७९/८० को बजेट कार्यान्वयनमा गइसक्दा पनि पुल्चोकको मन्त्री क्वार्टर भएको क्षेत्रमा के बन्छ भन्ने टुंगो लागेको छैन

**यम बम/नयाँ पत्रिका**
**काठमाडौं, २५ भदौ**

ललितपुरको भैंसेपाटीमा मन्त्री क्वार्टर बनेपछि आगामी असारबाट पुल्चोकका क्वार्टर खाली हुँदै छन् । तर, ७१ रोपनी चर्चेको यो जग्गामा स्टेट गेस्ट हाउस बनाउने कि इभाकुएसन पार्क भनेर सहरी विकास मन्त्रालयमा माथापच्ची चलिरहेको छ ।

भैंसेपाटीमा हेल्थ क्लबसहितको नयाँ मन्त्री क्वार्टर निर्माण थालिएसँगै पूर्ववर्ती सरकारले हालको मन्त्री क्वार्टरलाई राजकीय अतिथि गृह (स्टेट गेस्ट हाउस) बनाउने घोषणासहित २० लाख खर्चेर डिजाइन पनि तयार गराएको थियो । सरकार फेरिएसँगै योजना पनि फेरियो । गत आवको प्रतिस्थापन बजेटमा खुला क्षेत्र कायम गर्न उद्यान बनाउने निर्णय भयो । त्यसपछि तत्कालीन सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले 'डिटेल इन्जिनियरिङ स्टडी' पनि गराइन् । 'त्यहाँको नौ रोपनी क्षेत्रमा अहिले नै पार्क बनाउन मिल्छ । त्यही भएर बजेटमा इभाकुएसन पार्कको अवधारणा राखिएको हो,' झाँक्रीले भनिन्, 'विपद् आउँदा एक-दुई हजार मान्छे एक ठाउँ खुला क्षेत्रमा अट्न सक्ने स्थिति छैन, त्यही भएर खुला क्षेत्र नै बन्नुपर्छ भन्नेमा लगभग निश्चित भइसकेको थियो ।'

तर, ०७९-८० को बजेट कार्यान्वयनमा गइसक्दा पनि ७१ रोपनी क्षेत्रमा के बन्छ अझै टुंगो लागिसकेको छैन । हालका सहरी विकासमन्त्री मेटमणि चौधरीले भने गेस्ट हाउसमा झुकाव देखाएका छन् । 'निर्णय भइसकेको छैन, तर विदेशी पाहुना आउँदा गेस्ट हाउस चाहिन्छ भन्ने छ । यो ठीक हुन्छ कि जस्तो पनि छ,' उनले नयाँ पत्रिकासँग भने । तर, खुला क्षेत्र नै बनाउनुपर्ने मत पनि रहेकाले यसबारे छलफल भइरहेको उनले बताए । भैंसेपाटीमा क्वार्टर निर्माणाधीन रहेको र पुल्चोकको क्वार्टर तत्काल खाली नहुने भएकाले निर्णयमा हतार नभएको उनले बताए ।

### ■ पोलिसी जम्प

पुल्चोकमा के बनाउने भनेर आवश्यकताभन्दा पनि सरकारपिच्छे लहडका आधारमा अगाडि बढ्न थालेपछि चालू आवमा दुवै योजना परेका छन् । गेस्ट हाउसका लागि २५ लाख रुपैयाँ विनियोजन गरिएको छ भने पुल्चोक (हाल मन्त्री क्वार्टर), लैनचौरलगायत चार स्थानमा इभाकुएसन पार्क बनाउने योजना पनि बजेटमा परेको छ । 'सरकार र मन्त्री फेरिँदा योजना फेरिरहन्छ । अहिले पनि गेस्ट हाउस र पार्क दुवैमा जोड देखिन्छ,' सहरी विकास मन्त्रालयका एक सहसचिवले भने, 'त्यही भएर दुवै योजनाका लागि बजेट छुट्याइएको छ ।'

पूर्ववर्ती सरकारले डेढ अर्ब लागतमा गेस्ट हाउस बनाउने योजना अघि सारेको थियो । सोहीअनुसार डिजाइनमा २० लाख खर्च भइसकेको छ । झाँक्री भन्छिन्, 'हाम्रोमा पोलिसी जम्मा गर्ने प्रवृत्ति छ, यो दुर्भाग्य हो । एउटा नीति, कार्यक्रम आउँछ, कार्यान्वयनमा जान पाउँदैन । फेरि प्रतिस्थापन गरेर पूर्वतयारी विना नयाँ कार्यक्रम आउँछ । पुल्चोकको हकमा कसैले खुला क्षेत्र चाहिन्न भन्न सक्दैनन् ।'

### ■ भैंसेपाटी मन्त्री क्वार्टरको काम ८१ प्रतिशत सकियो

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको विशेष भवन निर्माण आयोजनाले भैंसेपाटीमा सुविधा सम्पन्न मन्त्री क्वार्टर बनाइरहेको छ । आयोजना निर्देशक दिलीपशेखर श्रेष्ठका अनुसार ८१ प्रतिशत निर्माणको काम सकिएको छ, आगामी असारभित्र क्वार्टर सर्छ । यहाँ दुई चरणमा काम भइरहेको छ । पहिलो चरणमा एक अर्ब तीन करोड रूपैयाँको लागतमा २७ वटा मन्त्री क्वार्टर निर्माण भइरहेका छन् । दोस्रो चरणमा सुरक्षा भवन, हेल्थ क्लब, स्विमिङ पुललगायत संरचना छन्, जसको लागत ४० करोड छ । मन्त्री क्वार्टर निर्माणका लागि ०७६ कात्तिकमा श्रीको हनुमान जेभीसँग सम्झौता भएको थियो ।



ललितपुरको पुल्चोकस्थित मन्त्री क्वार्टर । तस्बिर : सतिश पोखरेल/नयाँ पत्रिका

### पुल्चोकको मन्त्री क्वार्टर सरेपछि के बनाउने भन्ने अझै टुंगो छैन

● **मेटमणि चौधरी**, सहरी विकासमन्त्री



पुल्चोकको मन्त्री क्वार्टर सरेपछि त्यहाँ के बनाउने भन्ने अझै टुंगो लागेको छैन । विदेशी विशिष्ट पाहुना आउँदा वास बस्न चाहिन्छ भनेर गेस्ट हाउस बनाउने भन्ने हो । विदेशी पाहुना आउँदा सजिलो हुन्छ । फाइनल भएको छैन । तर, यो कुरा (गेस्ट हाउस बनाउँदा) राम्रो भन्ने छ । सँगै खुला क्षेत्रको विषय पनि उठेको छ ।

### पुल्चोकमा कसैले खुला क्षेत्र चाहिन्न भन्न सक्दैनन्

● **रामकुमारी झाँक्री**, निवर्तमान सहरी विकासमन्त्री



पुल्चोक प्राइम लोकसेनबाट मन्त्री क्वार्टर सार्न हुँदैनथ्यो । सार्ने निर्णय भइसकेपछि त्यहाँ संसद् बनाउँदा हुन्थ्यो । फेरि गेस्ट हाउसको कुरा आयो । राज्यले गेस्ट हाउस चलाएर बिजनेस पाउन सक्दैन । यो निजी क्षेत्रको काम हो । सरकारले गेस्ट हाउस बनाएर निजी क्षेत्रलाई दिनुपर्ने आवश्यकता पनि छैन । खुला क्षेत्र नै उत्तम हुन्छ । खुला क्षेत्र नै बनाउनुपर्छ, पार्क बनाउनुपर्छ भन्दा कसैले विरोध गर्छजस्तो लाग्दैन ।

म मन्त्री भएर आउनुअघि नै प्रतिस्थापन विधेयकबाट खुला क्षेत्रको अवधारणा अगाडि बढाइएको हो । आएपछि मैले थप काम गरेँ, डिटेल इन्जिनियरिङ डिजाइन गराएँ । त्यहाँ नौ रोपनी जग्गा अहिले पनि खाली छ, त्यहाँ तत्काल पार्क बनाउन सकिन्छ । क्वार्टर भैंसेपाटी सरिसकेपछि त्यहाँका सबै घर भत्काएर खुला पार्क बनाउन सकिन्छ । पार्कलाई भविष्यमा कृषि, पशु विभाग रहेको क्षेत्रसम्मै जोड्न सकिन्छ । त्यही भएर इभाकुएसन पार्कको अवधारणा अगाडि सारिएको हो । विपद्का वेला एक-दुई हजार मान्छे अड्न सकिने खुला ठाउँ नै बाँकी छैन । सहरभित्र भएका खुला क्षेत्र जोगाउनुपर्छ, नभएको क्षेत्रमा थप्नुपर्छ । जहाँ खाली ठाउँ देख्यो त्यहाँ घर बनाइहाल्ने होइन । खुला क्षेत्र बनाउनुपर्छ । पछिल्ला दशकमा हामीले कहाँ-कहाँ खुला क्षेत्र बनायौँ ? काठमाडौंका नयाँ बस्तीमा खुला ठाउँ नै छैन । हाम्रोमा पोलिसी जम्मा गर्ने प्रवृत्ति छ । यो दुर्भाग्य हो । एउटा नीति, कार्यक्रम आउँछ, कार्यान्वयनमा जान पाउँदैन । फेरि प्रतिस्थापन गरेर पूर्वतयारीविना नयाँ कार्यक्रम आउँछ । पुल्चोकको हकमा कसैले खुला क्षेत्र चाहिन्न भन्न सक्दैनन् ।

## संक्षेप

### ■ सर्पले टोकेर महिलाको मृत्यु

**सर्लाही**/ हरिवन नगरपालिका- ११ बालुवाटार बस्ने ३५ वर्षकी श्यामकुमारी महतोको सर्पले टोकेर मृत्यु भएको छ । घर बनाउने ठाउँमा ज्याला मजदुरी गर्ने महतोलाई शुक्रबार गोमन सर्पले डसेको थियो । उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारका क्रममा ज्यान गएको प्रहरीले जनाएको छ । सोही स्थानका भीमप्रसाद दाहालको निर्माणाधीन घरमा काम गर्ने क्रममा उनलाई सर्पले डसेको प्रहरीको भनाइ छ ।

सर्पले डसेलगत्तै महतोलाई नवलपुरस्थित सर्पदंश उपचार केन्द्र पुऱ्याइएको थियो । सर्पको विषले महतोको शरीरमा निकै असर पुऱ्याइसकेकाले त्यहाँ उपचार सम्भव नभएपछि प्रादेशिक अस्पताल जनकपुर रिफर गरिएको थियो । उपचारका क्रममा शुक्रबार राति उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिए ।

### ■ नक्कली नोटसहित एक पक्राउ

**काभ्रे**/ प्रहरीले नक्कली नोटसहित एकजना पक्राउ गरेको छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिका- ८ का ३० वर्षीय नारायण पाख्रिन नक्कली नोट नौ हजार र सक्कली नोट एक हजारसहित पक्राउ परेको जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपानेले जानकारी दिए । इलाका प्रहरी कार्यालय मंगलटार र प्रहरी चौकी कटुन्जेबेँसीबाट खटिएको प्रहरी अधिकृतसहितको टोलीले पाख्रिनलाई रोसी गाउँपालिका- ७ बडारेगाउँबाट नक्कली नोटसहित पक्राउ गरेको उनले बताए । पाख्रिनलाई जिल्ला अदालत काभ्रेबाट अनुसन्धानका लागि म्याद थप गरी मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २२ मुद्रासम्बन्धी कसुरमा न्यायिक प्रहरी हिरासत कक्षमा राखी थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### ■ १६३ संक्रमित थपिए

**काठमाडौं**/ देशभर दैनिक कोभिड संक्रमण घट्दै गएको छ । शनिबार एक सय ६३ जनामा कोभिड संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घन्टामा पीसीआरबाट ११२ र एन्टिजेन परीक्षणबाट ५१ जनामा संक्रमण पुष्टि भएको हो । एक हजार सात सय १८ पीसीआर र दुई हजार २८ एन्टिजेन गरी तीन हजार सात सय ४६ मा कोरोना परीक्षण गरिएको थियो । यस अवधिमा थप एक सय ३० जना कोरोनामुक्त भएका छन् । संक्रमणबाट मृत्यु हुनेको संख्या शून्य छ । योसँगै सक्रिय संक्रमितको संख्या दुई हजार चार सय ३० मा झरेको छ । जसमध्ये दुई हजार तीन सय ४६ होम आइसोलेसन र ८४ जना अस्पतालमा भर्ना छन् । हाल १७ जना गम्भीर बिरामी उपचाररत छन्, जसमध्ये एकजनाको भेन्टिलेटरमा उपचार भइरहेको छ ।

### ■ आजदेखि सोह्रश्राद्ध

**काठमाडौं**/ सोह्रश्राद्ध अर्थात् पितृ पक्ष आइतबारदेखि सुरु भएको छ । पहिलो दिन प्रतिपदा र द्वितीया तिथि श्राद्ध गर्नुपर्ने नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ । प्रतिपदा तिथि श्राद्धको पिण्डदान २:१९ बजेसम्म गरिसक्नुपर्ने समितिका सदस्य एवं धर्मशास्त्रविद् प्रा.डा. देवमणि भट्टराईले जानकारी दिए । आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका १६ वटा तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले सोह्रश्राद्ध भनिएको हो । चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आश गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ । सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पूरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ ।

# गौरीगन्जका अधिकांश सामुदायिक विद्यालयमा छैन पंखा

## पसिना पुछ्दै पढ्न विवश छन् विद्यार्थी, रूखमुनि कक्षा चलाउँछन् शिक्षक



कक्षाकोठामा पंखा नहुँदा अत्यधिक गर्मीमा रूखमुनि विद्यार्थी पढाउँदै जनकल्याण आधारभूत विद्यालयकी शिक्षिका उषा विष्ट ।

● **चिरञ्जीवी घिमिरे**/नयाँ पत्रिका

झापाको गौरीगन्ज- १ जनकल्याण आधारभूत विद्यालयकी शिक्षक उषा विष्ट गर्मी मौसममा प्रायः चौरमा विद्यार्थी पढाउँछिन् । शीतल खोज्दै रूखमुनि कक्षा सञ्चालन गर्छिन् । अधिकांश कक्षाकोठा पुराना छन् । जस्ताले छाएको भवन छ । ती भवनमा पंखा छैनन् । मध्य बर्खाको गर्मी थामिसक्नु छैन । तसर्थ, बाध्य भएर कक्षाकोठाको विकल्पका रूपमा रूखमुनि विद्यार्थी पढाइँदै आएको छ ।

विद्यार्थी गर्मीका कारण कक्षाकोठामा बस्न नसक्ने भएका कारण उषासहितका शिक्षक शीतल खोज्दै रूखको छहारीमुनि विद्यार्थीलाई बोलाउँछन् । 'अत्यधिक गर्मी हुन्छ । विद्यालयमा पंखा छैन । विद्यार्थीहरू पढ्नुको सट्टा कापीले हम्कन्छन्,' चौरमा विद्यार्थी पढाउँदै गरेको अवस्थामा भेटिएकी उषाले भनिन्, 'पढाइमा ध्यान नै हुँदैन । त्यही भएर शीतलको खोजीमा रूखको छहारीमुनि कक्षा लिइरहेका छौँ ।'

जनकल्याण आधारभूत विद्यालयको कुनै पनि कक्षाकोठामा पंखा छैन । झापाको दक्षिणी क्षेत्रमा पर्ने यहाँ गर्मी अत्यधिक हुन्छ । विद्यार्थीलाई पढ्नसमेत सकस परिरहेको छ । 'गर्मीको समयमा त पढ्न गाह्रो हुन्छ । हावा चल्दा त ठिकै हो । तर, हावा नचल्दा त निकै गाह्रो हुन्छ,' जनकल्याण आधारभूत विद्यालय कक्षा ८ की विद्यार्थी निकिता सुन्दास भन्छिन्, 'स्कुलमा एउटा पनि पंखा छैन । साह्रै गर्मी हुँदा त पढाइमा ध्यान जाँदैन । निद्रा मात्र लाग्छ ।'

जनकल्याण आधारभूत विद्यालयका प्रधानाध्यापक हिमबहादुर कार्कीले दुई सय २५ विद्यार्थी पढ्ने यो विद्यालयमा कुनै पनि कक्षाकोठामा पंखा नभएको बताए । शिक्षकको कार्यालय र बाल विकास कक्षामा एउटा-एउटा पंखा भएको उनको भनाइ छ । गौरीगन्ज- १ को रामजानकी आधारभूत विद्यालय कक्षा ८ की छात्रा भारती राजवंशी नियमित विद्यालय आउँछिन् । तर, विद्यालयमा गर्मीका कारण पढाइमै ध्यान जाँदैन । जस्ताले छाएको कक्षाकोठा दिउँसो जस्ता तातिँदा बस्नै नसकिने गरी गर्मी हुन्छ । कापी तथा किताबले हम्किएर बस्नुपर्ने बाध्यता सुनाउँछिन् राजवंशी । 'कक्षाकोठामा हावा कतैबाट आउँदैन । टिन तातेर बस्नै नसकिने हुन्छ । पसिनाले कपडा नै भिज्छ । पंखा नहुँदा गर्मीले पढाइमा मन नै जाँदैन,' उनले नयाँ पत्रिकासँग भनिन्, 'किताब-कापीले हम्किन्छौँ ।'

विद्यालयका शिक्षकको कार्यालय कक्षमा भने पंखा छ । यद्यपि, विद्यार्थी पढ्ने कुनै पनि कक्षाकोठामा पंखा छैन । जसकारण पढाउँदा-पढाउँदै विद्यार्थी निदाउने समस्या पनि छ । विद्यालयका भवनहरू पुराना, साना र टिनको छानो भएका कारण अत्यधिक गर्मी हुने गरेको रामजानकी आधारभूत विद्यालयका प्रधानाध्यापक टेकनारायण राजवंशी बताउँछन् ।

इन्द्रेणी प्राथमिक विद्यालयका कुनै कक्षामा पंखा छैन । गर्मीमा बालविकासका विद्यार्थीलाई सबैभन्दा धेरै समस्या हुने गरेको छ । पढाउँदा-पढाउँदै गर्मीले बालविकासका विद्यार्थी निदाउने गरेको विद्यालयका प्रधानाध्यापक शिवकुमार मैनालीले बताए । जस्ताको छानो लगाइएका विद्यालयका विद्यार्थीलाई छानो तातिएर बस्नै मुस्किल छ । पसिना पुस्दै विद्यालयमा पढ्छन् । भारतीय सीमासँग जोडिएको गौरीगन्जका अधिकांश विद्यालयमा पंखा छैन । गौरीगन्ज गाउँपालिकामा २६ वटा सामुदायिक विद्यालय छन् । जसमध्ये केही विद्यालयले दाताको सहयोग र केहीले आन्तरिक स्रोताबाट पंखा खरिद गरेका छन्, तर सबै कक्षाकोठामा पंखा छैन । '२६ वटा सामुदायिक विद्यालयमा तीन-चारवटामा पंखा छ, बाँकीमा छैन । यस्तो गर्मीमा पंखा नहुँदा पढ्न त गाह्रो नै छ,' गौरीगन्ज गाउँपालिका शिक्षा शाखा प्रमुख टंकप्रसाद खरेलले भने ।

### जस्तापाता तातेर कक्षाकोठामा निसास्सिएपछि चौरमै पढाइ



बाजुराको बुढीनन्दा नगरपालिका- १ स्थित बाधु माध्यमिक विद्यालयका विद्यार्थी चौरमा पढ्दै ।

● हुम्लाबाट **नरजन तामाङ**

बाजुराको बुढीनन्दा नगरपालिका- १ स्थित बाधु माध्यमिक विद्यालयका विद्यार्थी हरेक दिन चौरमा पढिरहेका भेटिन्छन् । हिमाली जिल्ला बाजुरामा अत्यधिक गर्मीले विद्यालयमा छाएको जस्तापाता तातिएर उकुसमुकुस हुन थालेपछि खुला चौर पढ्न विवश छन् ।

कक्षा ३ मा अध्ययनरत पूजा बम कक्षाकोठामा गर्मीले पढ्न नसकिने भएपछि पीपलबोटमुनि पढ्ने गरेको बताउँछिन् । 'कक्षाकोठामा डेस्क-बेन्च नभएको होइन, तर दिउँसो अत्यधिक गर्मी हुन्छ । सर-मिसहरूले बाहिर पढाउनुहुन्छ,' उनले भनिन् ।

कक्षाकोठामा गर्मीले पढ्न नसकिने भएपछि खुला चौरमा बसेर पढ्दै आएको कक्षा १० मा अध्ययनरत विनिशा जोशीले बताइन् । 'कक्षाकोठामा गर्मी धेरै हुने भएकाले चौरको खुला स्थानमा शीतल खोज्दै सरहरूले पढाउनुहुन्छ,' उनले भनिन् । घाम नचर्किंदै पहिला कक्षाकोठामा पढ्ने गरे पनि दिउँसोतिर गर्मीले भित्र बस्न नसक्दा चौरको छेउमा पढ्दै आएको जोशीले बताइन् ।

बिहान कक्षाकोठामै पढाउने गरे पनि दिउँसो गर्मीले कठिन भएकाले बाहिर खुला चौरमा राखेर पढाउँदै आएको बाधु माध्यमिक विद्यालयका प्रधानाध्यापक नैनबहादुर कार्की बताउँछन् । 'पीपलको बोटमुनि शीतल हुन्छ, यतै पढाउने गरेका छौँ,' उनले भने, 'कक्षा १० मा ७४ जना विद्यार्थी छन् । कक्षाकोठा साँघुरो छ । त्यसमाथि दिउँसो जस्तापाता तातेर विद्यार्थीहरू निसास्सिएर बेहोस हुन थालेपछि बाहिर ल्याएर पढाउने गरेका हौँ ।' विद्यालयमा तीन सय ९६ जना विद्यार्थी छन् ।

# युएन मिसनमा जाने नेपाल प्रहरीको प्रशंसा भयो : आइजिपी सिंह

**काठमाडौं**/ नेपाल प्रहरीका आइजिपी धीरजप्रताप सिंह र सशस्त्र प्रहरी बलका आइजिपी राजु अर्याल संयुक्त राष्ट्रसंघको युनाइटेड नेसन्स चिफ समिट (अनकोप्स) सकेर स्वदेश फर्केका छन् । उनीहरू गत साता राष्ट्रसंघको प्रधान कार्यालय न्युयोर्कमा भएको समिटमा भाग लिन त्यसतर्फ गएका थिए ।

समिट तीन दिनसम्म चलेको थियो । आइजिपी सिंहले राष्ट्रसंघका महासचिवबाट जारी साझा एजेन्डा र 'ए-४ पी र ए-४ पी प्लस (एजेन्डा एक्सन फर पिस किपिङ)' कार्यान्वयनका सन्दर्भमा विशेष छलफल भएको बताए । समिटमा नेपालको तर्फबाट अन्तर्राष्ट्रिय शान्ति, सुरक्षा र विकासका निमित्त स्पष्ट प्रतिबद्धता व्यक्त गरिएको उनले जानकारी दिए । 'अन्य देशका प्रहरी प्रमुखहरूसँग द्विपक्षीय तथा बहुपक्षीय भेटवार्ता भयो । युएन मिसनमा सहभागिता र योगदानका सम्बन्धमा नेपाल प्रहरीको योगदानको प्रशंसा गरिएको पाएँ,' उनले भने ।

आइजिपीद्वय सिंह र अर्यालले राष्ट्रसंघअन्तर्गत डिपार्टमेन्ट अफ पिस अप्रेसनका पदाधिकारीसँग भेटवार्ता गरेका थिए । भेटपछि उनीहरू शान्ति मिसनमा महिलाको सहभागिता बढाउन सहमत भएका आइजिपी सिंहले जानकारी दिए । उनका अनुसार नेपाल प्रहरीको शान्ति मिसन 'एफपियू'अन्तर्गत 'प्रि-डेप्लोइमेन्ट भिजिट' र 'एसेसमेन्ट एडभाइजरी भिजिट'का लागि राष्ट्रसंघको टोली आगामी अक्टोबरमा नेपाल आउनेछ । त्यसबाहेक शान्ति मिसनमा नेपालको सहभागितालाई थप व्यापक बनाउन तालिम प्रशिक्षकका लागि अतिरिक्त कोटा उपलब्ध गराउने तथा प्रशिक्षण कार्यमा खटाउने र नेपालमा शान्ति मिसनसम्बन्धी अन्तर्राष्ट्रिय तालिम सञ्चालन गर्न उनीहरू सहमत भएको आइजिपी सिंहको भनाइ छ । १५ देखि १७ भदौसम्म चलेको समिटमा एक सय ८१ देशका प्रहरी प्रमुख सहभागी थिए ।



संयुक्त राष्ट्रसंघको युनाइटेड नेसन्स चिफ समिटमा सहभागी भएर शनिबार स्वदेश फर्किएका नेपाल प्रहरीका आइजिपी धीरजप्रताप सिंह ।



# आत्महत्याको चिन्ताजनक ग्राफ

## निराशा र चिन्ताका कारण जीवनको अस्तित्व नदेख्दा नेपाली समाजमा आत्महत्या गर्नेहरूको बढ्दो ग्राफ समाजका लागि चिन्ताजनक बन्दै गएको छ



● टीकाराम गौतम

अग्रलेख


नेपालमा बितेका वर्ष र खासगरी पछिल्ला दशकमा आत्महत्याको दर अनपेक्षित रूपमा बढ्दै गएको तथ्यांकले देखाउँछ। नेपाली टाइम्सले नेपाल प्रहरीको स्रोत उल्लेख गर्दै आत्महत्याको दर अघिल्ला वर्षमा वार्षिक ८.५ प्रतिशत रहेकोमा पछिल्लो वर्ष ०२०/२१ को लकडाउनको समयमा १९.४ प्रतिशत पुगेको उल्लेख गरेको छ। यस तथ्यांकले आत्महत्या दर बढदै गएको र यो नेपाली समाजको एक मुख्य सामाजिक समस्या बनेको पुष्टि गर्छ। यसले नेपालको प्राज्ञिक एवं पत्रकारिता क्षेत्रलगायत अन्य सबैको ध्यानाकर्षण गरेको छ। यसकारण पनि यसबारे केही चर्चा गर्नु र यसको कारण र न्यूनीकरणका उपायबारे चर्चा र विश्लेषण गर्नु आवश्यक छ। नेपाली समाज र राज्यले पनि त्यसको नियन्त्रणका लागि संवेदनशील भई त्यसतर्फ ध्यान दिनु जरुरी हुन्छ। नेपाली समाजमा बढ्दै गएको आत्महत्या र यसबारेका आमचासो र बहसलाई ध्यान दिँदै आत्महत्याका सामाजिक कारण र न्यूनीकरणका उपायबारे चर्चा गर्न यो आलेख तयार गरिएको हो।

नेपाली समाजमा विगत केही वर्षदेखि बढ्दै गएको आत्महत्याको दर र कारणबारे सञ्चारमाध्यम, सामाजिक सञ्जाल र आमनागरिकबीच चर्चा भएको देखिन्छ। तर, यसलाई सामाजिक तथ्यका रूपमा व्याख्या विश्लेषण नगरी यसका कारण र न्यूनीकरणका उपाय पहिचान गर्न सकिँदैन। यसकारण पनि आत्महत्याको सामाजिक पक्षबारे चर्चा हुनु सान्दर्भिक हुन्छ। सुरुसुरुमा आत्महत्यालाई नितान्त व्यक्तिगत र मनोवैज्ञानिक घटना मानिन्थ्यो। यसलाई व्यक्तिको समस्याका रूपमा लिइन्थ्यो। आत्महत्यालाई व्यक्तिगत समस्या मानिएको सन्दर्भमा समाजशास्त्री इमाइल दुर्खिमले सामाजिक तथ्यका रूपमा व्याख्या गरे। आत्महत्या व्यक्तिगत समस्या नभई यो सामाजिक घटना र समस्या हो भन्ने उल्लेख गर्दै उनले युरोपेली समाजमा उपलब्ध आत्महत्याबारेको तथ्यांकलाई सामाजिक ऐतिहासिक दृष्टिले व्याख्या विश्लेषण गरे। समाजमा हुने आत्महत्याका खास कारण वा निर्धारक तत्त्वहरू हुन्छन्। समाजशास्त्री दुर्खिमले आत्महत्या व्यक्तिगत समस्या वा कारणको उपज नभई सामाजिक संरचना वा कारणको परिणाम हो भनेका छन्।

सामाजिक एकता वास्तवमा व्यक्ति र समाजबीचको सामाजिक सम्बन्धको एक स्वरूप हो। यो सामाजिक सम्बन्ध वा एकता कहिले निकै सबल वा उच्च हुन्छ भने कहिले निकै कमजोर वा निम्नस्तरको हुन्छ। सामाजिक एकता उच्च र न्यून दुवै किसिमको हुँदा समाजमा आत्महत्या हुन्छ, तर आत्महत्याको दर र कारण भने फरक हुन्छ। दुर्खिमका अनुसार उच्च किसिमको सामाजिक एकता हुँदा व्यक्तिले अरू, समाज वा राष्ट्रको हितमा आत्महत्या गर्छ। यसलाई अरूको भलाइका लागि व्यक्तिले गर्ने आत्महत्याका रूपमा लिइन्छ। राष्ट्रिय खेलमा देशको हारमा खेलाडीले गर्ने आत्महत्या यस प्रकारको आत्महत्या हो। त्यस्तै सामाजिक एकता कमजोर वा निम्नस्तरको भएको अवस्थामा पनि व्यक्तिले आत्महत्या गर्छ। यस अवस्थामा व्यक्तिले आफू एक्लै भएको र आफ्ना लागि समाजमा कोही पनि देख्दैन र आत्महत्या गर्छ। विभिन्न तहको परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीले गर्ने आत्महत्या यस किसिमको आत्महत्या हो। आत्महत्यालाई निर्धारण गर्ने अर्को तत्त्व सामाजिक नियमन हो। सामाजिक नियमन राज्यको कानुन, सामाजिक मूल्य-मान्यतालगायत तत्त्वबाट निर्देशित र सञ्चालित हुन्छ। सामाजिक नियमनको अवस्था पनि सबल वा उच्च र कमजोर वा निम्नस्तरको हुन्छ। सामाजिक नियमन उच्च भएको अवस्थामा व्यक्तिले जे पाउँछ वा ऊसँग जे हुन्छ, त्यो उसको भाग्यमा लेखिएको वा जीवनभर भोग्नैपर्ने विषय हो भन्ने लाग्छ। यसबाट मुक्ति हुने कुनै सम्भावना वा उपाय नदेखेपछि व्यक्तिले आत्महत्याको बाटो रोज्छ।

सामाजिक नियमन कमजोर वा निम्नस्तरको भएको अवस्थामा राज्यमा विद्यमान कानुन र समाजमा विद्यमान सामाजिक मूल्य-मान्यता आदिले काम गर्दैनन् र सामाजिक कचिंगल, विसंगति वा अराजकताको अवस्था सिर्जना हुन्छ। कानुन र समाजले के गर्ने, के नगर्ने भन्ने विषयमा कुनै निश्चितता दिन सक्दैनन् र व्यक्तिको जीवन अन्योल र अनिश्चिततामा फस्न पुग्छ। यस्तो अवस्थामा व्यक्तिले आफ्नो जीवनको अस्तित्वका लागि अनुकूल वातावरण महसुस गर्दैन, जीवनको अस्तित्वको कुनै विकल्प देख्दैन र आत्महत्या गर्छ।

युरोपमा हुने आत्महत्याको ऐतिहासिक तथ्यांकबाट दुर्खिमले विभिन्न निष्कर्ष निकालेका छन्। आत्महत्याको दर विवाहितभन्दा एकल व्यक्तिमा बढी, महिलामा भन्दा पुरुषमा बढी, सामान्य नागरिक वा सर्वसाधारणभन्दा सैनिक जवानमा बढी, जाडो मौसममा भन्दा गर्मीको समयमा बढी, गाउँमा बस्नेभन्दा सहरमा बस्नेहरूमा बढी, ज्युज र क्याथोलिकमा भन्दा प्रोटेस्टेन्टमा बढी रहेको दुर्खिमले बताएका छन्। जुनसुकै किसिमको व्यक्तिले गर्ने आत्महत्या भए पनि आत्महत्या सामाजिक एकता र नियमनको सबल वा कमजोर अवस्थाका कारण सिर्जना हुने निराशा, जीवनको व्यवस्थापनमा हुने समस्या, एक्लोपनको महसुसलगायत कारणसँग सम्बन्धित हुन्छ भन्ने दुर्खिमको निष्कर्ष छ। समाजमा कुनै पनि घटनाको दर जब सामान्यभन्दा बढी हुन्छ, त्यसपछि समाज र राज्यले त्यसप्रति प्रतिक्रिया जनाउँछ र सो असामान्य घटनालाई सामान्य अवस्थामा ल्याउन प्रयत्न गर्छ। यस अवस्थामा विभिन्न किसिमको अभियान चल्छ। यस किसिमको अभियान वा आन्दोलनबाट व्यक्ति, समाज र राज्यको ध्यानाकर्षण हुन्छ र सो घटना नियन्त्रण वा न्यूनीकरणका लागि पहल हुन्छ र बिस्तारै सामान्य अवस्थामा आउँछ।




विगत केही वर्षदेखि नेपालमा बढिरहेको आत्महत्याको दरलाई पनि यस्तै किसिमको असामान्य सामाजिक घटनाका रूपमा लिन सकिन्छ। नेपाली समाजको उत्पादन प्रणाली र राज्यको राजनीतिक प्रणाली एवं सामाजिक मूल्य-मान्यता आदिमा आएको परिवर्तन र त्यसबाट सिर्जित संक्रमणकालीन सामाजिक संरचनाका कारण आत्महत्या, बलात्कार, पारिवारिक एवं सामूहिक हिंसालगायत सामाजिक सम्बन्ध र सामाजिक तथ्यमा अनपेक्षित परिवर्तन देखिएका छन्। यसकारण यसप्रति सबैको ध्यान जानु स्वाभाविक हो। किनभने, यसको नियमन गरी सामाजिक व्यवस्था र तथ्यलाई सामान्य अवस्थामा ल्याउनु व्यक्ति, समाज र राज्यको दायित्व हो। यसका लागि यस्ता घटनाको सामाजिक कारणबारे उपयुक्त चर्चा र विश्लेषण हुनु आवश्यक हुन्छ।

नेपाली समाज विगत करिब तीन दशकदेखि द्रुत परिवर्तनको संक्रमणकालीन अवस्थामा छ। यस्तो अवस्थामा नेपाली समाजको सामाजिक एकता र सामाजिक नियमन दुवै कमजोर वा निम्नस्तरको अवस्थामा रहेका छन्। एकातर्फ देशमा राजनीतिक परिवर्तन भएको छ भने अर्कातिर सूचना र प्रविधिलगायत माध्यमबाट समाजका व्यापक पक्षमा परिवर्तन आएको छ। समाजको परिवर्तित सामाजिक संरचनामा व्यक्तिले आफ्नो इच्छा, आकांक्षा र आवश्यकताको सहज र अपेक्षित परिपूर्ति हुने सम्भावना देखिरहेको छैन। जीवन कठिन बन्दै गएको छ। विद्यमान सामाजिक सम्बन्धमा व्यक्तिले न त घरपरिवार, समुदाय र राज्य तहबाट आफू मजबुत सम्बन्धमा रहेको महसुस गरी आफूलाई सबैबाट साथ र सहयोग हुन्छ भन्ने देख्छ, न विद्यमान कानुन, नियम, सामाजिक मूल्य-मान्यताले नै सहयोग गर्नेमा ढुक्क छ। यसले व्यक्तिमा उच्च निराशा र चिन्ताको सिर्जना गरेको छ। यस्तो निराशा र चिन्ताको बन्धनमा व्यक्तिले आफ्नो जीवनको अस्तित्व देख्दैन र आत्महत्या गर्ने निर्णयमा पुग्छ। यस किसिमको विचलित व्यवहारबाट व्यक्तिले आफ्नो जीवन परित्याग गर्छ।

> सामूहिकताको भावनामा वृद्धि गर्ने, एकअर्कालाई सहयोग गर्ने संरचना निर्माण गर्ने, अप्ठ्यारो पर्दा व्यक्तिले साथ र सहयोग पाउन सक्ने तथा हरेक व्यक्तिको साथमा समाज छ भन्ने भावना सिर्जना गर्न सकियो भने आत्महत्यामा कमी आउँछ

नेपालमा एकातर्फ लोकतान्त्रिक संघीय गणतन्त्रको स्थापना र त्यससँगै हुनुपर्ने लोकतान्त्रिक एवं लोककल्याणकारी नियम, कानुन, सामाजिक मूल्य-मान्यता आदिमा परिवर्तन आयो, तर त्यसबाट सामाजिक एकता र नियमन जुन किसिमबाट हुनुपर्थ्यो, त्यो हुन सकेन। यसबाट सामाजिक अन्योल, अराजकता वा विसंगतिको अवस्था सिर्जना हुन पुग्यो। सामाजिक एकता र सामाजिक नियमनको अवस्था यस्तो भयो कि व्यक्तिले आफ्नो जीवनको अस्तित्व आत्मसम्मानपूर्ण र सहज छ भन्नेमा आश्वस्त हुने अवस्था रहेन। परिणामस्वरूप व्यक्तिले आफ्नो सोचाइअनुसारका इच्छा, आकांक्षा र आवश्यकताको पूर्ति गर्न सकेन। त्यसैले, नेपाली समाजमा विगत केही दशकदेखि सामाजिक आशा, उत्साह, हौसला, गौरव र भरोसा कमजोर भयो र दुर्खिमले भनेजस्तो अहंकारी आत्महत्या बढी भएको देखिन्छ। त्यति मात्र होइन कि नेपाली समाज राजनीतिक, आर्थिक, सामाजिक परिवर्तनको हिसाबले पनि संक्रमणकालीन अवस्थामा रहेको छ। यस अवस्थामा पुरानो कानुन, सामाजिक मूल्य-मान्यताले काम गरेका छैनन् र नयाँ पनि स्थापना भइसकेका वा पूर्ण क्रियाशील भएका छैनन्, यसकारण पनि व्यक्तिले आफ्नो इच्छा, आकांक्षा, आवश्यकताको पूर्ति हुने सामाजिक संरचना र व्यवस्था देख्दैन र आफ्नो जीवन नै समाप्त पार्नेतर्फ उद्यत् हुन्छ।

बितेको तीन वर्षमा त कोभिड १९ महामारीका कारण सामाजिक एकता र नियमन झनै खलबलिएको छ। महामारीको समयमा कति व्यक्तिले ज्यान गुमाए, कतिपयले रोजगारी गुमाए, आम्दानी गुमाए, परिवारका सदस्य गुमाए तर व्यक्ति, घरपरिवार, साथीभाइ, छिमेक, समुदाय र राज्य कहीँ कतैबाट साथ र सहयोग पाएनन्। यस्तो अवस्थामा व्यक्तिले आफू समाजमा एकीकृत नभएको र सामाजिक नियमन पनि कमजोर भएको महसुस गर्ने अवस्था सिर्जना भयो र सो कमजोर सामाजिक एकता र नियमनको सामाजिक संरचनामा आफ्नो जीवनको सम्मानित अस्तित्वको सम्भावना देखेनन् र आत्महत्याको बाटो रोजे।

नेपालको उत्पादन प्रणाली, राजनीतिक व्यवस्था, सामाजिक एवं सांस्कृतिक मूल्य-मान्यता सबै परिवर्तन भइरहेका छन्। तर, नयाँ कानुन, नियम, सामाजिक मूल्य-मान्यता आदि पूर्ण स्थापित र क्रियाशील भइसकेका छैनन्। सूचना र प्रविधिका क्षेत्रमा भएको विकासमा आधारित वस्तु र सेवाको बढ्दो उपयोगका कारण सांस्कृतिक पछौटेपनको अवस्था छ। नयाँ भौतिक र अभौतिक वस्तु र सेवा प्रयोग गर्ने तरिका र यसका फाइदा-बेफाइदाबारे यथेष्ट र उपयुक्त ज्ञान छैन। यस्तो अवस्थामा अनेकन् सामाजिक विचलन देखा पर्छन्। आत्महत्यामा देखिएको वृद्धि पनि यसै किसिमको संक्रमणकालीन सामाजिक संरचना र व्यवस्थाको उपज हो।

नेपालको परिवर्तित सामाजिक र राजनीतिक संरचनाअन्तर्गत जीवन बिताउने नागरिकले सो संरचनामा आफ्नो जीवनको अस्तित्व र सम्मान देख्न सके मात्र आत्महत्यामा कमी आउँछ। यसकारण कमजोर सामाजिक एकता भएको वर्तमान नेपाली सन्दर्भमा सामूहिकताको भावनामा वृद्धि गर्ने, एकअर्कालाई सहयोग गर्ने संरचना निर्माण गर्ने, अप्ठ्यारो पर्दा व्यक्तिले साथ सहयोग पाउन सक्छ भन्ने सुनिश्चितता हुने वातावरण तयार गर्ने र हरेक व्यक्तिको साथमा समाज छ भन्ने भावना सिर्जना गर्न सक्यो भने आत्महत्यामा कमी आउँछ। अर्कातर्फ परिवर्तित राजनीतिक संरचनामा पनि दल, बल र नाता होइन कि लोकतान्त्रिक गणतन्त्रमा पद्धतिमा आधारित मूल्य-मान्यतामा व्यक्तिको अस्तित्व, आत्मसम्मान र मर्यादा हुन्छ भन्ने सामाजिक नियमनको अवस्था सिर्जना हुनुपर्छ। देशमा उपलब्ध स्रोतसाधन र अवसरमा हरेक नागरिकको पहुँच हुन सक्ने सुनिश्चितता हुनुपर्छ। हरेक व्यक्तिको साथमा राज्य छ भन्ने महसुस हरेक नागरिकले गर्न सक्नुपर्छ। यस्तो अवस्थामा व्यक्तिले आफ्नो अस्तित्व, आत्मसम्मान र मर्यादा भएको महसुस गर्न सक्छ र आफ्नो जीवनको अर्थ देख्छ। यसकारण सामाजिक एकता र नियमनको उपयुक्त सामाजिक राजनीतिक परिवेश सिर्जना गर्नेतर्फ व्यक्ति, समाज, सरकार एवं अन्य सामाजिक संस्था सचेत रहँदै व्यक्ति र समाज एवं व्यक्ति र राज्यको सम्बन्ध सबल बनाउन सकियो भने आत्महत्याको दरमा कमी आउँछ।

---

## ३ प्रश्न

मनोविद्
**गोपाल ढकाल**लाई



**पाँच वर्षमा १७ सय ४२ बालिका र ११ सय आठ बालकले आत्महत्या गरेको तथ्यांकले के बताउँछ ?**

बालबालिकाको आत्महत्या प्रत्येक वर्ष बढ्नु चिन्ताको विषय हो। यसबाट घरपरिवार र समाजले बालबालिकामा पनि कुण्ठा, नैराश्य, आवेग, उत्तेजना मनोभावनाका कारण मानसिक स्वास्थ्य समस्या देखिन सक्छ भनेर बुझ्न सक्नुपर्छ।

**बालिका आत्महत्याको बढ्दो संख्याले के संकेत गर्छ ?**

बालिका आत्महत्याको दर बढी हुनुमा हाम्रो सामाजिक संरचना नै दोषी छ। किशोरीहरू बढी दबाबमा हुन्छन्। कलिलो उमेरमा बालक र बालिका समान रूपमा हुर्किए पनि उमेर बढ्दै जाँदा बालिका या किशोरीहरू बढी नै नियन्त्रणमा रहन बाध्य हुन्छन्। उनीहरू यौनहिंसाको सिकार पनि बन्न सक्छन्। यसैका कारण उनीहरूको आत्महत्याको दर बढी देखिएको हो।

**यसलाई न्यूनीकरण गर्न घरपरिवार, समाज या राज्य को बढी जिम्मेवार हुनुपर्छ ?**


यसको रोकथाममा सबै पक्ष जिम्मेवार हुन्छन्। घरपरिवार, स्कुल, संघसंस्था, समाज र राज्यले जिम्मेवार भएर बालबालिकाको समस्या बुझेर उनीहरूलाई साथ दिने, बालबालिकामा मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिएमा समयमै चिकित्सककहाँ लाने गरेमा यस्तो समस्या न्यूनीकरण गर्न सकिन्छ।

---

प्रेरक प्रसंग

## भालुको गोप्य सन्देश

विजय र राजु सानैदेखिका साथी थिए। एउटै गाउँका हुनाले उनीहरू साथसाथै हुर्किए। उनीहरू सँगसँगै स्कुल जान्थे। राजु विजयलाई निकै माया पनि गर्थे। विजयको एउटा एउटा गोडामा पोलियो भएको थियो। उनी गोडा खोच्याएर हिँड्थे।



दुवै साथी एक दिन बिदामा जंगलको बाटो हुँदै कतै जाँदै थिए। जाँदाजाँदै उनीहरूले टाढाबाट एउटा अजंगको भालु आफूहरूतिरै आइरहेको देखि। आफूहरूतिर आइरहेको भालु देख्दा स्वाभाविक रूपमा उनीहरू दुवै डराए। भालु झनझन नजिक आइसकेपछि रूख चढ्न सिपालु राजु, हत्तपत्त नजिकैको रुखमा चढे। उनले आफ्ना साथीबारे रत्तिभर चिन्ता लिएनन्। विनोद आफ्नो कमजोर खुट्टाकै कारण रुख चढ्न सक्दैनथे। उनलाई आफ्नो मृत्यु नजिक नजिक आइरहेको भान भयो। विजयले एकछिन ठन्डा दिमागले सोचे। उनले कतै सुनेका थिए, कुनै पनि जनावरले लासलाई आक्रमण गर्दैन। त्यसैले, उनी भुइँमा लम्पसार परेर सुते र शान्त भई सास रोके। भालुले उनको नाकनजिकै आएर सुँघ्यो। सास रोकेका उनलाई मरेको ठान्यो र कुनै हानि नपुर्‍याई आफ्नो बाटो लाग्यो।

भालु त्यहाँबाट टाढा पुगिसकेपछि राजु हतार हतार रुखबाट ओर्लिए र विजय भएको ठाउँमा पुगे। डरले निलोकालो भएको अनुहार लिएर उनले विजयलाई प्रश्न गरे– भालुले तिमीलाई केही त गरेन नि ? अनि, तिम्रो काननिर आएर भालुले केही भन्दै थियो जस्तो लागेको थियो। भालुले तिम्रो कानमा भन्यौ चैं के मित्र ? राजुको प्रश्न सुनिसकेपछि विजय एकछिनै मौन रहे। केहीबेरको मौनतापछि गम्भीर हुँदै उनले भने– खासै त्यस्तो त केही भनेन। तर, तिमीलाई रुखतिर देखाउँदै भन्यो– यस्ता निर्दयी स्वार्थी साथीबाट अलि टाढै बस्नू।

---

टिप्पणी
nayapatrikaofficial
@naya_patrika

## गिरिबाट पाठ सिकौं

कांग्रेसका होनहार, सत्यवादी, निर्भीक, बौद्धिक, अनुभवी तथा समाजवादी चरित्रका स्पष्टवादी नेता प्रदीप गिरिको जीवन हामी सबैका लागि अनुकरणीय छ। हाल हामीमाझ नभए पनि उनले छाडेर गएको इमानदारी र नैतिकताको बाटो हामी सबैका लागि अघि बढ्ने राजमार्ग बन्न सक्छ। कांग्रेसबारे मात्र नभई अन्य ठूला पार्टीबारेसमेत जानकार नेता गिरिको जीवनी हामी सबैका लागि प्रेरणाको स्रोत बनिरहनेछ। उनले पछ्याएको सादा जीवन र उच्च विचारको मार्गलाई हामी सबैले निरन्तर पछ्याउनु जरुरी छ। उनीबाट कांग्रेसजनले मात्र होइन, सबै दलका नेता तथा कार्यकर्ताले पाठ सिक्न सके भने त्यो देशकै लागि वरदान बन्न सक्छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

## सकारात्मक समाचार

नेपालबाट कुचो, अचार, कपाल, टाँक, बल्छी, हाते कागजजस्ता हेर्दा सामान्य लाग्ने वस्तु पनि विभिन्न विकसित देशसम्म पुग्ने गरेको समाचार पढ्दा खुसी लाग्यो। आयात व्यापार मौलाइरहेको समयमा देशबाट सानै परिमाणमा भए पनि यस्ता अनेकौं वस्तु निर्यात भइरहेको थाहा पाउँदा मनैदेखि खुसी लाग्दो रहेछ। यस्ता वस्तुको उत्पादन तथा निर्यात व्यापारमा संलग्न व्यवसायी तथा व्यापारीलाई प्रोत्साहित गरी निर्यात परिमाण बढाउन सरकारले ध्यान देओस्।

● **गोपाल परियार**
नैकाप, काठमाडौं

## प्रदेशले बढायो आर्थिक भार

पाँच वर्षमा २४ प्रदेश प्रमुख, १६ मुख्यमन्त्री र दुई सय ३० मन्त्रीले सरकारी जागिर पाएछन् प्रदेशका नाममा। यो जम्बो संख्याले हाम्रो जस्तो देशमा चर्को आर्थिक भार बढाएको छ। हामीले विकास खोजेका हौं, देशलाई आर्थिक भार होइन। सबै नेताले कम्तीमा आफ्नो कार्यकालमा राम्रो काम गर्दैका भए यो देश स्वर्गसमान हुने थियो। त्यसैले, प्रदेशलाई कार्यकर्ता व्यवस्थापन निकाय मात्र बनार नराखौं।

● **दिनेशराज सुवेदी**
लालबन्दी, सर्लाही

## खोप प्रमाणीकरणमा ढिलासुस्ती

विदेश यात्रामा जानुपर्ने भएपछि मैले कोभिड खोपको प्रमाणपत्र लिन अनलाइन फाराम भरेको दुई महिना भइसक्दा पनि क्युआर कोड आएन। वेबसाइटमा भनिएको टेलिफोन नम्बरमा लगातार दुई दिन कल गरेपछि बल्ल सम्पर्क भयो। त्यहाँबाट ललितपुर नगरपालिकाका स्वास्थ्य शाखामा सम्पर्क गर्न भनी एकजना कर्मचारीको मोबाइल नम्बर दिइयो। सो नम्बरमा दिनभरि प्रयास गरेपछि बल्ल सम्पर्क भयो। उनले मेरो अनलाइन फारामको रजिस्ट्रेसन नम्बर मागे र चेक गरेपछि खबर आउँछ भन्ने जवाफ दिए। दुई दिनपछि आफैँले सोही नम्बरमा सम्पर्क गर्ने प्रयास गरेँ। तर, लगातार तीन दिनदेखि सम्पर्क गर्ने प्रयास गरिरहँदा पनि सम्पर्क भएको छैन।

खोप कार्ड र नागरिकता संलग्न भएपछि क्युआर कोड आजको आजै आउनुपर्ने हो। तर, प्राविधिक रूपले अक्षम कर्मचारीले भरिएको संयन्त्रमा अनलाइन प्रविधि किन ल्याउनुपर्‍यो ? यसरी जनताले अनाहकमा दुःख पाइरहँदा पनि स्वास्थ्य मन्त्रालय किन जिम्मेवार हुँदैन ? ढिलासुस्ती गर्ने कर्मचारीलाई कारबाही किन गरिँदैन ?

विदेश यात्रामा जानुपर्ने विद्यार्थी, कामदार तथा अन्य सर्वसाधारणले समयमै कोभिड खोपको प्रमाणपत्र नपाउँदा सास्ती खेपिरहेको हुँदा स्वास्थ्य मन्त्रालय एवं स्थानीय पालिकाहरूले सेवा स्तर वृद्धिका लागि अविलम्ब कडा निर्देशन जारी गरी कामको नियमन गर्नु जरुरी छ।

● **जानुक नेपाल** तथा साथीहरू, ललितपुर
januknepal@gmail.com

लेखका लागि : article@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# वास्तविक सामाजिक सञ्जालको अन्त्य हुँदै

## सामाजिक सञ्जालले मानवीय सञ्चार र सामाजिक एकताको जगलाई हल्लाइदिएको छ, वास्तविकलाई कृत्रिम सामाजिक सञ्जालले प्रतिस्थापित गरिदिएको छ



देश/विदेश

● ड्यारोन एसिमोग्लु

विश्वका करोडौं मानिस फोनमा झुन्डिएका मात्र छैनन्, यिनले उपभोग गर्ने सूचना नकारात्मक एवं नाटकीय ढंगले परिवर्तन भइरहेका छन्। फेसबुकजस्ता सामाजिक सञ्चारमाध्यममा मिथ्या सूचना सत्यभन्दा चाँडै फैलिन्छ भनेर विभिन्न अनुसन्धानले देखाइसकेको छ। उसो त प्रयोगकर्ताले मिथ्या सूचनाको माग गर्दैनन् तर प्रयोगकर्ताले के हेर्ने भनेर निर्धारण गर्ने अल्गोरिदमले सनसनीपूर्ण, त्रुटिपूर्ण र भ्रामक सूचनालाई प्रोत्साहन गर्छ, जसले प्रयोगकर्तालाई 'व्यस्त' बनाई विज्ञापनबाट धनोपार्जन गराउँछ।

फेसबुकको अल्गोरिदमजनित छनोटलाई एकातिर राख्ने हो भने पनि बृहत् सामाजिक सञ्चारमाध्यम प्रणालीले पनि प्रयोगकर्तालाई आफ्ना स्वार्थ मिल्ने मानिसलाई जोडिदिन्छ। यसका सकारात्मक प्रभाव पनि छन् अर्थात् आफ्ना अध्ययनका विषयवस्तुमा तपाईं विश्वसँग जोडिन पुग्नुहुन्छ, तथापि घृणा फैलाउनेले पनि यही मौका पाउँछ। सामाजिक सञ्चारमाध्यम निर्विवाद रूपमा घृणाजन्य अभिव्यक्ति, दुराशयपूर्ण मिथ्या सूचना र प्रोपगान्डाको मञ्च बन्न पुगेको छ। अमेरिकी दक्षिणपन्थीको ६ जनवरी २०२१ मा अमेरिकी कांग्रेस र संघीय संसद् भवन क्यापिटोल हिलमा हमला गर्ने योजना फेसबुकमै बनेको थियो। पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको मुसलमानविरोधी ट्विटका कारण अमेरिकी अल्पसंख्यकमाथि हिंसा बढेको थियो। केही अनुसन्धानले फेसबुक र युट्युबजस्ता ठूला कम्पनीले अन्य यस्तै प्रकृतिका कम्पनीका तुलनामा घृणाजन्य अभिव्यक्ति र मिथ्या सूचनामाथि धेरै पहरेदारी गर्छन्। यद्यपि धेरै अनुसन्धानले अन्य सामाजिक सञ्चारमाध्यमका तुलनामा फेसबुक र ट्विटरमा मिथ्या सूचना सबैभन्दा चाँडो फैलिने गरेको देखाएको छ।

केहीले सामाजिक सञ्चारमाध्यमले निर्माण गरेको वातावरण निकै घातक भए पनि समस्या अस्थायी हो भन्ने मत पनि व्यक्त गर्छन्। किनभने, यसअघि पनि धेरै सञ्चार संयन्त्रको दुरुपयोग भएका छन्। मार्टिन लुथरले १६औं शताब्दीमा इसाई धर्मको प्रोटेस्टेन्टपन्थ मात्रै फैलाएका थिएनन्, उनले विषाक्त यहुदीद्वेष फैलाउन पनि ठूलो भूमिका खेलेका थिए। रेडियोलाई अमेरिकाका फादर चार्ल्स कघलिनजस्ता जनोत्तेजक र जर्मनीका नाजीले भरपूर प्रयोग गरेकै हुन्। यद्यपि, यी माध्यमको विकासक्रमले सामाजिक सञ्चारमाध्यमका चुनौतीलाई सामना गर्न शक्तिशाली नियमन एवं नयाँ प्रविधिको आवश्यकता छ भन्ने देखाउँछ। तर, यी समाधानले समस्याको जरोलाई पहिचान गर्न सकेका छैनन्। सामाजिक सञ्चारमाध्यमले विचार समूहका असहिष्णु डफ्फाको निर्माण, झुट फैलावट र अतिवादी विचारको सञ्चार मात्रै गरेका छैनन्, बरु यसले मानवीय सञ्चार र सामाजिक एकताको जगलाई हल्लाइदिएको छ, जहाँ वास्तविकलाई कृत्रिम सामाजिक सञ्जालले प्रतिस्थापित गरिदिएको छ। समुदायबाट सिक्ने र अरूलाई हेरेर विद्वता हासिल गर्ने भएकाले हामी मानिस जनावरभन्दा पृथक् छौं। हाम्रा सबैभन्दा महत्त्वपूर्ण विचार र मन पराइने अवधारणा अलगाव वा पुस्तक पढेर आउँदैन, बरु सामाजिक अन्तरसंवादबाट जन्मिन्छन्। यस्तो प्रक्रियामा विश्वसनीय स्रोतको भने निर्विवाद भूमिका हुन्छ, तसर्थ हालका सामाजिक सञ्चारमाध्यममा नेता वा उच्चपदस्थ व्यक्तिका अभिव्यक्तिको ठूलो अर्थ हुन्छ। ठूला सामाजिक सञ्चारमाध्यमले हामीले मान्ने गरेका सामाजिक सञ्जाललाई तोडमरोड नै गरिदिए भने के होला ? यसको उत्तर हामीसँग नहुनु सबैभन्दा ठूलो चिन्ताको विषय हो। सामाजिक सञ्चारमाध्यम




*तस्बिर : सिएफपी*

उद्योगको विकासलाई हेर्दा यिनका विषयवस्तु अनुकूलन गर्ने र घातक असरलाई हटाउने भन्ने सम्भावना देखिँदैन। सामाजिक सञ्चारमाध्यमको घातक असर हेर्दा सांस्कृतिक आलोचक निल पोस्टम्यानले आजभन्दा चार दशकपहिल्यै आफ्नो पुस्तक अम्युजिङ आवरसेल्फ टु डेथमा 'अमेरिकीले एकअर्कासँग बोल्न छाडिसके, बरु एकअर्कालाई मनोरञ्जन दिन्छन्' भनेर लेखिएको विचार सार्थक हुन्छ। पोस्टम्यानले 'मानिस विचार आदान-प्रदान गर्नेछैनन्, अब फोटा आदानप्रदान गर्नेछन्। एकअर्कासँग तर्कका आधारमा बहस नभई शारीरिक सुन्दरता, सेलिब्रिटी र विज्ञापनलाई लिएर छलफल हुनेछ' भनेर पनि उल्लेख गरेका थिए।

अर्वेलको चर्चित उपन्यास 'नाइन्टिन एटीफोर'लाई एल्डुअस हक्स्लेको ब्रेभ न्यू वर्ल्डसँग तुलना गर्दै पोस्टम्यानले 'अर्वेल पुस्तकमा कसैले प्रतिबन्ध लाउँछन् कि भनेर चिन्तित हुन्थे भने हक्स्लेचाहिँ पुस्तकमा प्रतिबन्ध लाउनुपर्ने कुनै कारण नहुने भनेर चिन्तित हुन्थे किनभने पुस्तक पढ्ने रुचि घट्दै गएको थियो। अर्वेल हामी सूचनाबाट वञ्चित हुन्छौं कि भनेर चिन्तित हुन्थे भने हक्स्ले हामीलाई यति धेरै सूचना दिइनेछ कि हामी निष्क्रियता र अहंकारमा झर्नेछौं भनेर चिन्तित हुन्थे। अर्वेल सत्य लुकाइनेछ भनेर चिन्तित हुन्थे भने हक्स्ले सत्य असान्दर्भिकताको गर्तमा हराउनेछ भनेर चिन्तित हुन्थे' लेखेका छन्। पोस्टम्यान हक्स्लेले भनेको भविष्यबारे चिन्तित थिए, जब कि सामाजिक सञ्चारमाध्यममा अर्वेल र हक्स्लेले चिन्ता गरेको भविष्य दुवै देख्न सकिन्छ।

'भर्चुअल साथी'ले हाम्रा विचारलाई बढ्दो रूपमा निगरानी गरिरहेका छन् र सरकारसँग हाम्रा वास्तविकताको बुझाइलाई नियन्त्रण गर्ने र हामीलाई निष्क्रिय एवं अहंकारी बनाउने संयन्त्र छन्। अब हरेकले आफ्नो नैतिकता प्रदर्शन गर्नुपर्नेछ र सक्रिय रुढिवादबाट विचलित हुनेलाई खेद्नुपर्नेछ। तर, यो नैतिकतालाई अनलाइनले निर्धारण गर्नेछ र अधिकांश सन्दर्भमा यी नैतिकताको आधार झुट हुनेछन्। यस सन्दर्भमा २०औं शताब्दीकी एक महान् विचारक हाना एरेन्दको भनाइ सान्दर्भिक छ। 'यदि सबैले सधैं झुट बोल्छन् भने नतिजा तपाईं झुटलाई विश्वास गर्नुहुन्न भन्ने हुँदैन।'

*(एसिमोग्लु एमआइटीका अर्थशास्त्रका प्राध्यापक हुन्)*
*प्रोजेक्ट सिन्डिकेटबाट*

■ संक्रमणकालीन न्यायबारे विज्ञ

# द्वन्द्वका सबै पक्षलाई विश्वासमा लिएर विधेयक परिमार्जन गर्न सुझाव



कमलराज भट्ट/नयाँ पत्रिका
काठमाडौं, २५ भदौ

संक्रमणकालीन न्यायसम्बन्धी कानुन संशोधनमा सरोकारवालाबीच विश्वासको संकट देखिएको विज्ञले बताएका छन् । विज्ञले द्वन्द्वका सबै पक्ष र राजनीतिक दललाई विश्वासमा लिएर बेपत्ता पारिएका व्यक्ति छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयकमा अघि बढ्न सुझाएका छन् ।

प्रतिनिधिसभाको कानुन न्याय तथा मानव अधिकार समितिमा शनिबार भएको छलफलमा विज्ञहरूले विधेयकका केही प्रावधान सच्याएर विश्वासका साथ अघि बढ्न सुझाव दिए । गम्भीर मानव अधिकार उल्लंघनको परिभाषा सच्याउनुपर्ने उनीहरूको पहिलो सुझाव छ । अमानवीय क्रुरतापूर्वक दिएको यातना र निर्ममतापूर्वक ज्यान मारेको भन्ने शब्द सच्याएर निशस्त्र वा नियन्त्रणमा लिएर गरेको हत्या भन्ने भाषा राख्न उनीहरूले सुझाए । यसले हत्याको प्रकृति खुलाउने उनीहरूको तर्क छ ।

मानव अधिकारको उल्लंघन घटनामा मेलमिलाप नभएमा पीडित पक्षलाई अदालतमा जाने बाटो दिनुपर्ने उनीहरूको सुझाव छ । 'राज्यले मेलमिलाप गर भनेर दबाब दिन सक्दैन । मेलमिलाप भएन र मैले न्याय पाइनँ भन्ने कुनै पीडितलाई लाग्यो भने उसले अन्तिमसम्म प्रयास गर्न पाउने कि नपाउने ?' पूर्वमहान्यायाधिवक्ता रमेश बडालले प्रश्न गरे । मानव अधिकार उल्लंघनको घटना पनि सजायमा पर्नुपर्ने उनको जोड छ ।



राज्यले मेलमिलाप गर भनेर दबाब दिन सक्दैन । मेलमिलाप भएन र मैले न्याय पाइनँ भन्ने कुनै पीडितलाई लाग्यो भने उसले अन्तिमसम्म प्रयास गर्न पाउने कि नपाउने ?

● **रमेश बडाल**, पूर्वमहान्यायाधिवक्ता



अन्तर्राष्ट्रिय मानव अधिकारका सिद्वान्तको खिलाप नहुने र भइरहेको विद्यमान कानुनलाई असर नपारीकन हामीले प्रक्रिया अगाडि बढायौँ भने अन्तर्राष्ट्रिय समुदायले केही गर्न सक्दैन ।

● **सुदीप पाठक**
पूर्वसदस्य, मानवअधिकार आयोग

संक्रमणकालीन न्याय टुंग्याउन विश्वासको वातावरण बनाउनुपर्ने विज्ञको सुझाव छ । त्यसका लागि सबैलाई विश्वासमा लिएर पीडितमैत्री कानुन ल्याउनुपर्ने उनीहरूको धारणा छ । टिआरसीको प्रक्रियामा जाँदैमा र मुद्दा चल्दैमा चिन्ता लिनु नपर्ने उनीहरूले बताए । '०७१ मा कानुनमन्त्री र म एउटै नेगोसिएसनमा थियौँ । त्यतिवेला नेतृत्व तहले हाम्रा मान्छे मुद्दामा जान्छन् भने जाऊन्, तर यसलाई टुंग्याऊ भन्ने थियो । मन्त्रीजी साक्षी हुनुहुन्थ्यो । आज यो विधेयकले त्यो वातावरण ल्याउँछ कि ल्याउँदैन ?' वरिष्ठ अधिवक्ता सुनिल पोखरेलले प्रश्न गरे, 'केही मान्छे मुद्दामा जान्छन्, गए भने पनि प्रमाण नपुगेर सफाइ पाउन सक्छन् ।'

मुद्दा चलाउने महान्यायाधिवक्ताको अधिकारमा विश्वास नभए अदालतको अनुमति लिएर गर्न सकिने प्रावधान राख्न केही विज्ञको सुझाव छ । महान्यायाधिवक्ताले मुद्दा चलाएन भने पीडित आफैं अदालत जान सक्ने बाटो दिने गरी व्यवस्था गर्न पनि कतिपय विज्ञको सुझाव छ । 'महान्यायाधिवक्तालाई मुद्दा चलाउने निसर्त होइन, ससर्त अधिकार दिनुपर्छ । आधार र कारण खुलाउनुपर्छ,' अधिवक्ता भक्त विश्वकर्माले भने । विश्वकर्माले जातीय रूपमा दोब्बर हिंसा भोगेकाहरूका लागि विशेष व्यवस्था गर्न सुझाए ।

■ आतंककारी एवं विध्वंसात्मक नियन्त्रण ऐनलाई पनि ख्याल गर्न सुझाव

संक्रमणकालीन न्याय टुंग्याउँदा ०५८ को आतंककारी एवं विध्वंसात्मक नियन्त्रण ऐनलाई पनि ख्याल गर्नुपर्ने केही विज्ञले सुझाए । 'प्रहरी परिवारका मृतक र घाइतेलाई तत्कालीन अवस्थामा दिएको राहतलाई परिपूरण हो भनेर अहिले परिपूरणबाट वञ्चित नगरौँ,' सुरक्षाविज्ञ सुरेन्द्रबहादुर शाहले भने ।

विज्ञले विशेष अदालतको फैसला चित्त नबुझ्ने पीडितलाई पुनरावेदनको अधिकार दिनुपर्नेमा जोड दिए । 'पुनरावेदन नदिने कुरा संविधानले सुनिश्चित गरेको स्वच्छ सुनुवाइको बर्खिलाप हो,' अधिवक्ता राजु चापागाईंले भने । विशेष अदालतभित्रै पुनरावलोकनका लागि अर्को च्याम्बर बनाउन नहुने बारका पूर्वमहासचिव पोखरेलले बताए । 'पुनरावेदनमा सर्वोच्च जाँदा लामो हुने तर्क आएको छ । पीडितलाई परिपूरण दिन १६/१७ वर्ष लगाइसक्नुभयो । पीडित दुई-चार वर्ष सर्वोच्च अदालत धाउँछ भन्ने किन चिन्ता हो ? प्रक्रिया पीडितलाई केन्द्रमा राख्ने भनेर गर्‍यौँ, तर चिन्ता पीडकका लागि गर्ने ?' उनले प्रश्न गरे । पीडितलाई कसरी सन्तुष्ट गर्छौं र अन्याय हुन नदिने गरी हेर्नुपर्ने पोखरेलको मत छ ।

नेपालको संक्रमणकालीन न्यायलाई दक्षिण अफ्रिका, रुवान्डा र बुरुन्डीसँग जोड्न नमिल्ने कतिपयको मत छ । 'विश्वमा ४४ देशमा टिआरसीको सन्दर्भमा कार्य भएको छ । ६/७ वटा देशले मात्रै सफलता प्राप्त गरेका छन् । दक्षिण अफ्रिकामा सत्यको अन्वेषणलाई पहिलो प्राथमिकता राखियो', मानव अधिकार आयोग पूर्वसदस्यका सुदीप पाठकले भने, 'हाम्रोमा ६३ हजार उजुरी छन्, त्यसलाई प्राथमिकता दिएर टुंग्याउनुपर्छ । सत्यको अन्वेषण नै नगरी न्यायको प्रक्रिया धेरै टाढा छ ।'

पाठकले विधेयकमा मानव अधिकार उल्लंघन र गम्भीर उल्लंघनको परिभाषा, हत्या यातना र बलात्कार, माफी र मेलमिलाप, पुनरावेदन, कारबाहीलगायतलाई ऐनमा स्पष्ट व्यवस्था गर्न सके प्रक्रिया सरल र समाधानतर्फ जाने बताए । पाठकले आफू बलियो भएर गए अन्तर्राष्ट्रिय समुदायले केही गर्न नसक्ने बताए । 'नेपालसँग सयौँ घटना र मध्यस्थताको अनुभव छ । त्यो अनुभवका आधारमा ट्रिट गर्न सक्छौँ । अन्तर्राष्ट्रिय मानव अधिकारका सिद्वान्तको खिलाप नहुने र भइरहेको विद्यमान कानुनलाई असर नपारीकन हामीले प्रक्रिया अगाडि बढायौँ भने अन्तर्राष्ट्रिय समुदायले केही गर्न सक्दैन', उनले भने । अधिवक्ता काशीराम ढुंगानाले मुद्दाको हदम्याद प्रस्ट नभएको र विधेयकमा प्रचलित कानुनले कारबाही गर्ने भनिएको, तर कुन कानुन भन्ने उल्लेख नगरेकाले कारबाहीमा स्पष्टता हुनुपर्ने सुझाए ।

सजाय घटाउने कुराको पनि मापदण्ड निश्चित हुनुपर्ने भन्दै 'सम्पूर्ण रूपले सजाय घटाउने कुराले न्याय हुँदैन । निश्चित दायरामा ल्याउनैपर्छ ।' ऐनबाट बन्ने बेपत्ता पारिएका व्यक्ति छानबिन तथा सत्यनिरूपण तथा मेलमिलाप आयोगको समय पर्याप्त हुनुपर्ने, कम्तीमा तीन वर्ष राख्नुपर्ने र नियुक्ति पारदर्शी हुनुपर्ने विज्ञको सुझाव छ । मानव अधिकार आयोगका सदस्य उमेश दवाडीले आयोगको अधिकारमा हस्तक्षेप हुन नहुने बताए । राहत र परिपूरणमा धेरै ठाउँमा धाउनेभन्दा आयोगमै पाउने व्यवस्था गर्नुपर्ने उनको सुझाव छ ।

कतिपय विज्ञले द्वन्द्वमा बालसैन्यको प्रयोगलाई मानव अधिकार उल्लंघनको परिभाषाभित्र समावेश गर्न सुझाए । 'बालसैन्य व्यक्तिहरूको प्रयोगका सन्दर्भमा मेलमिलाप गर्ने हो वा मुद्दा चलाउने हो वा परिपूरणमा जाने हो अहिले नै निष्कर्षमा पुग्नुपर्छ,' बडालले भने । उनले अदालत र अन्तर्राष्ट्रिय समुदायले स्विकार्ने गरी ऐन संशोधन हुनुपर्ने धारणा राखे । समिति सभापति कृष्णभक्त पोखरेलले विज्ञको सुझाव ग्रहण गरेर जाने बताए । 'प्रश्नको निवारण नभई टुंगिँदैन । यो विधेयक सहमतिमै पारित हुन्छ,' उनले भने । उनका अनुसार विधेयकमा आएका संशोधन तथा सुझावमा आन्तरिक छलफल गरी २८ भदौमा बैठक राखेर टुंग्याउने तयारी छ । २९ गतेको प्रतिनिधिसभामा पेस गरिने सभापति पोखरेलले बताए ।

# राप्रपा केन्द्रीय प्रशिक्षण विभाग सदस्य शाहले छाडे पार्टी



**बाँके**/ राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वकेन्द्रीय सदस्य तथा केन्द्रीय प्रशिक्षण विभाग सदस्य तेजविक्रम शाहले पदबाट राजीनामा दिएका छन् । उनले शनिबार सामाजिक सञ्जाल फेसबुकमा राजीनामापत्र सार्वजनिक गर्दै राप्रपासँगको ३० वर्षे यात्रामा पूर्णविराम लगाएको जनाएका छन् । 'पार्टीको सैद्धान्तिक आदर्श, वैचारिक आधारस्तम्भसँग प्रतिकूल हुने गरी कार्यनीति अवलम्बन गरिएकाले अब यो पार्टीबाट राष्ट्रवादी आन्दोलन सफल हुने नदेखिएकाले प्रशिक्षण विभागको केन्द्रीय सदस्य पद तथा साधारण सदस्यसमेत नरहने गरी आजकै मितिदेखि पार्टी परित्याग गरेको जानकारी गराउँदछु,' उनले पत्रमा उल्लेख गरेका छन् ।

शाहले राप्रपा आफ्नो नीति तथा सिद्धान्तबाट विचलित भएको आरोप लगाएका छन् । उनले पार्टीले वैचारिक आधारस्तम्भ राजासहितको प्रजातन्त्र, हिन्दूराष्ट्र, स्थानीय सुदृढ स्वायत्त शासन प्रणाली रहेको, तर एजेन्डा प्राप्तिका लागि राष्ट्रव्यापी आन्दोलनलाई उत्कर्षमा पुर्‍याउन नसकेको र पार्टीमा राजाका कट्टर विरोधीलाई पार्टीमा माथिल्लो ठाउँ दिएको भन्दै असन्तुष्टि जनाएका छन् । 'राप्रपा अब पार्टीको आदर्श र वैचारिक दृष्टिकोणबाट पलायन भइसकेको र नेपाल आमाको रगत खाने पार्टीसँग सहकार्य गर्दै दुई-चार सिट बढाई संसद्मा बार्गेनिङ गर्ने नीति अवलम्बन गरेको प्रस्ट छ,' उनले राप्रपा अध्यक्षलाई बुझाएको राजीनामापत्रमा उल्लेख छ । शाहले आफ्ना मुद्दालाई स्थापित गराउन आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा राप्रपा जनतामाझ एक्लै जानुपर्ने औँल्याएका छन् ।

## लमजुङबाट प्रत्यक्षतर्फ एक मात्रै महिला उम्मेदवार सिफारिस

**लमजुङ**/ आगामी ४ मंसिरमा हुन लागेको प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनका लागि लमजुङबाट प्रत्यक्षतर्फ एकजना मात्र महिला उम्मेदवार सिफारिस भएकी छिन् । माओवादी केन्द्रबाट प्रदेश सभा सदस्य पदका लागि प्रत्यक्षतर्फ महिला उम्मेदवार सिफारिस भएकी हुन् ।

सिफारिस हुनेमा गण्डकी प्रदेशकी स्वास्थ्य तथा जनसंख्यामन्त्री मधु अधिकारी गुरुङ छिन् । उनलाई माओवादीले प्रदेश सभा (क) मा प्रत्यक्षतर्फ उम्मेदवार सिफारिस गरेको हो ।

लमजुङमा समानुपातिकतर्फ भने २९ जना महिलाको नाम सिफारिस भएको छ । प्रतिनिधिसभातर्फ आठ र प्रदेश सभा सदस्यतर्फ २१ जना महिलाको नाम सिफारिस भएको हो । प्रतिनिधिसभातर्फ कांग्रेसबाट तीन, एमालेबाट दुई, माओवादीबाट दुई र नेपाल समाजवादी पार्टीबाट एकजना महिलाको नाम उम्मेदवारका लागि सिफारिस भएको छ ।

# मिडिया काउन्सिल विधेयक फास्ट ट्र्याकमा पारित गर्ने तयारी

**काठमाडौं**/ सरकारले नेपाल मिडिया काउन्सिल विधेयक फास्ट ट्र्याकमा पारित गर्ने तयारी गरेको छ । सार्वजनिक रूपमा प्रश्न उठेपछि विकास तथा प्रविधि समितिमा पठाइएको विधेयकमा फास्ट ट्र्याकमा छलफल गरेर पारित गर्ने तयारी छ ।

प्रतिनिधिसभाको कार्यकाल १ असोजसम्म मात्रै रहेकाले अन्तिम चरणमा पुगेको विधेयकलाई त्यसअगावै कानुनको रूप दिन सरकारी ताकेता छ । आएका संशोधन र सार्वजनिक चासोमा छलफल गरेर विधेयकलाई थप परिष्कृत गर्न विकास समितिले आइतबार बैठक बोलाएको छ । बिहान साढे १० बजे बस्ने बैठकमा संशोधनकर्ता सांसदसँग छलफल हुनेछ ।

विधेयकमा चारवटा संशोधन प्रस्ताव परेका छन् । दफावार छलफलका लागि २२ भदौमा प्रतिनिधिसभाले समितिमा पठाएको विधेयकमा यसअघि नै राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले व्यापक संशोधन गरेको थियो ।

## ■ विधेयकमा चारवटा संशोधन

विकास तथा प्रविधि समिति सभापति कल्याणी खड्काले अहिले केही प्रावधानमा उठेका चासो र सांसदबाट आएका संशोधनलाई समेटेर विधेयकलाई पारित गरिने जानकारी दिइन् । 'समय छोटो छ, आइतबार बैठक राखेका छौँ । विधेयक माननीयलाई अध्ययनका लागि दिइएको छ । सरोकारवालासँग, विज्ञ र संशोधनकर्ता माननीयसँग छलफल गर्छौं । सबैसँग छलफल गरेर प्रतिवेदन पेस गर्छौं,' उनले भनिन् ।

संसद् सचिवालयका अनुसार विधेयकमा कांग्रेस महामन्त्री गगन थापासहित चारवटा संशोधन परेको छ । थापाले काउन्सिलको अध्यक्ष अदालतको न्यायाधीश हुन योग्य व्यक्ति वा पत्रकारिताको क्षेत्रमा कम्तीमा २० वर्षको अनुभवसहित विशिष्ट योगदान पुर्‍याएको व्यक्ति हुनुपर्ने संशोधन राखेका छन् । त्यस्तै, पत्रकारको परीक्षा, दर्ता तथा अभिलेखसम्बन्धी व्यवस्थाको पूरै दफा हटाउनुपर्ने, पत्रकारका रूपमा काम गर्न चाहनेका लागि परीक्षासम्बन्धी कार्य गर्ने शब्द हटाएर त्यसमा पत्रकारको दर्ता तथा पत्रकारहरूको विवरण संकलन र अद्यावधिक गरी त्यसको अभिलेख राख्ने शब्द राख्न थापाले प्रस्ताव गरेका छन् । कांग्रेस सांसद प्रकाश स्नेहीले नयाँ पत्रकारको परीक्षा लिने प्रावधान हटाउन संशोधन हालेका छन् । त्यस्तै, आचारसंहिता गम्भीर उल्लंघनकर्ता ठहर भएका सञ्चारमाध्यम र सम्पादकलाई सार्वजनिक रूपमा क्षमायाचना गर्न लगाउने तथा कालो सूचीमा राखी नाम सार्वजनिक गर्ने भन्ने वाक्यांश थप गर्नुपर्ने प्रस्ताव गरेका छन् ।

माओवादी केन्द्रका वर्षमान पुन, यशोदा सुवेदी गुरुङ, रेखा शर्मा र अमृता थापाले हालेको संयुक्त संशोधनमा क्षतिपूर्तिसम्बन्धी व्यवस्थामा व्यक्तिले भन्ने शब्द पछाडि काउन्सिलको निर्णयमा चित्त नबुझेमा भन्ने शब्द थप्न प्रस्ताव गरिएको छ ।

Government of Nepal
Ministry of Home Affairs'
District Police Office
Mangalsen, Achham

Invitation for Online Bids

Date of Published- 2079/05/26 (September 11th, 2022)

District Police Office, Mangalsen, Achham invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract Identification Number | Description of Works | Cost of Bidding Document | Last date and time of bid submission electronically | Dateof bid opening time and place | Bid Security | Account Details |
|---|---|---|---|---|---|---|
| NCB/DPO/ Achham -079/80/REG/01 | Construction Office cum Barrack, Mess, Toilet, Water Tank and Compound Wall at PP Dhungachalna, Achham | NRs. 5,000.00 | 2079/07/01 till 12:00 Hrs from e-GP system http://bolpatra.gov.np/egp | 2079/07/01 13:00 Hrs at District Police Office, Mangalsen, Achham | NRS.10,00,000 | Rajaswa khata-1000100200010000 Rajaswa Shirshak no. 14229 Bank Name: Rastriya Banijya Bank, Mangalsen, Achham office code : 314047203 Dharauti Account No:- 4260100102030000 Dharauti Account Name: Treasury and Controller Office, Mangalsen, Achham |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हुलाकी राजमार्ग निर्देशनालय
योजना कार्यालय
विरगंज, पर्सा

स्पष्टिकरण पेश गर्ने सम्बन्धमा

सूचना प्रकाशित मिति :- २०७९/०५/२६

प्रस्तुत विषयमा यस योजना कार्यालय अन्तर्गत तपसिलका निर्माण व्यवसायीले तपसिलका ठेक्काको निर्माण कार्यको सम्बन्धमा नि.व्य.बाट सम्झौताको बखत पेश गरेको कार्यतालिका अनुसार **करिव ६६ प्रतिशत समय गुज्रीसकेकोमा हालसम्म उक्त ठेक्काको प्रगति १० प्रतिशत** मात्र रहेकोले यस योजना कार्यालयबाट पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत निर्माण व्यवसायीबाट समयमै निर्माण कार्य सकिने गरी निर्माण स्थलमा भौतिक रुपमा उपस्थित नदेखिएको हुँदा उल्लेखित ठेक्काको साहै न्यून प्रगति देखिएकोले यो सुचना प्रकाशित मितिले ७ दिन भित्र ठेक्का सम्झौताको शर्त बमोजिम कारवाही किन नगर्ने सम्बन्धि स्पष्ट चित्तबुझ्दो जवाफ सहित नि.व्य. स्वयं उपस्थित भइ यस योजना कार्यालयमा स्पष्टिकरण पेश गर्नुहुन अनुरोध छ । अन्यथा ठेक्का सम्झौताको शर्त तथा प्रचलित नियमानुसार भैजाने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराइन्छ ।

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | नि.व्य.को नाम | कैफियत |
|---|---|---|---|---|
| १ | Upgrading of Remaining part of Manmat–Kalaiya–Matirarwa Road, Bara | HRP/337011284/ 077–78/UR–005 | सप्तकोशी जलाधार-ओम साई एण्ड कम्पनी जे.भी. नयाँ वानेश्वर, काठमाण्डौ । | |

योजना प्रमुख

Kakani Rural Municipality
Office of Rural Municipal Executive
Ranipauwa, Nuwakot
(Notice No. 02/079-80)
Date of publication: 2079-05-26

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa Nuwakot invites open Competitive Bidding From Eligible Bidders for the following works under National Competitive Bidding Bidders for the following works under National Competitive Bidding

| IFB No. | Contract no. | Description and location of works | Estimate amount (Excluding VAT NRs) | Bid Security Amount,NRs. | Bid Validity period/ Bid Security Validity period | Price of Bid Document, NRs. |
|---|---|---|---|---|---|---|
| 02/079-80 (1) | 2/Kakani/ Road/079-80 | upgrading of kule thulo chitrey chakley kulo biruwa rural road ward 2 | 9970409.13 | 300000 | 90 days/120days | 3000. |
| 02/079-80(2) | 3/Kakani/ Road/079-80 | Upgrading of kule sano chitrey manekharka chauther rural road | 10105629.65 | 300000 | 90 days/120days | 3000. |
| 02/079-80(3) | 4/Kakani/ Road/079-80 | Upgrading of Chahare Dhansar rural road | 10136419.81 | 300000 | 90 days/120days | 3000. |

2. Bid Purchase, Pre Bid Meeting, Bid Submission and Bid Opening Dares are sa given below.

| IFB No. | Pre Bid Meeting | Last Date of Bid Purchase | Last Date of Submission | Bid Opening Date And Address | Details of Bank For deposit of Cost for Bid Document | Details of Bank for Cash Deposit for Bid Security |
|---|---|---|---|---|---|---|
| 02/079-80 | 2079/06/14 | 2079/06/24 within office Hour | 2079/06/25 12:00 Hrs. | 2079/06/25,13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa | Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch Office Account no:0213401251034093 (Kakani rural municipality Rajaswo khaata) | Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch deposit Account no:0213401251034042 Name of the Office : Kakani rural municipality, Office of municipal Executive, Ranipauwa, Nuwakot |

3. Bid Documents shall be download from e-GP portal of PPMO's website www.bolpatra.gov.np/egp Bidders submitting their bid electronically, should deposit the cost of biding document in the office's Rajaswo Khata as specified above and The scanned copy (pdf format) of the Bank deposits voucher shall be uploaded by bidder at the time of electronic submission of the bids.
4. Eligible Bidders are advised to visit e-GP portal of PPMO'S website www.bolpatra.gov.np/egp further Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot, Telephone :010-411022 and mailing Address: ito. kakanimun@gmail.com
5. If the last date of purchasing, submission and opening falls on a government Holiday then the next working day shall be considered as the last day whereas the bank guarantee shall be counted from the submission date as specified on above table.
6. Any amendment in the tender notice will be published in official website a kakani rural Municipality Office of Municipal Executive Ranipauwa, Nuwakot and e-GP portal of PPMO Website http://www.bolparta.gov .np/egp.
7. Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

Chief Administrative officer

## ब्रह्मास्त्रबारे कंगनाको नकारात्मक टिप्पणी



नायिका कंगना रनावत विवादास्पद टिप्पणी दिन माहिर छिन् । भर्खरै उनले ब्रह्मास्त्रका निर्देशक करण जौहरमाथि निसाना साँधेकी छिन् । 'करणले रणवीर र आलियालाई उत्कृष्ट कलाकार भनेर प्रचार गरिरहेका छन् । मानिसहरूले पनि बिस्तारै झुटमा विश्वास गर्दै छन् । करणले आफ्नो करिअरमा कुनै उत्कृष्ट फिल्म बनाएनन्,' उनले भनिन् ।

## अल्लु अर्जुनको पारिश्रमिक १२५ करोड



तेलगु फिल्म 'पुष्पा' ब्लकबस्टर भएपछि अल्लु अर्जुनको स्टारडम र पारिश्रमिक पनि वृद्धि भएको छ । सुकुमार निर्देशित 'पुष्पा'को दोस्रो सिक्वेलमा पनि उनी नै अनुबन्धित भएका छन् । 'कुल ४५० करोड भारुमा बन्न लागेको फिल्ममा उनले १२५ करोड पारिश्रमिक लिएको भारतीय सञ्चारमाध्यमले बताएका छन् ।

# मलाई **कुर्था** मन पर्छ



● **आँचल शर्मा**, अभिनेत्री

मानिसको व्यक्तित्व झल्काउने नै पहिरनले हो । त्यसैले म पहिरनमा सचेत छु । अझ हामी कलाकारका लागि पहिरन धेरै महत्त्वपूर्ण छ । किनकि, कलाकारले कस्तो लगायो भनेर धेरैले चासो दिनुहुन्छ । कार्यक्रममा जाँदा पनि आकर्षक र सुहाउँदो देखिनुपर्ने हुन्छ । त्यसैले पहिरनमा ध्यान दिनैपर्‍यो । कार्यक्रमअनुसार मैले आफ्नो पहिरन 'चुज' गरेर लगाउँछु ।

मलाई सबैभन्दा बढी लगाउन मन पर्ने कुर्था नै हो । त्यसैले प्रायः इभेन्टमा जाँदा कुर्था लगाइरहेकी हुन्छ । म आफूलाई कुर्थामा खुलेकी देख्छु । अरूले पनि त्यस्तै भन्नुहुन्छ । मेरो फेसन डिजाइनर मनीष राईले डिजाइन गरेको पहिरन लगाउँछु । उहाँले निकै राम्रो डिजाइन गर्नुहुन्छ । कुर्थाबाहेक मलाई मान्छेहरू सारी पनि सुहाउँछ भन्नुहुन्छ । कुनै-कुनै इभेन्टमा सारी पनि लगाएर जाने गरेकी छु । पहिरन कलाकारको लागि मात्रै नभएर सबैका लागि महत्त्वपूर्ण छ । पहिरनले धेरै कुरा बोलिरहेको हुन्छ । त्यसैले आफ्नो शरीरलाई सुहाउँदो पहिरन 'चुज' गरेर लगाउँदा राम्रो हुन्छ ।

फिल्म सेटमा भने पात्रअनुसारको पहिरन लगाउनुपर्छ । कहिले परम्परागत फरिया-चोलो त कहिले वानपिस लगाउनुपर्ने हुन्छ । आफूले निभाउने भूमिका जस्तो छ, त्यसबारे अध्ययन गरेर जस्तो सुहाउँछ, त्यस्तै ड्रेसअप र मेकअप गर्नुपर्ने हुन्छ ।

# क्यारिकेचर गर्नुअघि कमेडियनको यस्तो तयारी



मनोज गजुरेल ▶
राजा राजेन्द्र पोखरेल ◀
सुमन कार्की ▶
सुमन कोइराला ◀
▲ भरतमणि पौडेल

**क्यारिकेचर सार्वजनिक विषयमा गरिने हास्यव्यंग्यको प्रस्तुति हो । अलग-अलग मानिसका हाउभाउ र आवाज नक्कल गरेर दर्शकलाई हँसाउने यो विधा लामो समयदेखि चर्चामा छ । पछिल्लो समय विभिन्न स्ट्यान्डअप कमेडी सो र रियालिटी सोमा कमेडियनहरूले गरेका क्यारिकेचर चर्चामा छन् । सामाजिक सञ्जालमा पनि क्यारिकेचरका भिडियो भाइरल भइरहेका छन् । एकातर्फ, स्वस्थ व्यंग्यका लागि कतिपय कलाकारले ताली पाइरहेका छन् । अर्कोतर्फ, क्यारिकेचर गर्दा विभिन्न समुदाय वा व्यक्तिमाथि आघात पुर्‍याएको भन्दै कतिले गाली खाइरहेका छन् ।**

पूर्वराजा ज्ञानेन्द्र शाह, पुष्पकमल दाहाल 'प्रचण्ड', गोकुल बाँस्कोटा, नरेन्द्र मोदी, भ्लादिमिर पुटिन, अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलगायतको 'क्यारिकेचर' गरिसकेका मनोज गजुरेल क्यारिकेचर गर्नका लागि बोली, हाउभाउ र विषयवस्तु मिल्न आवश्यक रहेको बताउँछन् । 'समाजमा चर्चामा रहेका पात्रका विषयमा क्यारिकेचर गर्ने गर्छु । क्यारिकेचरमा सुहाउँदो पात्र देखिएन भने मेकअप आर्टिस्टको सहयोग लिने गरेको छु,' उनले भने ।

अर्का चर्चित कमेडियन राजा राजेन्द्र पोखरेल आमचासोका विषयमा व्यंग्य गर्ने गरेको बताउँछन् । 'मैले समयको माग र समाजको चासो भएका पात्र र त्यस पात्रको विषेशतालाई झल्काउने कोसिस गर्छु,' उनले भने, 'क्यारिकेचर गर्न समय र परिवेशलाई मध्यनजर गरेर पात्रको छनोट गर्नु आवश्यक हुन्छ । त्यसपछि घन्टौंसम्म मिहिनेत गर्नुपर्ने हुन्छ ।' क्यारिकेचर गर्नका लागि विषयवस्तुप्रतिको ज्ञान र प्रस्तुतिको तरिका मिल्दोजुल्दो हुनुपर्ने उनले बताए । 'क्यारिकेचर गर्नका लागि गहिरो अध्ययन आवश्यक पर्छ । मेरो हकमा पनि पात्रको हाउभाउसँगै प्रस्तुतिमा पनि तारतम्य मिलाउने निरन्तर अभ्यास गर्छु,' उनले भने । केही समयअघि बालेन शाहको क्यारिकेचर गरेका पोखरेलले अहिले धरानका मेयर हर्क साम्पाङको क्यारिकेचर गर्ने तयारी गरिरहेको बताए ।

सुमन कार्की अर्का चर्चित कमेडियन हुन् । कुनै पात्रको पृष्ठभूमि बुझेपछि मात्रै 'क्यारिकेचरको तयारी गर्ने गरेको उनले बताए । 'क्यारिकेचर गर्ने पात्रको हाउभाउ, बोल्ने शब्द, शैली र लुक्सलाई फलो गर्छु,' उनले भने, 'मैले क्यारिकेचर गर्ने पात्रले बोल्ने महत्त्वपूर्ण कुराहरू डायरीमा नोट गर्छु । उहाँले बोलेको भिडियोलाई धेरैपटक हेर्छु । अनि त्यही आवाजमा अभ्यास गर्दै जान्छु ।'

'क्यारिकेचरको कुनै समयसीमा हुँदैन । मेरो पेसा नै हास्यव्यंग्य भएकोले साथीहरूसँग गफ गर्दागर्दै पनि गरिन्छ,' उनले भने,' जब आफूले सोचेको पात्रको समयसन्दर्भ मिल्छ, त्यसपछि त्यो पात्रका लागि मिहिनेत गर्न थाल्छु । कतिपय पात्रसँगको क्यारिकेचर प्रयास गर्दागर्दै हाउभाउ नमिल्दा छोडेको पनि छु ।'

### 'रामचन्द्र पौडेलको क्यारिकेचर गर्दा घाँटी दुख्छ'

कमेडी च्याम्पियनका दोस्रो सिजनका विजेता भरतमणि पौडेलले पूर्वयुवराज पारस शाह र गोकुल बाँस्कोटाको क्यारिकेचर गर्दै धेरैलाई हँसाए । उनी संख्यात्मकभन्दा पनि गुणस्तरमा ध्यान दिने गरेको बताउँछन् । 'मैले क्यारिकेचर गर्दा मासलाई यो क्यारिकेचर मन पर्छ भन्ने अड्कल काटेर गर्छु । सम्बन्धित व्यक्तिको अन्तर्वार्ता र भाषण गरेको भिडियो निरन्तर हेर्छु,' उनले भने, 'पारस शाहको क्यारिकेचर गर्न निकै धेरै अभ्यास गरेको छु । उहाँको हाउभाउ र शैली पछ्याउन निकै समय लाग्यो ।' नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलको क्यारिकेचर गर्न निकै कठिन रहेको उनले बताए । 'धेरै लामो समयसम्म उहाँको क्यारिकेचर गर्‍यो भने घाँटी नै दुख्छ,' उनले भने, 'बजारमा बिक्ने कुरालाई आधार बनाएर क्यारिकेचर गर्छु ।'

कमेडियन सुमन कोइराला पनि आफूले पहिले पात्र निर्माण गरेर त्यसैमा भिज्नका लागि मिहिनेत गर्ने गरेको बताउँछन् । 'गाउँघरमा मानिसहरू देखिएको हुन्छ । चर्चित मानिसलाई नियालिएको हुन्छ, त्यसैलाई पात्र बनाएर थप मिहिनेत गर्ने गर्छु,' उनले भने ।

# मोतीबिन्दुको **कारण र उपचार**



हाम्रो आँखामा एउटा प्राकृतिक लेन्स हुन्छ । यसमा दाग बस्यो, रङ परिवर्तन हुँदै गयो वा लेन्स नै कडा हुँदै गयो भने मोतीबिन्दु हुन्छ । मोतीबिन्दु कडा हुँदै गएपछि चस्माको पावरले पनि धान्दैन । जुनसुकै उमेरका मानिसमा मोतीबिन्दुको समस्या देखिन सक्छ । कसैमा जन्मजात, केहीमा वंशाणुगत तथा अन्य विभिन्न कारणले पनि यो समस्या देखिन सक्छ । अधिकांश मानिसमा बुढ्यौली हुँदै गएपछि यो समस्या देखिने गरेको छ ।

हेल्थ **टिप्स**



**डा. रोशनी अग्रवाल**
प्रमुख कन्सल्टेन्ट अप्थल्मोलोजिस्ट
वीर अस्पताल

### मुख्य कारण

- जन्मजात
- आँखाको समस्याका लागि गरिएको शल्यक्रियाका कारण
- बढ्दो उमेरका कारण
- आँखामा जथाभावी औषधिको प्रयोग
- सुगर तथा हाइपरटेन्सनजस्ता रोगका कारण
- वंशाणुगत कारण
- दुर्घटना वा विकिरणको कारण

### समस्या

- दृष्टि धमिलो हुँदै जानु ।
- इन्द्रेणीजस्तो देखिनु ।
- आँखाको नानिभित्र सेतो, पहेँलो देखिनु ।
- हिँडडुल गर्न गाह्रो हुनु ।
- बत्तीको झिल्का भएजस्तो देखिनु ।
- कुनै समय आँखा बन्द भएर आएजस्तो हुनु ।
- आँखा नदेख्नु ।

### उपचार विधि

- मोतीबिन्दु भइसकेपछिको सबैभन्दा प्रभावकारी उपचार सर्जरी नै हो । यो रोग औषधिले ठीक हुँदैन । सर्जरी गर्न नपर्ने अवस्थामा चस्माको प्रयोगबाट पनि धेरै हदसम्म सफा हेर्न मद्दत पुग्छ । तर, पूर्ण सफा हेर्नका लागि सर्जरी नै गर्नुपर्ने हुन्छ ।

### सुरक्षाका केही उपाय

- धुलो, धुँवाबाट बच्ने ।
- बाहिर निस्कँदा चस्मा लगाएर मात्र निस्कने ।
- सफा पानीले आँखा धुने ।
- कम्प्युटरमा बस्दा चस्माको प्रयोग गर्ने ।
- ३० सेकेन्ड नजिक हेरिरहेको छ भने त्यति नै समय अलि टाढा हेर्ने । एकोहोरो धेरै समय नहेर्ने ।
- आँखाको नियमित वा समय-समयमा परीक्षण गर्ने ।
- आँखाको सुरक्षा नगर्दा आँखामा एलर्जी हुने, आँखाको नानीमा घाउ हुने, आँखामा मासु पलाउने लगायतको समस्या देखिन सक्छ ।


PROVINCIAL GOVERNMENT
LUMBINI PROVINCE
MINISTRY OF HEALTH
**Province Health Logistic Management Center, Butwal**

**INVITATION FOR ELECTRONIC BIDS**

**First date of publication: 26th Bhadra, 2079 (11 Sept, 2022)**

1. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Province Health Logistic Management Center, Butwal, Rupandehi E-mail: info.phlmc@lumbini.gov.np, Phone: 071-530304, 547304,Website phlmc.p5.gov.np or may visit e-GP system www.bolpatra.gov.np/egp.
2. Bidding documents is available online and can be downloaded from e-GP system www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| | | |
|---|---|---|
| **Name of Bank :** | Rastriya Banijya Bank, Butwal | **Office Code No :**3700348015 |
| **Name of the Office :** | Province Health Logistic Management Center, Province-5, Butwal, Rupandehi | |
| **Office Account No :** | 1000200010000 | **Revenue Head No :** 14229 |

3. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting as per below Bank Voucher in the name of Province Health Logistic Management Center, Lumbini Province, Butwal, Rupandehi, **Dharauti Account No: 31200202030000 (Rastriya Banijaya Bank, Butwal)**. The bid security shall be valid for minimum 30 days beyond the bid validity period **24th Magh, 2079 (Feb 7, 2023).**
4. If the last date of the Bid submission and opening falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the bid validity and bid security validity shall recognized with effect from the original bid submission deadline.
5. The bid is in single package and tender will be evaulation in single package.


| Contract Identification No. | Description of Items | Bid Fees | Bid security | Submit | Opening |
|---|---|---|---|---|---|
| L/PHLMC/NCB/ Works-7/2079-080 | Construction of Truss structure for store | 3000 | 90000.00 | 25th Asoj, 2079 12 noo | 25th Asoj, 2079 2pm |
| L/PHLMC/NCB/ Goods-8/2079-080 | Procurment of STI Medicine | 3000 | 35000.00 | | |

**Letter of Intent** **Date: 2079/05/26**

| *IFB No* | *Description* | *Publication* | *Name and address of Bidder* | *Quoted Price (without Vat)* |
|---|---|---|---|---|
| L/PHLMC/NCB/ GOODS-1/2078/079 | Procurment of transportation and carrier services | Naya Patrika 2079.04.15 | Ghanaghashya/Deuti Bajai Construction & Suppliers Pvt.Ltd | Nrs. 5080000.00 |
| L/PHLMC/NCB/ GOODS-2/2078/079 | Procurment of Portable USG | | General Medical Suppliers, Lalitpur | Nrs. 11132000.00 |
| L/PHLMC/NCB/ GOODS-3/2078/079 | Supply, Delivery and Installation of Lab equipment | | Techno Biomed Pvt. Ltd., Kathmandu | Nrs. 3346500.00 |

**PHLMC, Butwal**


# लिपस्टिक छान्दा...



- यदि तपाईंको छाला गोरो छ भने लिपस्टिक खरिद गर्दा तपाईंले केही कुरामा ध्यान दिनुपर्छ । आफ्नो स्किन टोनमा सुहाउने लिपस्टिक मात्रै खरिद गर्नुपर्छ ।
- यदि तपाईंको छाला गोरो छ भने डार्क ब्राउन कलरको लिपस्टिक नरोज्नुस् । किनकि, यो कलर तपाईंको स्किन टोनमा सुट हुँदैन । फेयर स्किन टोन आफैँ हाइलाइट हुने गर्छ । यसमा डार्क ब्राउन लगाउँदा भद्दा देखिन्छ ।
- गोरो छालामा सुन्तला रङ्को लिपस्टिक पनि सुहाउँदैन । यसको साटो तपाईंले बैजनी रङ्को कुनै लिपस्टिक लगाउँदा राम्रो हुन्छ । ताकि, तपाईंको लुक्स राम्रो देखियोस् र डिफाइन पनि होस् ।
- गोरो छालामा पर्पल कलर पनि राम्रो देखिँदैन । देख्नमा ब्राइट र चम्किलो हुने भएकाले यसले गोरो छाला भएकाहरूलाई भद्दा देखाउँछ ।

# घरमै यसरी बनाउन सकिन्छ मार्गेरिटा पिज्जा



पिज्जा घरमै पनि सजिलै बनाउन सकिन्छ । गहुँको पिठो, टमाटरको सस, पनिर, मसाला र अन्य सागसब्जी मिसाएर यो तयार हुन्छ । पिज्जालाई फरक-फरक किसिमले बनाउन सकिन्छ । यहाँ हामीले प्रचलितमध्येको एक मार्गेरिटा पिज्जा बनाउने तरिका प्रस्तुत गरेका छौं :

- पिज्जाका लागि सबैभन्दा पहिले डो बनाउनुपर्छ । यसका लागि गहुँको पिठो, पानी, चिनी र ओलिभ तेलको मात्रा मिलाउनुपर्छ ।
- यी सबै समावेश गरेर राम्ररी मुछ्नुपर्छ । सजिलोका लागि स-साना डल्ला पारेर मुछ्न सकिन्छ । मुछेर एकदेखि डेढ घन्टासम्म हावा नछिर्ने ठाउँमा राखेपछि डो तयार हुन्छ ।

### सस

- गोलभेँडाको सस बन्छ । त्यसैले सबैभन्दा पहिला गोलभेँडालाई उसिनेर बाहिरको बोक्रा र बिउ निकाल्नुपर्छ । अनि काटेर लेदो पार्नुपर्छ ।
- तातेको तेलमा अदुवा, प्याज, तेजपत्ता र सेलरी नामक हर्ब राखेर एकछिन चलाउनुपर्छ । यसमा मसिनो गरी काटेको गाँजर पनि राख्न सकिन्छ । अन्तिममा अघि उसिनेर काटेको गोलभेँडा राख्नुपर्छ । यसमा नुन र मरिच राखेर पकाउनुपर्छ ।
- चाखेर हेर्दा धेरै अमिलो लागेमा अलिकति चिनी र धेरै गुलियो भएमा भिनेगर राख्न सकिन्छ । यसमाथि ओरिगानोका पात राखेर चलाउँदा छुट्टै खालको स्वाद आउँछ ।
- डोलाई बेलेर रोटी बनाउने र त्यसमाथि सस राख्नुपर्छ । ठीक मात्रा मिलाएर त्यसमाथि मोजरेला चिज राख्नुपर्छ । यसरी मार्गेरिटा पिज्जा बन्छ । यसमा मन पर्ने खानेकुरा राखिन्छ अनि ओभनमा राखेर पकाइन्छ ।
- आफ्नो इच्छाअनुसार चिकेन, च्याउ वा सागसब्जी राखेर पिज्जा बनाउन सकिन्छ । यसका लागि पहिले चिज राखेर मार्गेरिटा पिज्जा तयार गर्नुपर्ने हुन्छ ।


Government of Nepal
**Ministry Of Home Affair's**
**District Police Office Dang**
**Ghorahi**

**Invitation for Online Bids**

**Date of Published : 2079/05/26 (Sept 11th, 2022)**

District Police Office Dang invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp .

| Contract Identification Number | Description of Works | Construction Site |
|---|---|---|
| RB/NCB/APO-SISANIYA/079-80 | Construction of Office/Barrack, Mess, Toilet, Compound Wall, Earth Filling, Septic Tank & Soakpit | Area Police Office Sisaniya, Dang |

# व्यवसायीले कानुनविपरीत इन्धन आपूर्ति रोक्न थाले

## ढुवानी भाडा बढाउन माग गरेका ट्यांकर व्यवसायीले दुई दिनदेखि इन्धन लिन ट्यांकर भारत पठाउनै छाडे

**अजित अधिकारी**/नयाँ पत्रिका

अत्यावश्यक वस्तु तथा सेवा अवरुद्ध गर्न नपाइने कानुनी व्यवस्थाविपरीत पेट्रोलियम ढुवानी व्यवसायीले इन्धन आपूर्ति रोक्न थालेका छन् । आर्थिक संकटमा रहेको नेपाल आयल निगमले ढुवानी भाडा वृद्धि गर्नुपर्ने उनीहरूको माग छ ।

पेट्रोलियम ढुवानी व्यवसायी महासंघले भाडा वृद्धि नभए २४ भदौबाट तेल आयात गर्न ट्यांकर भारत नपठाउने चेतावनी दिएको थियो । सोहीअनुसार उनीहरूले निगमका अधिकांश डिपोसँग करारमा रहेका ट्यांकरलाई शुक्रबार तेल लिन भारत पठाएनन् ।

आवश्यक सेवा सञ्चालन ऐन, २०१४ ले इन्धनलाई पनि अत्यावश्यक वस्तुमा सूचीकृत गरेको छ । जसअनुसार पेट्रोलियम पदार्थ (एलपी ग्याससमेत)को पैठारी, ढुवानी, भण्डारण तथा वितरणमा हडताल गर्न निषेध गरिएको छ । हडताल गरेमा ६ महिनासम्म कैदको व्यवस्था छ । घाटामा गइरहेको निगमको जर्जर आर्थिक अवस्थाका कारण भारतबाट इन्धनको मूल्य घटेर आए पनि नेपालमा उपभोक्ता मूल्य निगमले घटाएको छैन । तर, इन्धन व्यवसायीहरूले भने ढुवानी भाडा वृद्धिको माग राख्दै आन्दोलनको चेतावनी दिइरहेका छन् ।

सबैभन्दा धेरै इन्धन खपत हुने काठमाडौंस्थित आयल निगमको थानकोट डिपोबाट शुक्रबार भारतका लागि कुनै पनि ट्यांकर तेल लिन गएका छैनन् । त्यस्तै, दोस्रो ठूलो अमलेखगन्ज डिपोबाट दैनिक २० ट्यांकरसम्म पेट्रोल लिन भारतको बरौनी रिफाइनरी जाने गरेकोमा शुक्रबार १७ ट्यांकरले मात्रै खरिद आदेश लिएका छन् । तर, ती ट्यांकर भारत गए-नगएकोबारे निगमलाई व्यवसायीले खबर गरेका छैनन् । प्रदेश नम्बर १ मा इन्धन आपूर्ति गर्दै आएको निगमको विराटनगर डिपोबाट दैनिक १६-१७ ट्यांकर पेट्रोल लिन जान्छन् । तर, शुक्रबार एउटा पनि ट्यांकर भारत गएनन् । अन्य डिपोहरूबाट पनि भारत जाने ट्यांकरको संख्या न्यून रहेको आयल निगमले जनाएको छ । व्यवसायीहरूले आइतबारबाट सबै नाकाबाट भारत जाने ट्यांकरलाई रोक्ने र १ असोजबाट आन्तरिक ढुवानी (निगमको एउटा डिपोबाट अर्को डिपोसम्म र डिपोदेखि पम्पसम्म तेल ओसारपसार) रोक्ने चेतावनी दिएका छन् । एक वर्षदेखिको माग सुनुवाइ नभएका कारण ढुवानी भाडादर वृद्धि नभएसम्म इन्धन आपूर्ति रोक्ने निर्णय भएको महासंघका महासचिव विश्व अर्यालले बताए । 'हामीले शुक्रबारदेखि सबै ट्यांकर निगमको जिम्मा दिएका छौं,' उनले भने, 'अब उनीहरूले नै खर्च गरेर इन्धन ओसारून् । अनि कति खर्च लाग्दो रहेछ भन्ने थाहा हुन्छ ।'

महासचिव अर्यालले पटक-पटक जारी गरेको हडतालको कार्यक्रम रोकेर आयल निगमको भनाइ माने पनि अब भाडादर वृद्धि नभएसम्म कसैको कुरा सुन्न नसक्ने बताए । आयल निगमका प्रवक्ता विनीतमणि उपाध्यायले पनि व्यवसायीको हडतालका कारण इन्धन आपूर्ति र वितरण प्रभावित भएको बताए ।



### तीन व्यस्त विमानस्थलमा सातादेखि हवाई इन्धन आपूर्ति ठप्प

भैरहवा, नेपालगन्ज र धनगढी विमानस्थलमा १६ भदौदेखि ट्यांकर ढुवानी व्यवसायीले हवाई इन्धन आपूर्ति रोकेका छन् । जसकारण नेपालगन्ज र धनगढी विमानस्थलमा उडान गर्ने विमानलाई निगमको स्थानीय डिपोले तेल दिन छाडेको छ । भैरहवास्थित निगमको हवाई इन्धन डिपोले भने मौज्दातमा रहेको तेल उपलब्ध गराइरहेको छ । यसले बढीमा एक साता मात्रै धान्न सक्नेछ ।

तीनवटै विमानस्थलका लागि आयल निगमले इन्डियन आयल कर्पोरेसन (आइओसी)को लखनउ टर्मिनलबाट हवाई इन्धन ल्याउने व्यवस्था मिलाइएको थियो । त्यसपछि छोटो दूरीबाट तेल ओसार्दा ढुवानी भाडा कम भई मर्कामा परेको भन्दै व्यवसायीले ढुवानी भाडादर वृद्धिका लागि दबाब दिन १६ भदौदेखि आपूर्ति रोकेका हुन् ।

धनगढीस्थित निगमको हवाई इन्धन डिपो प्रमुख गणेश जोशीका अनुसार त्यहाँ दैनिक नियमित रूपमा आठवटा उडान हुने र १० हजार लिटर हवाई इन्धनको खपत थियो । अहिले यो परिमाणको तेल काठमाडौंबाटै बोकेर विमान कम्पनीहरूले सेवा दिइरहेका छन् । नेपालगन्जस्थित निगमको हवाई इन्धन डिपो प्रमुख शिव आचार्यका अनुसार तेल अभावमा डिपोले १९ भदौबाट विमान कम्पनीहरूलाई हवाई इन्धन दिन छाडेको छ । अहिले नेपालगन्जबाट पहाडी जिल्लाहरू बाजुरा, हुम्ला, जुम्ला, मुगु, रुकुमलगायतमा हुने उडानका लागि मात्रै हवाई इन्धन दिने गरेको आचार्यले बताए । भैरहवास्थित निगमको हवाई इन्धन डिपो प्रमुख सबिन सापकोटाका अनुसार अहिले मौज्दातमा एक लाख ६० हजार लिटर तेल छ । 'यहाँ सातामा तीनवटा अन्तर्राष्ट्रिय उडान र दैनिक १२ देखि १४ वटा आन्तरिक उडान हुने गरेको छ । यी विमानलाई मौज्दात परिमाणबाट एक सातासम्म तेल दिन सकिन्छ,' सापकोटाले भने ।



चाडपर्वका वेला हडताल गर्दा आमउपभोक्तालाई असर पर्नेतर्फ सोचिदिनुपर्ने हो

● **विनीतमणि उपाध्याय**
प्रवक्ता, नेपाल आयल निगम



हामीले शुक्रबारदेखि सबै ट्यांकर निगमको जिम्मा दिएका छौं

● **विश्व अर्याल**
महासचिव, पेट्रोलियम ढुवानी व्यवसायी महासंघ

नेपाल आयल निगम लिमिटेड सञ्चालक समिति बैठकले इन्धन ढुवानी गर्ने ट्यांकरको भाडादर वृद्धि गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने भएको छ । वार्षिक करिब पाँच अर्ब ढुवानी भाडाबापत खर्च भइरहेकोमा ४४ करोड व्ययभार थपिने गरी ढुवानी भाडादर वृद्धि गर्न सञ्चालक समितिले एक वर्षदेखि प्रयास गरिरहेको थियो । सञ्चालक समितिमा रहेका केही सदस्यहरूले नाजुक आर्थिक अवस्थाबाट गुज्रिरहेको निगमलाई पुनः आर्थिक बोझ थप्न नहुने भन्दै ढुवानी भाडादर वृद्धि गर्न असहमति राख्दै आएका थिए ।

ढुवानी भाडादर वृद्धिका लागि आयल निगमले एक अध्ययन टोली बनाई प्रतिवेदनसमेत लिएको थियो । सो अध्ययन प्रतिवेदनले ढुवानी भाडादर १८ प्रतिशतसम्म वृद्धि गर्न सकिने सिफारिस गरेको थियो । जसकारण अहिले हडतालमै उत्रिएको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ वृद्धि भएअनुसार नेपाली बजारमा मूल्य समायोजन गर्न नपाउँदा अहिले निगम १० अर्ब रुपैयाँ ऋण र २३ अर्ब रुपैयाँ बक्यौता बोकेर बसेको छ । व्यववसायीलाई हडताल राकेर समस्याको समाधान खोज्न उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले आग्रह गरे पनि व्यवसायीले सुनेका छैनन् । शुक्रबार एक कार्यक्रममा मन्त्री बडूले व्यवसायीले हडताल गर्नै नपर्ने गरी समस्याको समाधान हुन लागेको बताएका थिए ।

#### ढुवानी भाडादर वृद्धिको प्रस्ताव

आयल निगमको अध्ययन प्रतिवेदनले चालक र सहचालकको तलब तथा भत्ता, ट्यांकरको बिमा प्रिमियम, मर्मत खर्च, विशेष मर्मत खर्च, मोबिल, टायरलगायतको खर्च शीर्षकको लागत बढेको भन्दै ढुवानी भाडादर वृद्धिका लागि सिफारिस गरेको छ । सो प्रतिवेदनले आइओसीको डिपोदेखि निगमको डिपोसम्म र देशभित्रै निगमको एउटा डिपोदेखि अर्को डिपोसम्मको दूरी हिसाब गरी ढुवानी भाडाको आधार दर वृद्धिका लागि सिफारिस गरेको थियो । यस्तो आधारदरमा डिजेलको भाउ बढ्दैपिच्छे ढुवानी भाडा बढाइने गरिन्छ ।

प्रतिवेदनअनुसार आइओसीको सिलिगुडी डिपोदेखि निगमको चारआली (झापा) डिपोसम्म प्रतिकिलोलिटर एक हजार तीन सय तीन रुपैयाँ, गोन्डा-नेपालगन्ज दुई हजार तीन सय ३० रुपैयाँ, बेतालपुर-भैरहवा दुई हजार दुई सय ८७ रुपैयाँ, बन्थरा-धनगढी दुई हजार तीन सय १ रुपैयाँ, लखनउ-नेपालगन्ज दुई हजार सात सय ५५ रुपैयाँ र बरौनी-जनकपुर दुई हजार नौ सय १४ रुपैयाँ ढुवानी भाडाको आधारदर वृद्धि गर्न सिफारिस गरिएको छ । त्यस्तै, बरौनीदेखि जनकपुर दुई हजार नौ सय १४ रुपैयाँ, अमलेखगन्जसम्म तीन हजार तीन सय ८३ रुपैयाँ, विराटनगरसम्म तीन हजार चार सय ५१ रुपैयाँ, पोखरासम्म पाँच हजार चार सय ५४ रुपैयाँ र थानकोटसम्म पाँच हजार नौ सय ६७ रुपैयाँ प्रतिकिलोलिटर ढुवानी भाडाको आधारदर वृद्धिका लागि सिफारिस गरिएको छ ।

### नेपाल-भारत वाणिज्य वार्ता असोज पहिलो साता

# पारवहन सन्धि पुनरावलोकन हुने सम्भावना

**कृष्ण रिजाल**/नयाँ पत्रिका

नेपाल-भारत वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समिति (आइजिसी) वार्ता आगामी असोजको पहिलो साता काठमाडौंमा हुने तय भएको छ । असोज ५ देखि ८ गतेसम्म हुने वार्तामा व्यापार तथा पारवहन सन्धि पुनरावलोकनमा हस्ताक्षर हुने सम्भावना रहेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले वार्ताका लागि मस्यौदा भारत पठाइसकेको जनाएको छ । त्यस्तै, २१ भदौको मन्त्रिपरिषद् बैठकले वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समिति (आइजिसी) र सहसचिवस्तरीय अन्तरसरकारी उपसमिति (आइजिएससी)को बैठकका लागि नेपालले वार्ताटोली गठन गर्ने निर्णय गरिसकेको छ ।

वार्ताका लागि प्रारम्भिक मस्यौदाहरू आदान-प्रदान भइरहेको वाणिज्य सचिव डा. गणेशप्रसाद पाण्डेयले जानकारी दिए । तर, अन्तिम मस्यौदा भने तयार तयार गर्न बाँकी छ । 'हामीले हाम्रा एजेन्डाका मस्यौदाहरू पठाएका छौं, उहाँहरूले पनि पठाउनुभएको छ,' उनले भने, 'एक-आपसका मस्यौदाहरू आदान-प्रदान र त्यसमा कमेन्ट दिने कामहरू भइरहेका छन्, बैठकको फाइनल एजेन्डा तयार हुन बाँकी नै छ ।'

वार्तामा व्यापार तथा पारवहन सन्धि पुनरावलोकनका एजेन्डाहरू समावेश हुनेछन् । 'एजेन्डाहरूले अन्तिम रूप पाइसकेका छैनन्, हाम्रो मुख्य ध्यान भनेको व्यापार र पारवहन सहजीकरण गर्ने नै हो, त्यसलाई समयानुकूल बनाउँदै लैजाने नै हो, यसमा दुवै देश सहमत छन्,' उनले भने, 'कुनै विषयमा सहमति भयो भने हस्ताक्षर नहोला भन्न सकिन्न, पारवहन सन्धि पुनरावलोकन भएर हस्ताक्षर हुन पनि सक्छ ।' यस वार्तामा नेपालले व्यापार सन्तुलन र नेपालको निर्यात सहजीकरणमा विशेष जोड दिने सचिव पाण्डेयले बताए ।

नेपाल र भारतबीच व्यापार तथा पारवहन सन्धि पुरावलोकनका लागि मस्यौदाहरू आदान-प्रदान (लेटर एक्सेन्ज) भइरहेको वाणिज्य मन्त्रालयका पूर्वसहसचिव रवि सैंजू बताउँछन् । उनले भने - 'व्यापार सन्धि पुनरावलोकनलाई अझ समय लाग्नेछ, तर नेपालले जोड गरेमा यसै बैठकमा पारवहन सन्धि पुनरावलोकनको सम्भावना भने रहेको देखिन्छ ।'

#### पारवहन सन्धि पुनरावलोकन होला ?

बदलिँदो परिस्थितिअनुसार व्यापार सहजीकरणका लागि नेपाल-भारतबीचको पारवहन सन्धि पुनरावलोकन गर्नैपर्ने देखिन्छ । सन्धि पुनरावलोकनका लागि उच्चस्तरीय राजनीतिक समझदारी भइसकेको छ । पारवहन सन्धि पुनरावलोकनका लागि सबैजसो तयारी पूरा भइसकेको सैंजू बताउँछन् । 'पारवहन सन्धि पुनरावलोकनका लागि एलओआई (मस्यौदा आदान-प्रदान) लगभग सकिइसकेको छ, अब हस्ताक्षर गर्न मात्रै बाँकी छ,' उनले भने, 'नेपालले एउटा माहोल बनाएर जोड गरेको खण्डमा आउँदो बैठकमै पारवहन सन्धि पुनरावलोकनमा हस्ताक्षर गर्न सकिने अवस्था छ ।' अहिलेको अवस्थामा पारवहन सन्धि पुनरावलोकन अत्यावश्यक भइसकेको उनको भनाइ छ । नेपाल-भारत पारवहन सन्धि हरेक सात-सात वर्षमा नवीकरण हुने प्रावधान छ । पछिल्लोपटक सन् २०२० मा स्वतः नवीकरण भएको हो ।

● व्यापार सन्तुलन र निर्यात वृद्धिमा हाम्रो जोड हुनेछ



**डा. गणेश पाण्डेय**
वाणिज्यसचिव

नेपाल-भारत वाणिज्य वार्ताका लागि प्रारम्भिक मस्यौदाहरू आदान-प्रदान भइरहेका छन् । तर, एजेन्डाको अन्तिम मस्यौदा तयार भइसकेको छैन । हाम्रो मुख्य ध्यान भनेको व्यापार र पारवहन सहजीकरण गर्ने नै हो, कुनै विषयमा सहमति भयो भने हस्ताक्षर हुन्छ ।

● पारवहन सन्धि पुनरावलोकनको माहोल बनाउनुपर्छ



**रवि सैंजू**
व्यापारविद्

पछिल्लो समय भारतले व्यापार तथा पारवहन सन्धि पुनरावलोकनमा सकारात्मक संकेत गरिरहेको छ । हामीले महोल बनाएर जोड दिन सक्यौं भने यसपटक पारवहन सन्धि पुनरावलोकनमा हस्ताक्षर गर्न सकिने अवस्थाचाहिँ छ । उच्च राजनीतिक सहमति पनि भइसकेको छ ।

#### के-के छन् पारवहन पुनरावलोकनका एजेन्डा ?

सन्धिको विद्यमान व्यवस्थाअनुसार तेस्रो मुलुकबाट आउने बल्क कार्गो वीरगन्ज-रक्सौल नाकासम्म मात्रै आउने गरेको छ । भारतले तेस्रो मुलुकबाट नेपालमा आउने बल्क कार्गोलाई थप तीनवटा नाकामा ल्याउन दिने समझदारी गरिसकेको छ । विराटनगर, भैरहवा र नेपालगन्ज नाकामा समेत बल्क कार्गो ल्याउन दिने गरी राजनीतिकस्तरमा सहमति र प्राविधिकस्तरमा समझदारी भइसकेको छ । अब हस्ताक्षर गरेर सन्धिमा समेट्न मात्रै बाँकी छ ।

नेपालले भारतका थप दुईवटा बन्दरगाह प्रयोग गर्न पाउने विषयमा समेत राजनीतिक र प्राविधिक रूपमा समझदारी भइसकेको छ । नेपालले गरेको आग्रहअनुसार उडिसाको धमरा बन्दरगाह र गुजरातको कण्डला बन्दरगाह प्रयोग गर्न दिन भारत तयार छ । यसलाई पनि हस्ताक्षर गरेर सन्धिमा समेट्न मात्रै बाँकी हो । हाल नेपालले भारतको कोलकाता र विशाखापटानम बन्दरगाह प्रयोग गर्दै आएको छ ।

दुई मुलुकबीचको पारवहन सम्झौतामा जलमार्गलाई समेट्न सहमति पनि भइसकेको छ । त्यस्तै, नेपाल-भारत अन्तरदेशीय जलमार्ग सञ्चालनका लागि सहमतिसमेत भइसकेको छ । पारवहन सन्धिमा जलमार्गलाई समेट्न पनि सहमति भइसकेका कारण हस्ताक्षर गरेर टुंग्याउन मात्रै बाँकी छ ।

त्यस्तै, सडकमार्गबाट हुने पारवहन र निर्यातमा समेत ट्रान्स्सिपमेन्ट मोडालिटी लगाउने विषयलाई समेत सन्धिमा समेट्नुपर्नेछ । यसमा भने अन्तिम सहमति बाँकी नै छ ।

#### व्यापार पुनरावलोकनका एजेन्डा के छन् ?

नेपाल-भारतबीचको सन् १९९१ मा अनधिकृत व्यापारलाई नियन्त्रण गर्न साझेदारी गर्ने सम्झौता (एग्रिमेन्ट अफ कोअपरेसन बिट्विन गभर्नमेन्ट अफ नेपाल एन्ड गभर्नमेन्ट अफ इन्डिया टू कन्ट्रोल अनअथोराइज्ड ट्रेड)ले तेस्रो मुलुकमा उत्पादन भएका वस्तु पुनः आयात-निर्यात गर्न नपाउने व्यवस्था गरेको छ । यसले एकातर्फ नेपालको व्यापार लागत र समय बढाएको छ भने अर्कातर्फ अनधिकृत व्यापारलाई नै बढावा दिइरहेको छ । त्यसैले तेस्रो मुलुकमा उत्पादन भएका वस्तु भारतबाट आयात गर्न पाउने विषय नेपालले उठाउँदै आएको छ ।

अहिले नेपाल-भारतको व्यापार असन्तुलन उच्च रहेको छ । त्यसलाई न्यूनीकरण गर्न नेपालले केही कृषि वस्तुमा अपारस्परिक (ननरेसिप्रोकल एग्रिमेन्ट) गर्नुपर्ने माग राख्दै आएको छ । जसअनुसार नेपालका कृषि वस्तुले भारतमा सहज पहुँच पाउनेछन् भने नेपालमा भारतीय कृषि वस्तुको आयातमा कर लगाइनेछ । तर, यसमा भारत सहमत भइसकेको छैन । नेपाल-भारतबीच अपारस्परिक सम्झौता (ननरेसिप्रोकल एग्रिमेन्ट) भएको भए पनि कृषि वस्तुमा त्यो लागू छैन । कृषि वस्तुमा भने पारस्परिक (रेसिप्रोकल)को व्यवस्था छ । त्यस्तै, नेपालले चारवटा वस्तुमा भारतले लगाएको कोटा प्रणाली हटाउनुपर्नेलगायत एजेन्डासमेत उठाउँदै आएको छ ।

# वन फँडानी अभियोगमा नासा हाइड्रोलाई २६ लाख जरिवाना

**श्याम खतिवडा**/नयाँ पत्रिका



नासा हाइड्रोपावरले निर्माण सुरु गरेको दोलखाको बिगु गाउँपालिका-१ स्थित लप्चे खोला जलविद्युत् आयोजनालाई वन फँडानी अभियोगमा २६ लाख जरिवाना गरिएको छ ।

आयोजना प्रवेश गर्ने सडक निर्माण गर्दा ३६३ रूख कटान गरेको भन्दै नासा हाइड्रोले प्रवर्द्धन गरेको लप्चे खोला जलविद्युत्लाई गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय दोलखाले जरिवाना गराएको हो । एक सय ६० मेगावाट क्षमताको लप्चे खोला जलविद्युत् आयोजना निर्माण गर्न एमबी दुगड ग्रुपअन्तर्गतको प्रवर्द्धक कम्पनी नासा हाइड्रोले दोलखाको लामाबगरबाट एक वर्षअघि पहुँचमार्ग विस्तारको काम सुरु गरेको थियो ।

हेलिकोप्टरमार्फत मेसिन ढुवानी गरी तीन ठाउँबाट सडक निर्माण सुरु गरेको नासा हाइड्रोले वन मन्त्रालयको अनुमतिबेगर धमाधम रूख कटान गरेको भन्दै ६ महिनाअघि गौरीशंकर संरक्षण क्षेत्रले मुद्दा दायर गरेको थियो । संरक्षण क्षेत्रका सूचना अधिकारी तुलसी दाहालले विनाअनुमति सरकारी जंगल आफूखुसी फँडानी गरेपछि हाइड्रोपावरविरुद्ध संरक्षण क्षेत्रले मुद्दा दायर गरेको र उक्त मुद्दा भर्खरै फैसला भएको जानकारी दिए । उनले हाइड्रो कम्पनीले विनाअनुमति रूख कटान गर्दा त्यस क्षेत्रमा रहेका जंगली जनावर र वातावरणीय पर्यावरणमा नराम्रो असर परेको जनाएका छन् । आयोजनाले वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन इआइएको समेत प्रभावकारी कार्यान्वयन नगरेको र जसका कारण लप्ची क्षेत्रमा थप असर देखिएकाले इआइए प्रतिवेदनभन्दा फरक गतिविधि गरेको अभियोगमा अर्को मुद्दासमेत दर्ता गरिएको सूचना अधिकारी दाहालले जानकारी दिए ।

### थप ५० लाख जरिवाना गर्न सिफारिस

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनले उल्लेख गरेकोभन्दा बाहिर गएर गैरकानुनी काम गरेको भन्दै गौरीशंकर संरक्षण क्षेत्रले दायर गरेको मुद्दा सम्पर्क कार्यालयले वन विभागमार्फत मन्त्रालय पठाएको छ । सम्पर्क कार्यालयका अनुसार प्रतिवेदनको उल्टो कार्यान्वयन गरेको र वातावरण विनाशमा आयोजना सक्रिय देखिएकाले ५० लाख जरिवाना गर्न सिफारिस गरिएको छ । इआइए प्रतिवेदनको गलत कार्यान्वयनसम्बन्धी मुद्दाको फैसला वन मन्त्रालयमार्फत हुने गर्छ । अनुसन्धानमा संलग्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका एक अधिकारीले हदैसम्मको कारबाही हुन सक्ने बताएका छन् । उनका अनुसार वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनले उल्लेख गरेकोभन्दा फरक गतिविधि गरेमा वातावरण संरक्षण ऐन, २०७६ बमोजिम कारबाही हुनेछ । उक्त मुद्दा फैसला नहुन्जेल निर्माण कार्य अघि बढाउन नपाउने ऐनमा उल्लेख छ ।


ङादी ग्रुप पावर लिमिटेड
Ngadi Group Power Limited

का.म.न.पा.-२९, अनामनगर, काठमाण्डौं, नेपाल, फोन नं.: ०१-५७०५१५९
इमेलः nyadigroup06@gmail.com / वेभसाइट : www.siurihydro.com
को

**शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना**

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७९/०६/०२**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७९/०६/१३**

ङादी ग्रुप पावर लिमिटेडको हकप्रद शेयरको लागि मिति २०७९/०४/१८ गतेका दिन देखि २०७९/०५/०७ गते सम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा तपसिल बमोजिम कित्ताको लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २१ प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्ने यस कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७९ आश्विन १३ गते बैकिङ्ग समयभित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**तपसिल**

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १. | श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| २. | श्री सिद्धार्थ बैंक लिमिटेडको शाखा कार्यालयहरुः विराटनगर, विर्तामोड, बीरगञ्ज, जनकपुर, हेटौडा, नारायणगढ, पोखरा, बाग्लुङ्ग, बुटवल, घोराही, नेपालगन्ज, सुर्खेत, धनगढी र महेन्द्रनगर । |

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः**

**सर्वसाधारण तर्फको शेयर : १२,५७,२९० कित्ता**

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।
३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरीद गर्न चाहेमा भिन्दा भिन्दै शिलबन्दी खाममा आवेदन दिनुपर्नेछ । लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारीक पत्र मार्फत तोकिए अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेक मार्फत पेश गर्न सक्नेछ ।
४. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा न्युनतम १०० कित्ता वा सो भन्दा बढीको लागि १० अंकले भाग जाने संख्यामा वा अधिकत्तम १२,५७,२९० कित्ता सम्मको लागि आवेदन दिन सकिने छ । दशमलव (खण्डित रुपमा) आउने गरी शेयर संख्याको लागि आवेदन गर्न पाइने छैन ।
५. शिलबन्दी खाम बाहिर "**श्री ङादी ग्रुप पावर लिमिटेडको सर्वसाधारण शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहा छाप गरिएको हुनुपर्नेछ ।
६. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्र दाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको हुन आउने सम्पूर्ण रकम मिति २०७९/०६/१३ गते सम्ममा तल उल्लेख गरे बमोजिमको बैंक खातामा जम्मा हुने गरि धरौटी वापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) संग्लन गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको A/C Payee Cheque वा Manager's Cheque संलग्न गर्नु पर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै Good For Payment गर्दा लाग्ने शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ तथा रु. २ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम बोलपत्र आवेदन फारामका साथ अनिवार्य बुझाउनु पर्नेछ ।

साथै, बोलपत्रदाताहरुले IPS मार्फत समेत रकम जम्मा गरी बोलपत्र पेश गर्न सकिनेछ । यसरी IPS मार्फत बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले यस कम्पनीको तल उल्लेखित बैंक खातामा IPS मार्फत रकम जम्मा गरी सो को प्रमाण पुस्टि गर्ने कागजात (IPS भौचर) संलग्न गरि शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

| क्र.सं. | बैंकको नाम | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १ | सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ | AUC/Ngadi/SCL | ५५५०००३०८६६ |

७. शेयर बाँडफाँड गर्दा सबै भन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ । शेयर बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ ।
८. बोलपत्रवालाले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. (Demat Account no.) र बैंक खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ । साथै रु. ५ लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. (PAN) आवेदन फारममा उल्लेख गर्नु पर्नेछ ।
९. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।
१०. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।
११. बोलपत्रहरु सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ ।
१२. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदन फारमहरु कुरियर मार्फत पठाउनु पर्ने भएकाले कुनै कारणवश काबु बाहिरको परिस्थिति पर्न गई बिक्री प्रबन्धकको कार्यालयमा समयमा पठाउन नसकेमा वा समयमा प्राप्त हुन नसकेमा वा बिचमा नै नष्ट हुन गएमा नियामक निकायको राय सुझाव लिएर मात्र लिलाम बढाबढको आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।
१३. म्याद नाघी आएको वा रित नपुगेको आवेदन/बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
१४. बोलपत्र दाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ । आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ ।
१५. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम "धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३" मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।
१६. आवेदक प्रचलित कानुन बमोजिम कम्पनीको शेयर खरिद गर्न योग्य हुनु पर्नेछ । संगठित संस्था/कम्पनीको हकमा प्रबन्धपत्र नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनुपर्नेछ । साथै बोलकबोल शेयरको लागि गरेको लगानीको स्रोतको वैधानिकता आवेदक स्वयंले साबित गर्नुपर्नेछ र नियमन निकायबाट माग भई आएको खण्डमा उक्त लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर हुनु पर्नेछ ।

बिक्री प्रबन्धकः
Siddhartha Capital Limited
Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५ फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

# होटेल बाराहीलाई उत्कृष्ट उद्योगको सम्मान

**काठमाडौं**/ पोखरामा सञ्चालित चारतारे होटेल बाराहीले उत्कृष्ट उद्योगको सम्मान पाएको छ। पोखरा उद्योग वाणिज्य संघले होटेल बाराहीका निर्देशक वैभव पौडेललाई सम्मानपत्र हस्तान्तरण गरेको हो।

हरिप्रसाद पौडेलले पोखराको लेकसडाइमा चार दशकअगाडि होटेल बाराही सञ्चालनमा ल्याएका हुन्। पौडेलले हस्पिटालिटी क्षेत्रमा देखाएको बाटो पछ्याउँदै उनका छोराहरू विप्लव र वैभवले होटेल व्यवसायलाई विस्तार गरिरहेका छन्। पर्यटन विभागबाट चारतारे होटेलको मान्यता पाइसकेको होटेल बाराहीमा ८० कोठा रहेका छन्, जहाँ एकैपटकमा दुई सयजनासम्म वास बस्न सक्छन्। आकर्षक स्विमिङ पुल र गार्डेन रहेको होटेलमा कन्फ्रेन्स हल, डेस्टिनेसन वेडिङ र अन्य इभेन्ट्स गर्न सकिने सुविधा पनि रहेको निर्देशक पौडेलले बताए।

बाराही ग्रुपको लगानीमा चितवनको मेघौलीमा बाराही जंगल लज, पोखरामा व्यञ्जन रेस्टुरेन्ट, पोखरामै सराङकोट माउन्टेन लज, आवास पोखरा, द बिच बार एन्ड लज, बब्स जिम सञ्चालनमा छन्। यस्तै, काठमाडौंको कान्तिपथमा पनि चारतारे बाराही काठमाडौं सञ्चालनको अन्तिम तयारीमा रहेको छ।


## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पतिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०७९।०६।०२ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा ब्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा रू. १००।- तिरी खरिद गर्न सकिनेछ।

### तपसिल

| सि.नं. | कर्जा शीर्षक | ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना | लिलाम हुने धितोको विवरण |
|---|---|---|---|
| १. | १. ओभरड्राफ्ट कर्जा<br>२. आवधिक कर्जा | **ऋणीको नामः श्री गरिमा मत्स्य पालन**<br>(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा दर्ता रहेको)<br>दर्ता नं. ८३६६/०७४/७५, दर्ता मितिः २०७५।०३।२४<br>स्थायी लेखा नं.: ६०८२८४४२२<br>ठेगानाः सिरहा जिल्ला, पोखरभिण्डा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. २।<br>साझेदारहरू :<br>**१. श्री दिपेन्द्र कुमार सिंह**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>१५२३२३६/६२७५३४५५ (२०५७।१२।२६/सिराहा)<br>बाजेको नामः जयलाल सिंह<br>बाबुको नामः रघुदेव सिंह दनुवार<br>ठेगानाः सिराहा जिल्ला, लक्ष्मीनिया गा.वि.स, वडा नं. १।<br>**२. श्री श्यामलाल कामती**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>१५१०५३/२९५ (२०६६।०८।१६/सिराहा)<br>बाजेको नामः पुरैन कामैत<br>बाबुको नामः जहरू कामैत<br>ठेगानाः सिराहा जिल्ला, सुखीपुर गा.वि.स, वडा नं. ३।<br>**३. श्रीमती मनिका कुमारी सिंह (दनुवार)**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>१८८ (२०५३।०६।०१/काठमाण्डौं)<br>बाबुको नामः रघुदेव सिंह दनुवार<br>ससुराको नामः रास लाल सिंह दनवार<br>पतिको नामः वीरेन्द्र कुमार सिंह दनुवार<br>ठेगानाः सप्तरी जिल्ला, सिस्वा बेल्ही गा.वि.स., वडा नं. ७।<br>व्यक्तिगत जमानतकर्ताहरूः<br>**१. श्री विरेन्द्र कुमार सिंह दनुवार**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>८८०३४०३४ (२०४४।०९।०८/सप्तरी)<br>बाजेको नामः नन्दलाल राय<br>बाबुको नामः रास लाल सिंह दनवार<br>ठेगानाः सप्तरी जिल्ला, सिस्वा बेल्ही गा.वि.स., वडा नं. ७।<br>**२. श्रीमती सुनिता देवी कामैत**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>१५-०३-०५३-२८९ (२०७०।०१।२५/सिराहा)<br>बाबुको नामः बुलन कामैत<br>ससुराको नामः जहरू कामैत<br>पतिको नामः श्याम लाल कामती<br>ठेगानाः सिराहा जिल्ला, सुखिपुर गा.वि.स, वडा नं. ३। | १. श्री पुरैन कामैतको नाति, श्री जहरू कामैत को छोरा, सिराहा जिल्ला, सुखीपुर गा.वि.स, वडा नं. ३ बस्ने **श्री श्यामलाल कामती**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, सुखीपुर गा.वि.स., वडा नं. ४/क स्थीत कि.नं. ३०३३ र ३०३२ को क्षेत्रफल क्रमशः ०-१-० र ०-१-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।<br>२. श्री रघुदेव सिंह दनुवारको छोरी, श्री रास लाल सिंह दनवारको बुहारी, श्री वीरेन्द्र कुमार सिंह दनुवारको पत्नि, सप्तरी जिल्ला, सिस्वा बेल्ही गा.वि.स., वडा नं. ७ बस्ने **श्रीमती मनिका कुमारी सिंह (दनुवार)**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरूः<br>(क) सिरहा जिल्ला, चैनपुर गा.वि.स., वडा नं. २ स्थीत कि.नं. १०९४ को क्षेत्रफल ०-५-०१/४ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।<br>(ख) सिरहा जिल्ला, सुखीपुर गा.वि.स., वडा नं. ४/क स्थीत कि.नं. २८८ र २७४ को क्षेत्रफल क्रमशः ०-३-८ र ०-१-५ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत। |
| २ | १. जग्गा खरिद कर्जा<br>२. आवास कजा | **ऋणीको नामः श्रीमती निर्मा कुमारी शर्मा बढई**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>४४७३८त् (२०५४।१२।१६/नवलपरासी)<br>बाबुको नामः बोधे बढई<br>ससुराको नामः बिनोद कुमार बढई<br>पतिको नामः रामकेश बढई<br>ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा., वडा नं. ८ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ६।<br>व्यक्तिगत जमानतकर्ताः<br>**श्री रामकेश बढई**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>२३६०८ (२०६०।०५।३०/रूपन्देही)<br>बाजेको नामः रामलखन बढई<br>बाबुको नामः बिनोद कुमार बढई<br>ठेगानाः रूपन्देही जिल्ला, सि.न.पा., वडा नं. ६। | श्री बोधे बढईको छोरी, श्री बिनोद कुमार बढईको बुहारी, श्री रामकेश बढईको पत्नि, नवलपरासी जिल्ला, रामग्राम न.पा., वडा नं. ८ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ६ बस्ने **श्रीमती निर्मा कुमारी शर्मा बढई** को नाममा मालपोत कार्यालय भैरहवा, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ८ स्थीत कि.नं. ७४ को क्षेत्रफल २२०.०९ व.मी. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत। |
| ३. | व्यापार कर्जा | **ऋणीको नामः श्री हरी ॐ ट्रेडर्स**<br>(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय रूपन्देहीमा दर्ता रहेको)<br>दर्ता नं. ४०७५४/०७४<br>दर्ता मितिः २०७४।०७।१३<br>स्थायी लेखा नं. ६०७०८६७९९<br>ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६।<br>प्रोप्राईटरः<br>**श्री राजेन्द्र प्रसाद उपाध्याय**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>३१६३६ (२०३५।१२।२७/रूपन्देही)<br>बाजेको नामः श्रिपत उपाध्याय<br>बाबुको नामः राम सुमेर उपाध्याय<br>ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६।<br>व्यक्तिगत जमानतकर्ताहरूः<br>**१. श्री गोपाल उपाध्याय**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>२६८७५ (२०६१।०७।२५/रूपन्देही)<br>बाजेको नामः राम सुमेर उपाध्याय<br>बाबुको नामः राजेन्द्र प्रसाद उपाध्याय<br>ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६।<br>**२. श्रीमती श्यामा देवी उपाध्याय**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>२३५१५ (२०४४।०५।०४/पाल्पा)<br>बाबुको नामः ठाकुर प्रसाद चौवे<br>ससुराको नामः राम सुमेर उपाध्याय<br>पतिको नामः राजेन्द्र प्रसाद उपाध्याय<br>ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६।<br>**३. श्री गुलाबचन्द्र गुप्ता तेली**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>१०३७१ (२०५८।०२।३२/रूपन्देही)<br>बाजेको नामः बन्दु गुप्ता<br>बाबुको नामः खरमन तेली<br>ठेगानाः रूपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२। | श्री राम सुमेर उपाध्याय को बुहारी, राजेन्द्र प्रसाद उपाध्याय को पत्नि, रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **श्रीमती श्यामा देवी उपाध्याय** को नाममा मालपोत कार्यालय भैरहवा, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ३(क) स्थित कि.न. ७६६ र ७७६ को क्षेत्रफल क्रमशः ०-१-१४.५-० र ०-०-११.५-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। |
| ४. | व्यक्तिगत कर्जा | **ऋणीको नामः श्री गोपाल उपाध्याय**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>२६८७५ (२०६१।०७।२५/रूपन्देही)<br>बाजेको नामः राम सुमेर उपाध्याय<br>बाबुको नामः राजेन्द्र प्रसाद उपाध्याय<br>ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६।<br>व्यक्तिगत जमानतकर्ताहरूः<br>**१. श्री राजेन्द्र प्रसाद उपाध्याय**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>३१६३६ (२०३५।१२।२७/रूपन्देही)<br>बाजेको नामः श्रिपत उपाध्याय<br>बाबुको नामः राम सुमेर उपाध्याय<br>ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६।<br>**२. श्रीमती श्यामा देवी उपाध्याय**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>२३५१५ (२०४४।०५।०४/पाल्पा)<br>बाबुको नामः ठाकुर प्रसाद चौवे<br>ससुराको नामः राम सुमेर उपाध्याय<br>पतिको नामः राजेन्द्र प्रसाद उपाध्याय<br>ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६।<br>**३. श्री गुलाबचन्द्र गुप्ता तेली**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>१०३७१ (२०५८।०२।३२/रूपन्देही)<br>बाजेको नामः बन्दु गुप्ता<br>बाबुको नामः खरमन तेली<br>ठेगानाः रूपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२। | श्री राम सुमेर उपाध्याय को बुहारी, राजेन्द्र प्रसाद उपाध्याय को पत्नि, रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **श्रीमती श्यामा देवी उपाध्याय** को नाममा मालपोत कार्यालय भैरहवा, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ३(क) स्थित कि.न. ७६९ को क्षेत्रफल ०-०-१०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। |

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४


# धितोपत्र बजारबाट एक महिनामै ४२ करोडभन्दा बढी पुँजीगत लाभकर

**भोजराज भण्डारी/नयाँ पत्रिका**
**काठमाडौं, २५ भदौ**

धितोपत्र बजारबाट सरकारलाई चालू आर्थिक वर्षको पहिलो महिना साउनमा ४२ करोड ६ लाख ४३ हजार रुपैयाँ पुँजीगत लाभकर संकलन भएको छ। धितोपत्रको दोस्रो कारोबार गरी नाफा कमाएका लगानीकर्ताबाट सरकारले अल्पकालीन र दीर्घकालीन लगानीकर्ताबाट सो रकम संकलन गरेको हो।

धितोपत्र बोर्डको राफसाफ गर्ने प्रणाली सिडिएससी क्लियरिङ लिमिटेडका अनुसार सरकारले दीर्घकालीन लगानीकर्ताबाट १५ करोड ७० लाख रुपैयाँ र अल्पकालीन लगानीकर्ताबाट २६ करोड ३५ लाख रुपैयाँ पुँजीगत लाभकर संकलन गरेको छ। सरकारले अघिल्लो आर्थिक वर्षबाट अल्पकालीन र दीर्घकालीन लगानीकर्तामा वर्गीकरण गरेर पुँजी बजारबाट कर उठाउँदै आएको छ।

सरकारले धितोपत्रको दोस्रो बजारबाट नाफा कमाएको खण्डमा १० प्रतिशतसम्म पुँजीगत लाभकर संकलन गर्दै आइरहेको छ। संस्थागत लगानीकर्ताबाट १० प्रतिशत र व्यक्तिगत लगानीकर्ताबाट कम्तीमा ७ दशमलव ५ प्रतिशत पुँजीगत लाभकर संकलन हुने गरेको छ। एक वर्षभन्दा बढी सेयर राख्ने लगानीकर्तालाई दीर्घकालीन र एक वर्षभन्दा कम समयमै सेयर बिक्री गर्ने लगानीकर्तालाई अल्पकालीन लगानीकर्ताका रूपमा सरकारले कर उठाउने गर्छ। धितोपत्र बजारका लगानीकर्ताले भारित औसत लागतका आधारमा पुँजीगत लाभकर तिर्दै आएका छन्।

चालू आर्थिक वर्षमा सरकारले अघिल्लो आर्थिक वर्षको सोही समयको तुलनामा १७ करोड ५६ लाख रुपैयाँले बढी पुँजीगत लाभकर तिरेका छन्। पछिल्लो समय बजारमा तीव्र उत्तारचढाव आइरहेको छ। अघिल्लो वर्षको पहिलो महिना साउनमा मात्र सरकारले लगानीकर्ताको नाफाबाट तीन अर्ब २४ करोड रुपैयाँ सरकारलाई पुँजीगत लाभकर प्राप्त भएको थियो भने भदौ महिनामा दुई अर्ब ६१ करोड रुपैयाँ पुँजीगत लाभकर लगानीकर्ताबाट उठाएको थियो। अघिल्लो आर्थिक वर्षमा धितोपत्रको दोस्रो बजारबाट सरकारले करिब १० अर्ब ३५ करोड ३० लाख रुपैयाँ पुँजीगत लाभकर लगानीकर्ताबाट उठाएको थियो।

अघिल्लो आर्थिक वर्षमा सेयर बजार हालसम्मकै उच्चतम बिन्दुमा पुगेको थियो। सेयर बजार २ भदौमा उच्च बिन्दु तीन हजार एक सय ९८ बिन्दुमा पुगेर २२ अर्बभन्दा बढीको धितोपत्र खरिद-बिक्री भएको थियो। लगानीकर्ताले जति धेरै नाफा कमाउँदै गयो, उति नै धेरै सरकारलाई तिर्ने पुँजीगत लाभकर पनि बढ्दै जाने गर्छ। तर, चालू आर्थिक वर्षमा सेयर बजारमा आइरहेको गिरावटले लगानीकर्ता निराश बनेका छन् भने धितोपत्र खरिद-बिक्रीमा कमी आउँदा र बजार ओरालो लाग्दा लगानीकर्ताले सरकारलाई तिर्ने पुँजीगत लाभकरको दर पनि घटेको हो।

### ■ ६ दिनमा लगानीकर्ताले गुमाए ७६ अर्ब

६ दिनमा लगानीकर्ताले ७६ अर्ब रुपैयाँ गुमाएका छन्। गत साता २९ खर्ब तीन अर्ब ४९ करोड ५७ लाख रहेको कुल बजार पुँजीकरण रहेकोमा बिहीबारसम्म आइपुग्दा २७ खर्ब ७९ अर्ब ४८ करोड ६७ लाखमा झरेको छ।

त्यस्तै, बिहीबार नेप्से परिसूचक २ दशमलव १३ अंकले घटेर १९ सय ३७ बिन्दुमा आइपुगेको छ। ३४ लाखभन्दा बढी कित्ता सेयर खरिद-बिक्री हुँदा एक अर्बमाथिको धितोपत्र खरिद-बिक्री भएको छ। बजार २१ सम्मको सूचांकबाट ओरालो लागेर पुनः तल झरेको छ। बैंक तथा वित्तीय संस्थाहरूको बढी स्वामित्व रहेका कम्पनीहरूको लाभांश प्रस्ताव सार्वजनिक हुन थालेसँगै धितोपत्रको दोस्रो बजार केही गतिमा जाने विश्वास लगानीकर्ताको छ। गत चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक भइसकेको अवस्थामा अधिकांश कम्पनीको वित्तीय विवरणले लगानीकर्तालाई सन्तोषजनक हिसाबमा लाभांश दिने अपेक्षा रहेको लगानीकर्ता बताउँछन्।

अर्कोतर्फ बोर्डले नयाँ स्टक एक्सचेन्ज, नयाँ ब्रोकर लाइसेन्सलगायतका कार्यहरू अघि बढाएकाले पनि बजार सकारात्मक रूपमा जाने लगानीकर्ताको दाबी छ।

## कर्मचारीलाई इन्फिनिटी लघुवित्तको तालिम

**काठमाडौं**/ इन्फिनिटी लघुवित्त वित्तीय संस्थाले सुदूरपश्चिम प्रदेशका फिल्ड कर्मचारीहरूलाई ग्राहक संरक्षण सिद्धान्तसम्बन्धी तालिम प्रदान गरेको छ। तालिममा कर्जा लगानी गर्दा अपनाउनुपर्ने सावधानीहरू, उत्तरदायी मूल्य, ग्राहकमैत्री व्यवहार, गोपनीयता र ग्राहकको गुनासो तथा सुझावहरूको कार्यान्वयनबारे प्रशिक्षित गरिएको जानकारी प्रमुख कार्यकारी अधिकृत प्रवीणकुमार लामाले बताए।

आर्थिक वर्ष ०७८/७९ मा शाखा कार्यालयहरूबाट चार सय २८ जना बाढीपीडित सदस्यलाई राहत वितरण गरिएको, पाँच सय ९९ जना ग्राहकलाई सुत्केरी सुविधा उपलब्ध गराइएको, पाँच हजार सात सय नौजना सदस्य र दुई सय ८३ जना अभिभावकलाई वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको जानकारी गराए।

## फर्निचर एक्स्पो : तीन दिनमा ५१ हजार दर्शक



**काठमाडौं**/ भृकुटीमण्डपमा जारी आठौं संस्करणको फर्निचर तथा फर्निसिङ एक्स्पोमा शनिबार मात्रै २२ हजारले अवलोकन गरेका छन्। बिहीबारदेखि सुरु भएको एक्स्पोमा शनिबारसम्म ५१ हजारले अवलोकन गरेको एक्स्पोका व्यवस्थापक इभेन्ट सोलुसन प्रालिले जनाएको छ। 'अघिल्ला दुई दिनमा २९ हजारले एक्स्पो अवलोकन गरेकोमा शनिबार २२ हजारले अवलोकन गरेका छन्,' इभेन्ट सोलुसन प्रालिका प्रबन्ध निर्देशक विजयसागर प्रधानले भने।

प्रदर्शकहरूले चाडपर्वलाई लक्षित गरी एक्स्पो अवलोकनकर्तालाई विभिन्न किसिमका अफरहरू सञ्चालन गरेका छन्। यसका साथै प्रत्येक दिन डोर प्राइजको पनि व्यवस्था गरिएको आयोजकले जनाएको छ। एक्स्पो अवलोकनका लागि प्रवेश निःशुल्क गरिएको छ।

एक्स्पोकै अवसरमा शुक्रबार र शनिबार प्रदर्शनीस्थलमा नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघ तथा लायन्स क्लब अफ काठमाडौं सेन्टूलसँगको सहकार्यमा रक्तदान कार्यक्रमसमेत सञ्चालन गरिएको थियो। कार्यक्रममा १०८ पिन्ट रगत संकलन भएको संघका प्रथम उपाध्यक्ष मनीष अग्रवालले जानकारी दिए।

नेपाल फर्निचर तथा फर्निसिङ संघको आयोजना तथा इभेन्ट सोलुसन प्रालिको व्यवस्थापनमा जारी एक्स्पोलाई प्रेस्टिज कार्पेटले शीर्ष प्रायोजन गरेको छ भने हलेसी डेकोर, भिबोन इकोनोमिक चेयर, जेन्सा कार्पेट, युनाइटेड फोम एन्ड म्याट्रेसले मुख्य प्रायोजन गरेका छन्। एक्स्पोमा स्वदेशी तथा विदेशी गरी सयभन्दा बढी प्रदर्शकहरूको सहभागिता छ। किचन, बेडरुम, बाथरुमका साथै आउटडोर फर्निचर, इन्टेरियर डिजाइनर, कार्पेट, मार्बललगायत सामग्री एक्स्पोको मुख्य आकर्षण बन्ने विश्वास गरिएको छ।

यस्तै, कार्पेट, पर्दा, म्याट्रेस, डेकोरेसन सामग्री, होम डेकोर, अफिस फर्निचर, होम अप्लाइन्सेज, मेसिनरी औजारका साथै वास्तुसँग सम्बन्धित सेवा पनि एक्स्पोको आकर्षण बनेको छ।


## Tadi Rural Municipality
Office of Rural Municipal Executive
Kharanitar, Nuwakot
Bagmati Province, Nepal

### Invitation for Bids

**First Date of publication:** 2079/05/26 (11 September 2022)
**Invitation for Bids No:** TRM/NCB/GOODS/01-079/80

1. Tadi Rural Municipality, Kharanitar, Nuwakot has towards the cost of ***Supply and Delivery of Medicine Items*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***TRM/NCB/GOODS/079/80-01***. Bidding is open to all eligible Bidders from all countries as defined in ***Bidding Documents***.
2. The ***Tadi Rural Municipality, Kharanitar, Nuwakot*** invites ***electronic*** bids from eligible bidders for the procurement of ***Supply and Delivery of Medicine Items*** under National competitive bidding - Single Stage Single Envelope procedures.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Tadi Rural Municipality, Kharanitar, Nuwakot. ito.tadimun@gmail.com*** or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Electronic bids must be submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Agricultural Development Bank Ltd.
**Name of Office :** Tadi Rural Municipality **Office Code no. :** 26-365-13
**Office Account no.:** 02-133-00985848-02-2 **Rajaswa (revenue) Shirshak no. :** 14229

5. Pre-bid meeting shall not be held.
6. Electronic bids must be submitted to the office ***of Tadi Rural Municipality, Kharanitar, Nuwakot*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 Noon*** on ***2022/10/11***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM, 2022/10/11*** at the office of ***Tadi Rural Municipality, Kharanitar, Nuwakot***. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. ***40,000.00*** deposited at Dharauti account No.: 02-133-00985850-01-9 on Agricultural Development Bank Ltd, Kharanitar branch, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract Identification No. | Description of Works | Estimated Amount | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| *TRM/NCB/ GOODS/079/80-01* | *Supply and Delivery of Medicine Items* | NRs. 14,99,622.00 | NRs. 40,000.00 | NRs. 3,000.00 |

**Chief Administrative Officer**


## लक्ष्मी विद्यापदक-२०७९ मनीषा रानाभाटलाई




**रोहितराज पराजुली/नयाँ पत्रिका**
**कास्की, २५ भदौ**

लक्ष्मी ग्रुपले स्थापना गरेको लक्ष्मी विद्यापदक-२०७९ पोखरा छोरेपाटनस्थित गुप्तेश्वर बहुमुखी क्याम्पसकी मनीषा रानाभाटले पाएकी छिन्। विद्यार्थीको हौसला बढाउन ग्रुपले स्थापना गरेको पदकको सञ्चालन पोखरा उद्योग वाणिज्य संघले गर्दै आएको छ।

संघको ६८औं वार्षिक साधारणसभामा रानाभाटलाई सुन र चाँदीद्वारा निर्मित लक्ष्मी विद्यापदकसँगै नगद २५ हजार, प्रशंसापत्र, दोसल्ला र मालासहित सम्मान गरिएको थियो। रानाभाटले त्रिभुवन विश्वविद्यालयअन्तर्गत एमबिएस परीक्षामा कास्की जिल्लामा सर्वोत्कृष्ट अंक ल्याएकी थिइन्।

गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेश सभा मामिलामन्त्री बिन्दुकुमार थापा, पर्यटन, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेल, संघका अध्यक्ष नारायण कोइराला, ग्रुपका कार्यकारी निर्देशकद्वय सुनील श्रेष्ठ र अन्जन श्रेष्ठले संयुक्त रूपमा रानाभाटलाई पदक वितरण एवं सम्मान गरेका थिए।

०५५ सालदेखि त्रिभुवन विश्वविद्यालयअन्तर्गत कास्की जिल्लामा रहेका क्याम्पसहरूमा अध्यनरत विद्यार्थीमध्ये व्यवस्थापन संकायतर्फ स्नातक र स्नातकोत्तर तहको परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गरेका दुईजना र पोखरा विश्वविद्यालयअन्तर्गत स्नातक तह बिबिएसमा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने एक गरी तीनजनालाई लक्ष्मी विद्यापदक प्रदान गर्दै आएको ग्रुपका निर्देशक सुनील श्रेष्ठले जानकारी दिए। बाँकी दुईजनालाई पछि सम्मान गरिने भएको छ। ०३० सालमा पोखराबाट व्यवसाय सुरु गरेको ग्रुपले कन्फेक्सनरी, डेरी, प्लास्टिक हुँदै बहुराष्ट्रिय कम्पनी हुन्डाईको अधिकारिक विक्रेताका रूपमा काम गर्दै आएको छ।

चार दशक लामो इतिहास बोकेको ग्रुपले स्थापनाकालदेखि नै समाजका विभिन्न क्षेत्रहरूमा सहयोग अनि प्रोत्साहन गर्ने काम गर्दै अघि बढिरहेको ग्रुपका निर्देशक अन्जन श्रेष्ठले जानकारी दिए।


## Government of Nepal
Ministry of Home Affairs'
Nepal Police Province Office
Mahendranagar, Kanchanpur

### Invitation for Online Bids

Date of Published- 2079/05/26 (September 11th, 2022)

Nepal Police Province Office, Mahendranagar, Kanchanpur invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract Identification Number | Description of Works | Cost of Bidding Document | Last date and time of bid submission electronically | Date of bid opening time and place | Bid Security | Account Details |
|---|---|---|---|---|---|---|
| NCB/NPPO7 -079/80/REG/01 | Construction of Office, Barrack Block and Mess Block at Nepal Police Province Office, Mahendranagar, Kanchanpur | NRs.10,000.00 | 2079/06/27 till 12:00 Hrs from e-GP system http://bolpatra .gov.np/egp | 2079/06/27 13:00 Hrs at Nepal Police Province Office, Mahendranagar, Kanchanpur | NRS. 36,00,000 | Rajaswa khata- 1000100200010000<br>Rajaswa Shirshak no. 14229<br>Bank Name: Rastriya Banijya Bank, Mahendranagar, Kanchanpur<br>office code : 314047611<br>Dharauti Account No:- 4180100102030000<br>Dharauti Account Name: Treasury and Controller Office, Mahendranagar, Kanchanpur |

# जनकपुर चुरोट कारखानाको जग्गा पनि सुटुक्क भाडामा

## पोखराका निवर्तमान मेयर मानबहादुर जिसीले नियमविपरीत ३२ महिनाअघि अरूको स्वामित्वमा रहेको जग्गा मासिक एक लाख लिने गरी निजी कम्पनीलाई भाडामा दिएको पुष्टि

कास्कीमा **रोहितराज पराजुली**

पोखरा महानगरपालिकाका निवर्तमान मेयर मानबहादुर जिसीले नियमविपरीत अरूको स्वामित्वमा रहेको जग्गा निजी कम्पनीलाई भाडामा दिएको भेटिएको छ। पोखरा महानगरपालिका- ९ स्थित प्रदर्शनी केन्द्रनजिक रहेको कित्ता नम्बर २९ को एक हजार आठ सय सात वर्गमिटरमा फैलिएको जनकपुर चुरोट कारखानाको जग्गा कसैलाई थाहै नदिई महानगरले सुटुक्क माइक्रो बस पार्किङका लागि पोखरा-काठमाडौं भलाइ प्रालिलाई ३२ महिनाअघि भाडामा दिएको भेटिएको हो।

जग्गा प्रयोग गर्नेसम्बन्धी सम्झौतापत्रमा प्रथम पक्ष पोखरा-काठमाडौं भलाइ प्रालिका तर्फबाट संयोजक कुलराज गुरुङ र दोस्रो पक्ष पोखरा महानगरका तर्फबाट पूर्वमेयर जिसीसँगै साक्षीका रूपमा महानगरका इन्जिनियर सुरेन्द्र पौडेल र राजस्व प्रशासन महाशाखाका छविलाल शर्माले हस्ताक्षर गरेका छन्। भाडामा लिनेले महानगरलाई तिर्नुपर्ने भाडा नियमित नबुझाएपछि यो तथ्य बाहिरिएको हो। आफ्नो कार्यकाल सकिनु तीन दिनअघि जिसीले पोखराका तीन स्थानका सरकारी जग्गा निजी कम्पनीलाई कौडीको भाउमा भाडामा दिने सम्झौता गरेका थिए।

जनकपुर चुरोट कारखानाका शाखा अधिकृत लीला काफ्लेले कम्पनीको स्वामित्वमा रहेको जग्गा निजी कम्पनीलाई भाडामा लगाएको भन्ने सुनेको, तर यसबारे आफूहरूले औपचारिक जानकारी केही नपाएको बताए। महानगरले अरूकै स्वामित्वमा रहेको जग्गा थाहै नदिई भाडामा लगाएको विषयले आफूहरू आश्चर्यमा परेको उनको भनाइ छ। 'अर्कैको स्वामित्वमा रहेको जग्गा पोखरा महानगरले नदिनुपर्ने थियो, तर कसरी दियो भन्नेमा हामी खोजबिन गर्दै छौं,' उनले प्रश्न गरे, 'यो गर्न नमिल्ने काम हो, महानगर र मेयरले नियमविपरीत कसरी गरे ? हाम्रो जग्गा भाडामा लगाएर महानगरले भाडा खान मिल्छ ?' यसबारे के गर्ने भनी छलफल हुने काफ्लेले बताए।



भाडा बुझाएको राजस्व शाखाका अधिकृत कृष्ण सुवेदीले जानकारी दिए। बाँकी भाडाबारे के गर्ने भन्नेमा केही निर्णय नभएको उनको भनाइ छ। पोखरा-काठमाडौं भलाइ प्रालिले महानगरलाई ३५ लाख तिर्नुपर्नेमा जम्मा १६ लाख रुपैयाँ मात्र बुझाएको छ। गत ६ पुसमा सम्झौता सकिए पनि महानगरले सम्झौता म्याद बढाएको पनि छैन। र, भाडामा लिने कम्पनीलाई हटाउनसमेत सकेको छैन।

पोखराको मुख्य बजारअन्तर्गत पर्ने नयाँ बजारमा रहेको सो जग्गा कौडीको मूल्यमा भाडामा दिइएको स्थानीय व्यापारीको भनाइ छ। उनीहरूका अनुसार कानुनी रूपमा सम्पूर्ण प्रक्रिया पुऱ्याएर कम्तीमा पाँच-सात वर्षका लागि जग्गा भाडामा दिँदा मासिक तीन लाख भाडा आउँछ।

### जबर्जस्ती होइन, सम्झौता गरेर बसेका हौँ : गुरुङ

पोखरा-काठमाडौं भलाइ प्रालिका संयोजक कुलराज गुरुङले जनकपुर चुरोट कारखानाको स्वामित्वमा रहेको जग्गामा आफूहरू जबर्जस्ती नबसेको बताए। 'जनकपुर चुरोट कारखाना बन्द भयो, अब जग्गाको स्वामित्व पोखरा उपत्यका नगर विकास समितिको नाममा आउँछ' भनेपछि सम्झौता गरेर बसेको उनको भनाइ छ। 'महानगरका पुराना मेयर जानुभयो, नयाँ आउनुभएको छ। भेट्न जान पाएको छैन। अब गएर भेट गरी कुरा गर्ने हो,' उनले भने, 'लकडाउनको समयको भाडा छुट हुन्छ भनेकाले नतिरेका हौँ, अरू भाडा भने हामीले तिरेका छौँ।' पोखराबाट देशका विभिन्न भागमा छुट्ने माइक्रो बस त्यसअघि नजिकैको अर्को जग्गा भाडामा लिएर राखेकामा त्यस स्थानमा भवन निर्माणको काम सुरु भएपछि नयाँ स्थानको खोजी गर्ने क्रममा हालको जग्गा भाडामा लिएको गुरुङको भनाइ छ।

निजी कम्पनीलाई भाडामा दिने फाइल मेयरबाट टिप्पणी सदर गरेर आएपछि आफूले हस्ताक्षर गरेको साक्षी बसेका इन्जिनियर सुरेन्द्र पौडेलको भनाइ छ। 'प्रक्रियामा केही भयो मिलेन होला, तर हामीले राम्रो कामका लागि भाडामा दिएका हौँ,' उनले भने।

पोखरा महानगरका मेयर धनराज आचार्य भन्छन्-

### भाडामा लगाएको विषयमा केही थाहा छैन

पोखराका मेयर धनराज आर्चायले अर्कैको स्वामित्वमा रहेको जग्गा भाडामा लगाएको विषयमा आफूलाई कुनै जानकारी नभएको बताए। यसबारे महानगरको बैठक बसी के गर्ने भन्ने निर्णय गर्ने उनले बताए। 'यसबारेमा आफू अनभिज्ञ' बताउँदै उनी वडा नम्बर ६ मा भूमिहीनलाई निस्सा वितरण गर्ने कार्यक्रममा जान लागेको भन्दै पन्छिए।

अर्कै कम्पनीको स्वामित्वमा रहेको जग्गा भाडामा लगाएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पोखरास्थित कार्यालयले चासो व्यक्त गरेको छ। अख्तियारको पोखरास्थित कार्यालयका प्रमुखले केही दिनअघि फोन सम्पर्क गरी जग्गाको भाडा सम्बन्धमा जानकारी लिएको अधिकृत काफ्लेले बताए। प्रमुखको फोनपछि यो विषय अख्तियारमा समेत पुगेको जानकारी आफूहरूले पाएको उनको भनाइ छ।

### महानगरले पहिलेको भाडासमेत उठाउन सकेन

६ पुस ०७६ मा दुई वर्षका लागि वार्षिक १० प्रतिशतले बढ्ने गरी मासिक एक लाख रुपैयाँमा भाडामा दिइएको सो जग्गाको भाडा उठाउनसमेत महानगरले सकेको छैन। पोखरा-काठमाडौं भलाइ प्रालिले हालसम्म १६ लाख रुपैयाँ मात्र महानगरलाई

## दार्चुला...

पृष्ठ १ बाट क्रमशः

इन्स्पेक्टर गाहामगरका अनुसार महाकाली- २ का नन्दराम बोहरा घरभित्रै पुरिएका हुन्। उनका परिवारका अन्यले भागेर ज्यान जोगाएका छन्। नौगाड- १ सल्लाकी जानकी ठगुन्ना, धनुली ठगुन्ना र नौगाड- २ का ६८ वर्षीय मोहनराम पार्कीको पनि पहिरोमा परेर ज्यान गएको हो। बेपत्ता हुने अन्यमा महाकाली- ४ का सरस्वती लुहार र मोहन लुहार, महाकाली- २ की मानमती शाह, महाकाली- १ की मञ्जु लुहार, निदेश लुहार, साजन लुहार र दलजित लुहार छन्। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले बेपत्ताको खोजी सुरु गरिसकेको दार्चुलाका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले बताए। महाकाली- ४ का स्थानीय मंगलसिंह ठगुन्नाका अनुसार राति ११ बजेदेखि लास्कु खोलामा बाढी आउन थालेपछि वरपरका बस्ती बगाउन थालेको थियो। लास्कुमा बाढी बढेसँगै महाकालीमा पनि पानीको बहाव उच्च भयो। महाकाली नदी नियन्त्रण आयोजनाले निर्माण गरेको तटबन्ध नै नाघेपछि बाढीले बंगाबगडका बस्ती बगाउन थालेको ठगुन्नाले बताए।

### आठ घाइतेको हेलिकोप्टरमार्फत उद्धार

बाढी र पहिरोमा गम्भीर घाइते भएकाको नेपाली सेनाको एयर एम्बुलेन्समार्फत उद्धार भएको छ। सुर्खेतबाट आएको एयर एम्बुलेन्समार्फत नौगाड- १ सल्लाका ४५ वर्षीय वीरेन्द्र ठगुन्ना, ४० वर्षीय जयबहादुर ठगुन्ना, ३५ वर्षीया फागुनी ठगुन्ना, सोही ठाउँका ३० वर्षीया रम्भादेवी ठगुन्ना र ३० वर्षीय देवसिंह ठगुन्नालाई उद्धार गरी जिल्ला अस्पताल दार्चुला ल्याइएको इन्स्पेक्टर गाहामगरले जानकारी दिए। त्यस्तै, महाकाली- २ का हरकसिंह बाहु तथा महाकाली- ४ का अभिषेक कामी र गीता कामीको पनि उद्धार भएको छ। सबैको दार्चुला जिल्ला अस्पतालमा उपचार भइरहेको छ।

### सय परिवार प्रभावित, तीन मन्त्री राहत बोकेर दार्चुलामा

महाकाली र नौगाडका सय परिवार बाढी र पहिरोबाट प्रभावित बनेका छन्। जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार ४२ घरमा पूर्ण र नौ घरमा आंशिक क्षति भएको छ भने ४० घर जोखिममा परेका छन्। महाकाली नगरपालिकाको वडा नं. १, २, २ र ४ को बंगाबगडसम्मका घरमा बढी क्षति पुऱ्याएको छ। नौगाडमा वडा नं. १ मा पहिरोको क्षति छ।

सेनाकै हेलिकोप्टरले दुवै स्थानीय तहका बाढी र पहिरो प्रभावितका लागि राहत सामग्रीसमेत ढुवानी गरेको छ। स्थानीय सरकार र नेपाल रेडक्रस सोसाइटीसँगको समन्वयमा राहत वितरण गरिएको छ। त्यस्तै, संघ र प्रदेशका गरी तीन मन्त्री राहत बोकेर प्रभावित क्षेत्र पुगेका छन्। संघीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू, सुदूरपश्चिम सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री रणबहादुर रावल र प्रदेश वनमन्त्री मानबहादुर धामी दार्चुला आएका हुन्। उनीहरूले त्रिपाल, खाद्यान्न र कम्बलजस्ता राहत सामग्री ल्याएका छन्।

### गत वर्ष पनि दार्चुलामा बाढीपहिरोको क्षति

गत वर्ष १४ भदौमा पनि महाकाली, नौगाड, दुहुँ गाउँपालिका र अपीहिमाल गाउँपालिकामा बाढीपहिरोमा परी पाँचको मृत्यु भएको थियो। सयौँ परिवार प्रभावित बनेका थिए, घरमा क्षति पुगेको थियो। सरकारी संरचना, सडक, पुल, विद्युत् र विद्यालय बाढीपहिरोले बगाएको थियो। २ मंसिरको मन्त्रिपरिषद्को निर्णयअनुसार सरकारले २२ मंसिरमा राजपत्रमा सूचना प्रकाशित गर्दै दुहुँ, नौगाड र अपीहिमाललाई विपत् संकटग्रस्त क्षेत्र घोषणा गऱ्यो। गृह मन्त्रालयमातहतको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सिफारिसमा सरकारले उक्त घोषणा गरेको थियो। तर, उक्त क्षेत्रमा पुनर्निर्माण तथा पुनर्स्थापना, घर, सडक तथा विद्यालय निर्माणको काम नै अघि बढेको छैन।

"इन्द्रै बिन्ति गरून् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो"
"आयो टप्प टिपि लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।"

हार्दिक श्रद्धाञ्जली



जन्म
२०१८-०४-११

स्वर्गारोहण
२०७९-०५-१४

सुर्य कुमारी श्रेष्ठ

यस ब्राइट फ्यूचर मा.वि.का शिक्षक श्री राजेन्द्र प्रकाश श्रेष्ठका ममतामयी माता सुर्य कुमारी श्रेष्ठ (सुर्यवंशी) को ६१ वर्षको उमेरमा स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं, साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

प्रिन्सिपल
तथा
ब्राइट फ्यूचर मा.वि. परिवार
च.न.पा. १४, नैकाप काठमाडौं

## सत्ता गठबन्धन...

पृष्ठ १ बाट क्रमशः

भएकाले धेरै सिट आफूले पाउनुपर्ने कांग्रेसको दाबी छ। मधेसमा माओवादीले पाँच (०७४ मा जितेका) र एकीकृत समाजवादीले दुई सिट (०७४ मा एमालेले जितेका)मा नजर राखेका छन्।

०७४ को निर्वाचनमा राजपा १०, संघीय समाजवादी फोरम नौ, कांग्रेस ६, माओवादी पाँच र एमालेले दुई सिट हासिल गरेका थिए। तर, यसबीचमा भएका एकता र विभाजनपछि संसद्मा मधेसको उपस्थितिको अंकगणितमा फेरबदल आएको छ। जसपाका १० सांसदमध्ये हरिनारायण रौनियार निलम्बित छन भने महिन्द्र राय यादव बाबुराम भट्टराईले गठन गरेको नेसपामा गएका छन्। यसबाहेक लोसपाका नौ, कांग्रेसका ६, माओवादीका पाँच र एमालेका दुई सांसद छन्।

जसपाले ०७४ को निर्वाचन र स्थानीय तह निर्वाचनका आधारमा आफ्नो दाबी राखेको कार्यदल सदस्यहरू बताउँछन्। जसपाबाट कार्यदल सदस्य रहेका रामसहायप्रसाद यादव मधेसमा बढी सिटमा दाबी स्वाभाविक भएको बताए। 'हामीले समग्रमा मधेससहितको दाबी गठबन्धनमा राखेका हौँ। मधेस हाम्रो आधार भएकाले स्वाभाविक रूपमा बढी सिटमा दाबी रहने भयो,' उनले नयाँ पत्रिकासँग भने।

तर, कांग्रेस स्थानीय निर्वाचनको अंकगणितलाई आधार बनाउन चाहन्छ। मधेसमा कांग्रेस स्थानीय तहमा जस्तै पहिलो शक्ति बन्ने रणनीतिमा छ। स्थानीय निर्वाचनमा मधेसमा जसपा तेस्रो बनेको थियो। एक सय ३६ पालिकामध्ये कांग्रेसले ४६, एमालेले ३०, जसपाले २५, लोसपा १४, माओवादीले नौ, एकीकृत समाजवादीले ६, जनमत पार्टीले दुई तथा तराई मधेस लोकतान्त्रिक पार्टी र विवेकशील साझा पार्टी एक-एक र स्वतन्त्रले दुई पालिकामा जित निकालेका थिए।

कांग्रेस ८५-९०, माओवादी ४५-५०, जसपा र एकीकृत समाजवादी १२ देखि १५ सिट र जनमोर्चालाई एक या दुई सिट दिएर सहमति जुटाउन सकिने कांग्रेस र माओवादीको प्रारम्भिक प्रस्ताव छ। तर, जसपाले मधेसका आठ जिल्लाका ३२ मध्ये २० सिट आफूले पाउनुपर्ने दाबी पेस गरेपछि मधेसमा सिट बाँडफाँड सकसपूर्ण बनेको छ। त्यसमाथि एकीकृत समाजवादीले पाँच सिट दाबी गरेर मधेसको सिट बाँडफाँडलाई झनै पेचिलो बनाइदिएको छ। माओवादी ०७४ मै जितेका पाँच सिट आफ्नो पक्षमा पार्ने र सके थप्ने योजनामा छ। सम्मानजनक सिट बाँडफाँड नभए गठबन्धनको औचित्य नहुने भन्दै जसपा अध्यक्ष उपेन्द्र यादवले सार्वजनिक रूपमै कांग्रेस र माओवादीप्रति सार्वजनिक रूपमै असन्तुष्टि पोखेका छन्। प्रधानमन्त्री देउवा भने जुनसुकै हालतमा गलतबन्धन बचाउने पक्षमा छन्।

जसपा अध्यक्ष उपेन्द्र यादवले सार्वजनिक रूपमै सम्मानजनक सिट नभए गठबन्धनको औचित्य नहुने बताएका छन्। 'प्रतिनिधिसभाका लागि जसपाले आफ्नो दाबी राखेको छ। यसबारे गठबन्धनमा शीर्ष तहमा छलफल चलिरहेको छ। सम्मानजनक सिट बाँडफाँड नभए गठबन्धन गर्नुको औचित्य छैन,' बिहीबार उनले भनेका थिए।

कांग्रेस र माओवादी जसपालाई १५ सिट दिन चाहन्छन्। कांग्रेससहित गठबन्धनका अन्य दलको दाबीले मधेसमा आफ्नो सिट घट्ने देखिएपछि जसपाले विकल्पमा जानेसम्मको चेतावनी दिएको छ। जसपा अध्यक्ष यादवले गठबन्धन बैठकमा आफ्नो असन्तुष्टि राखिसकेका छन्। उनले सार्वजनिक अभिव्यक्तिमार्फत सम्मानजनक सिट बाँडफाँड नभए गठबन्धन गर्नुको औचित्य नरहेको बताएका छन्।

कांग्रेसबाट कार्यदल सदस्य ज्ञानेन्द्र कार्की दलहरूको दाबीअनुसार अन्तिम टुंगो शीर्ष तहबाट लाग्ने बताउँछन्। 'दलहरूले बढी दाबी राख्नु स्वाभाविक हो। हामी छिट्टै यो विषय टुंगोमा पुऱ्याउँछौँ। तर, गठबन्धनको उद्देश्य पूरा गर्न सबैले लचकता देखाउनुपर्छ। शीर्ष तहबाट बाँडफाँडको टुंगो लाग्छ,' उनले नयाँ पत्रिकासँग भने।

## चारदिने...

पृष्ठ १ बाट क्रमशः

छलफल हुने र त्यहीँबाट सम्झौताको निष्कर्ष निकालिने बताए। परराष्ट्र मन्त्रालयले समन्वय गरिरहेको र टेबुल वार्तामै सम्झौता हुने पाण्डेले बताए। त्यस्तै, संसद्को प्रभावकारिता र रचनात्मक विकासका लागि पनि थप चिनियाँ सहयोगको घोषणा हुनेछ।

भ्रमणमा लीले समकक्षी सापकोटाबाहेक प्रधानमन्त्री शेरबहादुर देउवा, विपक्षी दलका नेता केपी ओली, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनासँग भेटवार्ता गर्ने कार्यक्रम छ। २८ भदौको बिहान शिष्टाचार भेट हुने राष्ट्रिय सभा सचिव राजेन्द्र फुँयालले जानकारी दिए।

गत चैतमा भएको भर्चुअल संवादमा सभामुख सापकोटाले तातोपानी र केरुङलगायत नाकालाई अझ व्यवस्थित र सहज ढंगले सुचारु गर्न चिनियाँ पक्षसँग आग्रह गरेका थिए। कोभिडपछि सीमित परिमाणमा आयात-निर्यात भइरहेको भन्दै नाका सहज ढंगले सुचारु गर्न सापकोटाको आग्रह थियो।

संवादमा अध्यक्ष लीले खासा, केरुङलगायतबाट हुने व्यापार तथा आवतजावतलाई सुलभ तुल्याइने र नेपालको खेलकुद तथा शिक्षाको विकासमा चीनले योगदान दिने बताएका थिए।

## प्रतिपक्षी...

पृष्ठ १ बाट क्रमशः

मधेसमा कांग्रेसको प्रभाव बलियो बनाउने रणनीतिमा रहेका देउवाले उनीहरूलाई गठबन्धनमा सामेल गराउने आश्वासनसमेत दिएका थिए। तर, सिट बाँडफाँडका लागि कार्यदल गठन गरेको एक महिना पुगिसक्दासमेत गठबन्धनमा सामेल नगराएपछि लोसपा एमालेसँगै तालमेल गर्ने 'मुड'मा पुगेको हो।

०७४ को निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी (हाल लोसपा)ले सप्तरी ३, धनुषा ३, महोत्तरी २ र ३, रौतहट १, बारा ४, पर्सा २ र ४ र कैलाली १ जितेको थियो। यसबाहेक धनुषा २ बाट जितेका तत्कालीन संघीय समाजवादी फोरमका उमाशंकर अरगरिया पनि अहिले लोसपामै छन्। उनको क्षेत्र जोड्दा लोसपाले जितेको निर्वाचन क्षेत्र १० पुग्छ। त्यसबाहेक अघिल्लोपटक थोरै मतान्तरले हारेको क्षेत्र सप्तरी ४ र सर्लाही २ पनि उसको दाबी छ।

अहिले आफ्नो जनाधार राम्रो रहेको भन्दै सर्लाही २ र ४, बारा १, पर्सा १, रुपन्देही ३ र ४, कपिलवस्तु १ र ३, सुनसरी ४, मोरङ १, ५ र ६ मा पनि लोसपाले दाबी प्रस्तुत गरेको छ। 'मधेसमा हामीले जितेको क्षेत्र हामीले पाउने, एमालेले जितेको क्षेत्र उसले पाउनु स्वाभाविक हो,' लोसपा नेता शुक्लले भने, 'त्यसबाहेक अन्य क्षेत्रमा कसले पाउँदा जित निकाल्न सकिन्छ, त्यो विश्लेषणका आधारमा पनि सिट बाँडफाँड हुन्छ।'

त्यस्तै, मधेसलाई केन्द्रमा राखेर लोसपासँग तालमेलका लागि तयार भएको एमालेले राप्रपासँग पनि ठाउँविशेष तालमेल गर्ने भएको छ। राप्रपाले करिब २० ठाउँमा आफूलाई सघाउन प्रस्ताव गरेको छ।

स्रोतका अनुसार राप्रपाले झापामा अध्यक्ष राजेन्द्र लिङ्देन, रुपन्देहीमा दीपक बोहरा, बाँकेमा धवलशमशेर राणा, सिन्धुपाल्चोकमा पशुपतिशमशेर राणा, नुवाकोटमा प्रकाशचन्द्र लोहनी, चितवनमा विक्रम पाण्डे, म्याग्दीमा जगत गौचन, जुम्लामा ज्ञानेन्द्र शाही, दैलेखमा कुन्ती शाहीको क्षेत्रमा एमालेसँग तालमेल गर्न तयार भएको छ। राप्रपाले पनि एमालेको साथ पाएको अवस्थामा प्रत्यक्षतर्फ कम्तीमा पाँच सिट जित्ने, समानुपातिकमा थ्रेसहोल्ड कटाउने र संसद्मा राष्ट्रिय मान्यता पाउने विश्लेषण गरेको छ।

एमाले पनि झापामा अध्यक्ष केपी ओली, रुपन्देहीमा विष्णु पौडेल र घनश्याम भुसाललगायतको क्षेत्रमा तालमेल गर्न सकारात्मक भएको छ। खासगरी एमालेले आफ्नो अग्रता र राप्रपाको बलियो प्रभाव रहेको क्षेत्रमा तालमेल गर्न चाहेको छ।

राप्रपा अध्यक्ष लिङ्देनले यही साताभित्र एमालेसँग तालमेलबारे औपचारिक सहमति गर्ने तयारी रहेको बताए। 'तुलनात्मक रूपमा राष्ट्रियताको दृष्टिकोणले एमाले र हामी निकट छौँ,' राप्रपा अध्यक्ष लिङ्देनले भने, 'आ-आफ्नो सैद्धान्तिक अवधारणा भईकन पनि नेपालको निर्णायकत्व नेपालकै हातमा हुनुपर्छ, असंलग्नता, पञ्चशील, तटस्थताजस्ता विषयलाई हामीले सर्वोपरि मानेर जानुपर्छ भन्ने विषयमा हामी अन्य राजनीतिक दलभन्दा एमालेसँग नजिक छौँ। त्यसैले सत्तापक्ष गठबन्धनसहित आइरहँदा हामी पनि मिलेर जानुपर्छ भन्ने अवस्थामा पुगेका हौँ। एमाले अध्यक्षसँग निरन्तर सम्पर्क र भेटघाट भइरहेको छ। सायद सात दिनभित्रमा तालमेलले सहमतिको स्वरूप पाउनेछ।'

लिङ्देनका अनुसार यसपटकको चुनावमा राप्रपाको नीति केही सिट आफूले लिने, केहीमा उनीहरूलाई सघाउने भन्ने छ। 'हामीले जति सिट जित्ने गरी अर्को दलबाट मद्दत लिन्छौँ, त्यति नै सिट जित्ने गरी अर्को दललाई मद्दत गर्ने हो। हाम्रो तालमेल यही मोडालिटीअनुसार हुन्छ,' उनले भने।

एमाले अध्यक्ष ओली र राप्रपा अध्यक्ष लिङ्देन दुवै अहिले गृहजिल्ला झापामा छन्। गृहजिल्लाबाट फर्किएपछि उनीहरू तालमेलबारे टुंगोमा पुग्ने तयारीमा छन्। अघिल्लो ०७४ को निर्वाचनमा राप्रपाले कांग्रेससँग गठबन्धन गरिरहँदा पनि झापामा ओली र लिङ्देनबीच एकअर्कालाई सघाउने गरी चुनावी तालमेल भएको थियो। दुवै अध्यक्षको निर्वाचनमा राप्रपाको दुवै दलको राम्रो प्रभाव रहेकाले एकअर्काको सहज जितका लागि उनीहरू मिल्नुपर्ने बाध्यात्मक परिस्थितिमा छन्।

एमाले उपाध्यक्ष सुवास नेम्वाङले पनि अध्यक्ष ओली गृहजिल्लाबाट फर्किएपछि दुवै दलसँग तालमेलको विषयलाई टुंग्याउने तयारी रहेको बताए। 'छलफल र भेटघाट निरन्तर भइरहेकै छ। अध्यक्ष आफैँ लाग्नुभएको छ। अहिले त गृहजिल्ला जानुभएको छ। फर्किनेबित्तिकै तालमेलको विषय टुंगिएला,' उनले भने।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले तालमेलका लागि कुराकानी भइरहेको बताए। 'तालमेलका लागि दुवै दलसँग कुराकानी भइरहेको छ, तर टुंगोमा पुगिसकेको अवस्था होइन। लोसपाको यसअघि पाँचदलीय गठबन्धनसँगै जोडिने प्राथमिकता थियो। त्यहाँ कुरा नमिलेर होला, अहिले हामीसँग संवाद सुरु भएको छ। राप्रपासँग त अध्यक्षज्यूकै कुरा भइरहेको छ। आशा गरौँ, छलफल सकारात्मक नै होला,' उनले भने।

नेपाल सरकार
उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय
ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)
इटहरी, सुनसरी

IFAD
Investing in rural people

अन्तर्रवाताको नतिजा प्रकाशन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९/०५/२६

प्रस्तुत विषयमा यस आयोजनाबाट मिति २०७९/०३/०६ गते प्रकाशित विज्ञापनको सूचना बमोजिम यस आयोजनाका लागि आवश्यक Senior Monitoring & Evaluation and Knowledge Management Specialist पद एक (१) को रितपूर्वक दरखास्त पेश गरेका उम्मेदवारहरु मध्ये छोटो सूचीमा सफल उम्मेदवारहरु मध्ये लिखित तथा प्रस्तुतिकरणवाट अन्तर्र्वाताका लागि छनोट भएका उम्मेदवारहरु को मिति २०७९/०५/२५ मा लिइएको अन्तर्र्वाता समेतवाट छनोट उम्मेदवारको अन्तिम नतिजा प्रकाशन गरिएको सम्बन्धी विस्तृत जानकारी आयोजनाको WebsiteM https://rerp.moics.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

आयोजना प्रमुख
सम्पर्क नं.०२५-४७६४७३

Government of Nepal
Ministry of Home Affairs'
District Police Office
Khalanga, Darchula

Invitation for Online Bids

Date of Published- 2079/05/26 (September 11th, 2022)

District Police Office, Khalanga, Darchula invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract Identification Number | Description of Works | Cost of Bidding Document | Last date and time of bid submission electronically | Dateof bid opening time and place | Bid Security | Account Details |
|---|---|---|---|---|---|---|
| NCB/DPO/ Darchula-079/80/REG/01 | Construction of Office/Barrack/ Detention Block at DPO Darchula. | NRs. 10,000.00 | 2079/07/01 till 12:00 Hrs from e-GP system http://bolpatra.gov.np/egp | 2079/07/01 13:00 Hrs at District Police Office, Khalanga, Darchula | NRS.35,00,000 | Rajaswa khata-1000200010000 RajaswaShirshak No. 14229 Bank Name: Rastriya Banijya Bank, Khalanga, Darchula office code : 314047404 Dharauti Account No:- 4090100202030000 Dharauti Account Name: Treasury and Controller Office, Khalanga, Darchula |

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
आइतबार २६ भदौ ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका

## नेपाल टी-२० लिग

# जनही १५ लाखमा सात खेलाडी

**रमेश सुवेदी/नयाँ पत्रिका**
**काठमाडौं, २५ भदौ**

नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गर्ने पहिलो फ्रेन्चाइज नेपाल टी-२० लिगका लागि ६ टोलीले मार्की खेलाडी सार्वजनिक गरेका छन् । जसअनुसार पोखरा एभेन्जर्सले आसिफ शेख, लुम्बिनी अल स्टारले दीपेन्द्रसिंह ऐरी, काठमाडौं कान्तिपुरले ज्ञानेन्द्र मल्ल, फार वेस्टर्न युनाइटेडले करण केसी, विराटनगर सुपर किंग्सले रोहितकुमार पौडेल र जनकपुर रोयल्सले सोमपाल कामीलाई मार्की खेलाडीका रूपमा खरिद गरेका हुन् । त्यसैगरी, अनुभवी ब्याट्सम्यान शरद भेषवाकर 'ए' श्रेणी खेलाडीको हैसियतमा पोखरामा अनुबन्धित भएका छन् । ६ जना मार्की खेलाडी र 'ए' श्रेणीमा बिकेका शरदले अब आफ्नो टिमबाट १५ लाख पारिश्रमिक पाउनेछन् ।

यी सात खेलाडीबाहेक अन्य कुनै पनि खेलाडी अक्सनको पहिलो दिन बिकेनन् । जबकि, अक्सनमा १२ जना खेलाडीलाई 'ए' श्रेणीमा राखिएको थियो । 'ए' श्रेणीमा राखिएकामध्ये आरिफ शेख, अभिनाश बोहरा, विनोद भण्डारी, कुशल भुर्तेल र सुवास खकुरेल बिकेनन् ।

### यस्तो छ नियम

अक्सनका लागि ८ सय ५७ खेलाडीले फारम भरेका थिए । त्यसमध्येबाट छानिएका ९२ खेलाडीलाई क्यानले ए, बी र सी श्रेणीमा वर्गीकरण गरेको थियो । अक्सनको नियमअनुसार पहिलो दिन 'ए' श्रेणीमा परेका खेलाडीको किनबेच भएको हो । क्लबहरूले यही श्रेणीबाटै मार्की खेलाडी चयन गरेका हुन् । दोस्रो दिन 'बी' र 'सी' श्रेणीका खेलाडीको किनबेच हुनेछ । पहिलो दिन नबिकेका 'ए' श्रेणीका खेलाडीको बोलकबोल दोस्रो दिन 'बी' श्रेणीमा हुनेछ । त्यहाँ पनि बिक्न नसके उनीहरू अनसोल्ड नै रहनेछन् । तर, पहिल्यै 'बी' श्रेणीमै राखिएका खेलाडीहरूका हकमा 'बी' श्रेणीमा नबिके पनि 'सी' श्रेणीमा बोली लगाउन पाइनेछ । क्यानले प्रारम्भिक रूपमा 'ए' श्रेणीमा १२, 'बी' श्रेणीमा ३२ र 'सी' श्रेणीमा ४८ खेलाडीको नाम समावेश गरेको हो । अब आइतबार प्रारम्भिक ड्राफ्टका ३२ खेलाडीसँगै 'ए' श्रेणीबाट झरेका ५ खेलाडीसमेत गरेर कुल ३७ खेलाडीमाथि 'बी' श्रेणीमा बोली लाग्नेछ । 'बी' श्रेणीमा छानिनेहरूको तलब १० लाख हुनेछ ।

त्यसपछि आइतबारै 'सी' श्रेणीको बोलकबोल हुनेछ । जहाँ प्रारम्भिक रूपमा ४८ खेलाडीको नाम समावेश छ । प्रारम्भिक ड्राफ्टमा 'बी' श्रेणीमा परेर नबिकेका खेलाडीको संख्या पनि यसमा थपिनेछ । 'सी' श्रेणीबाट छानिएका खेलाडीले न्यूनतम ५ लाख रुपैयाँ लिएर विभिन्न टिममार्फत प्रतियोगिता खेल्नेछन् । यस प्रक्रियाबाट कुल ६६ जना नेपाली खेलाडी छानिनेछन् । यसबाहेक हरेक टोलीले ५ जना विदेशी खेलाडीलाई टिममा राख्न पाउँछन् । यसअघि क्यानले एभरेस्ट प्रिमियर लिग (इपिएल), धनगढी प्रिमियर लिग (डिपिएल) र पोखरा प्रिमियर लिग (पिपिएल)को राष्ट्रिय मान्यता खोस्दै पहिलोपटक नेपाल टी-२० लिग आयोजना गर्ने निर्णय गरेको थियो ।

### १५ लाख मूल्यका खेलाडी



**आसिफ शेख** : पोखरा एभेन्जर्स

ओपनर तथा विकेटकिपर आसिफलाई पहिलो संस्करणको नेपाल टी-२० लिगमा पोखरा एभेन्जर्सले मार्की खेलाडी घोषणा गरेको छ । २१ वर्षीय दायाँहाते ब्याट्सम्यान आसिफले टी-२० प्रतियोगितामा आफूलाई प्रमाणित गरिसकेका छन् । सन् २०२१ मा टी-२० आई नेदरल्यान्डविरुद्ध डेब्यु गरेयता आसिफ टिममा निरन्तर छन् । आसिफले टी-२० आईमा २० खेल खेल्दै ५ सय ८२ रन बनाएका छन् । उनको स्ट्राइक रेट ७८.६४ छ ।



**दीपेन्द्रसिंह ऐरी** : लुम्बिनी अल स्टार

अलराउन्डर दीपेन्द्रसिंह ऐरीलाई लुम्बिनी अल स्टारले मार्की खेलाडी बनाएको छ । मध्यक्रममा २२ वर्षीय ब्याट्सम्यान दीपेन्द्र सिंहबाट लुम्बिनीले ठूलो आशा गरेको छ । घरेलु तथा अन्तर्राट्रिय क्रिकेटको दीपेन्द्रको अनुभवबाट लुम्बिनी फाइदा लिन चाहन्छ । दीपेन्द्रले टी-२० आईमा ४४ खेल खेल्दै एक हजार एक सय तीन रन बनाएका छन् । उनको स्ट्राइक रेट १३२.२५ छ । दीपेन्द्रको कप्तानीमा सिवाइसी अत्तरियाले डिपिएलको उपाधि जितेको थियो । दीपेन्द्रसँग इपिएल र डिपिएल खेलेको राम्रो अनुभव छ । दीपेन्द्र टी-२० आईमा हजार रन बनाउने पहिलो खेलाडी हुन् ।



**ज्ञानेन्द्र मल्ल** : काठमाडौं कान्तिपुर

नेपाल राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तानसमेत रहेका ज्ञानेन्द्र घरेलु तथा अन्तर्राष्ट्रिय खेलमा सफल खेलाडी हुन् । पछिल्लो ५ महिना राष्ट्रिय टिमबाहिर रहेर पनि ज्ञानेन्द्रले केन्या भ्रमणमा कमब्याक गर्दै आफूलाई प्रमाणित गरेका थिए । ३१ वर्षीय दायाँहाते ब्याट्सम्यान ज्ञानेन्द्रलाई काठमाडौं कान्तिपुरले मार्की खेलाडी बनाएको छ । ज्ञानेन्द्रले सन् २०१९ देखि २०२१ सम्म नेपाली टिमको कप्तानी गरेका थिए । सन् २०१८ मा ज्ञानेन्द्रकै कप्तानीमा ललितपुर प्याट्रियटर्सले इपिएल उपाधि जितेको थियो । त्यस्तै, काठमाडौं गोल्डेनबाट डिपिएल र काठमाडौंबाट नै पिपिएल खेलेका छन् । ज्ञानेन्द्रले नेपालको यू-१५ र यू-१९ टिमबाट खेलिसकेका छन् ।



**करण केसी** : फार वेस्टर्न युनाइटेड

अलराउन्डर करण केसीलाई फार वेस्टर्न युनाइटेडले मार्की खेलाडी बनाएको छ । बाग्लुङका ३० वर्षीय खेलाडीले घरेलु तथा अन्तर्राष्ट्रिय खेलमा राम्रो प्रभाव जमाउँदै आएका छन् । करणले ४३ टी-२० आईमा २ सय ८९ रन बनाएका छन् । त्यस्तै, बलिङमा भने समान खेलमा ६० विकेट लिएका छन् । करणले इपिएलमा विराटनगर वारियर्सको कप्तानी गरेका थिए । त्यस्तै, डिपिएलमा भने विराटनगर किंग्सको कप्तानी गरेका थिए । करणले टी-२० आईमा नेदरल्यान्डविरुद्ध सन् २०१५ मा डेब्यु गरेका थिए ।



**रोहितकुमार पौडेल** : विराटनगर सुपर किंग्स

युवा ब्याटर रोहितकुमार पौडेललाई विराटनगर सुपर किंग्सले मार्की खेलाडीमा अनुबन्ध गरेको छ । राष्ट्रिय क्रिकेट टोलीको उपकप्तानसमेत रहेका २० वर्षीय रोहितले केन्याविरुद्धको एकदिवसीय खेलमा भने कप्तानी नै गरेका थिए । रोहितले टी-२० आईमा २१ खेल खेल्दै ३ सय ७६ रन बनाएका छन् । उनको स्ट्राइक रेट ११६.७७ छ । रोहित एकदिवसीय खेलमा १५ वर्षमै डेब्यु गर्ने कीर्तिमानी खेलाडी हुन् । रोहितले इपिएल भैरहवा ग्ल्याडियटर्सबाट खेलेका थिए । दायाँहाते ब्याट्सम्यान रोहितले नेपालको यू-१९ टिमबाट समेत खेलेका छन् ।



**सोमपाल कामी** : जनकपुर रोयल्स

घरेलु तथा अन्तर्राष्ट्रिय खेलमा स्थापित बलर सोमपाल कामीलाई जनकपुर रोयल्सले मार्की खेलाडी बनाएको छ । गुल्मीका २६ वर्षीय खेलाडी सोमपालले नेपालको यू-१९ टिमबाट समेत खेलेका छन् । सोमपालको कप्तानीमा चितवन टाइगर्सले गत सिजनको इपिएल उपाधि उचालेको थियो । त्यस्तै, डिपिएलमा टिम चौराहलाई च्याम्पियन बनाएका थिए । सोमपालले टी-२० आईमा ४२ खेल खेल्दै ३८ विकेट लिएका छन् । यता, समान खेलमा २ सय २४ रन बनाएका छन् । सोमपालले टी-२० आईमा नेदल्यान्डविरुद्ध डेब्यु गरेका थिए ।



**शरद भेषवाकर** : पोखरा एभेन्जर्स

घरेलु प्रतियोगितामा शरद भेषवाकर भाग्यमानी खेलाडी हुन् । उनले आफ्नो कप्तानीमा सधैं उपाधि जिताउँदै आएका छन् । त्यसैले पनि पोखरा एभेन्जर्सले मार्की खेलाडी आसिफबराबरकै मूल्य तिरेर र शरदलाई भित्र्यायो । पहिलो दिनको अक्सनमा अन्य टिमले १ खेलाडी खरिद गर्दा पोखराले जनही १५-१५ लाख खर्च गर्दै दुई खेलाडी किनेको हो । ३७ वर्षीय शरद अलराउन्डर हुन् । उनले इपिएलमा भैरहवालाई उपाधि दिलाएका छन् । त्यस्तै, पोखरा पल्टनको कप्तानी गर्दै पिपिएल खेलेका थिए ।

## छैटौं महिला साफ च्याम्पियनसिप

# भारत र बंगलादेश अन्तिम चारमा

**नयाँ पत्रिका**
**काठमाडौं, २५ भदौ**

भारत र बंगलादेश साफ महिला च्याम्पियनसिप २०२२ को सेमिफाइनलमा प्रवेश गरेका छन् । समूह 'ए'बाट लगातार दोस्रो जित निकाल्दै साबिक विजेता भारत र एकपटकको उपविजेता बंगलादेश एक खेलअघि नै अन्तिम चारमा प्रवेश गरेका हुन् । यसअघि बंगलादेशले माल्दिभ्स र भारतले पाकिस्तानलाई समान ३-० ले नै पराजित गरेका थिए । यससँगै एक खेल बाँकी छँदै पाकिस्तान र माल्दिभ्स समूह चरणबाटै बाहिरिएका छन् । अब बंगलादेश र भारतबीच समूह विजेताका लागि आगामी मंगलबार प्रतिस्पर्धा हुनेछ । मंगलबार नै सान्त्वना जितका लागि माल्दिभ्स र पाकिस्तान भिड्नेछन् ।

### सविनाको ह्याट्रिक मद्दतमा बंगलादेशको जित

दशरथ रंगशालामा शनिबार भएको पहिलो खेलमा बंगलादेशले पाकिस्तानलाई ६-० ले पराजित गऱ्यो । बंगलादेशको जितमा कप्तान सविना खातुनले ह्याट्रिक गरिन् । यस्तै, मोनिका चम्का, मोसाम्मद जहान सोप्ना र रितु चक्माले एक-एक गोल गरे । पाकिस्तानविरुद्ध सुरुआतदेखि नै दबाब बनाएको बंगलादेशले पहिलो हाफमा चार गोल गऱ्यो भने दोस्रो हाफमा थप दुई गोल गऱ्यो ।

मोनिका चक्माले तेस्रो मिनेटमा गोल गर्दै बंगलादेशलाई अग्रता दिलाइन् । खेलको २८औं मिनेटमा सोप्नाले २-० को अग्रता बनाइन् । ३१औं र ३५ औं मिनेटमा कप्तान सविनाले लगातार गोल गर्दा बंगलादेश पहिलो हाफमा ४-० ले अघि रह्यो ।



नेपालमा जारी साफ च्याम्पियनसिपमा सविना ह्याट्रिक गर्ने पहिलो खेलाडी बनिन् । समग्रमा सविनाको यो जिवनकै दोस्रो ह्याट्रिक हो । यसअघि सविनाले सन् २०१६ को सेप्टेम्बरमा अफगानिस्तानविरुद्ध ६-० को जित निकाल्दा पाँच गोल गरेकी थिइन् । बंगलादेशका लागि सविनाले हालसम्म २९ गोल गरेकी छिन् । साफ च्याम्पियनसिपमा मात्रै उनले १९ गोल गरिसकेकी छिन् ।

### अञ्जुको ह्याट्रिक, भारतको नौ गोल

दशरथ रंगशालामै भएको दोस्रो खेलमा अन्जु तामाङको ह्याट्रिक मद्दतमा भारतले माल्दिभ्सलाई ९-० ले पराजित गऱ्यो । सुरुआती २० मिनेटमा कुनै गोल गर्न नसकेको भारतीय टिमले त्यसपछि भने एकोहोरो गोल थप्यो । भारतको जितमा अन्जुले चार गोल गरिन् । यस्तै, डांमी ग्रेसले दुई गोल गर्दा प्रियंका देवी, सौम्या गुगुलोथ र कस्मिनाले एक-एक गोल गरे । पहिलो हाफमा ३ गोल गरेको भारतले दोस्रो हाफमा थप ६ गोल गरेको थियो ।

जारी साफमा एकै खेलमा सर्वाधिक गोल निस्किएको यो पहिलो खेल हो । यता, अन्जु जारी साफ च्याम्पियनसिपमा ह्याट्रिक गर्ने दोस्रो खेलाडी बनिन् ।


**NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.**
**एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.**

("नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको")
केन्द्रीय कार्यालय बनेपा–८, काभ्रेपलाञ्चोक, फोन नं. : ०११–६६००३४

## कर्मचारी आवश्यकता

**प्रकाशित मिति २०७९/०५/२६ (तदनुसार 11th September 2022)**

एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको सहायक कम्पनिको रुपमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको एक प्रतिष्ठित लघुवित्त वित्तीय संस्था हो । लघुवित्त क्षेत्रमा सबैभन्दा बढी शाखा सञ्जाल विस्तार गरी देशभरि ७४ जिल्लामा २८७ शाखा कार्यालयहरू मार्फत आफ्नो लघुवित्त कार्यक्रम सञ्चालन गरी वित्तीय पहुँच नभएको ग्रामीण क्षेत्रमा शाखाहरू सञ्चालन गरी वित्तीय सेवा सुविधा उपलब्ध गराउन महत्वपूर्ण योगदान गरिरहेको छ । यस वित्तीय संस्थाको कर्पोरेट कार्यालयलाई देहाय बमोजिमका पदहरूमा कर्मचारीहरू आवश्यक भई खुल्ला प्रतिस्पर्धामार्फत पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ठेगानामा आइपुग्ने गरी दरखास्त आव्हान गरिन्छ ।

**१. IT Manager (सहायक प्रबन्धक) : (संख्या-१)**
**स्थान** : कर्पोरेट कार्यालय बनेपा, काभ्रे ।
**योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट BE (Electronic and communication, Computer), BCA, BIT, BSC-CSIT, BIM उत्तिर्ण वा सम्बन्धित बिषयमा स्नातक तह उत्तिर्ण ।
**अनुभव** : सम्बन्धित क्षेत्रमा कम्तिमा ४ वर्षको कार्य अनुभव भएको ।
**Technical Skills** : Possess strong knowledge of banking operations including loan management and Finance functions fundamentals of Core Banking System. Having knowledge on CBS customization, migration, tuning & development. Preference shall be given to candidate having knowledge of MSSQL or any other RDBMS. Knowledge of system, security and network is prioritized
**उमेर** : आवेदन दिने मिति सम्म २१ वर्ष पुरा भई र ४० वर्ष ननाघेको ।

**२. ISO (Information Security Officer) - (बरिष्ठ अधिकृत) : (संख्या-१)**
**स्थान** : कर्पोरेट कार्यालय बनेपा, काभ्रे ।
**योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट BE (Electronic and communication, Computer), BCA, BIT, BSC-CSIT, BIM उत्तिर्ण वा सम्बन्धित बिषयमा स्नातक तह उत्तिर्ण ।
**अनुभव** : सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको ।
**Technical Skills** : Knowledge of Linux, Windows operating system, OSI modules, Enterprise Networking, Systems, and Security solutions, Banking Software, IT processes and controls, Risk and control framework, CISSP or any other IS certified will be prioritized.
**उमेर** : आवेदन दिने मिति सम्म २१ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।

**३. Digital Integration and Development Officer - (अधिकृत) : (संख्या-१)**
**स्थान** : कर्पोरेट कार्यालय बनेपा, काभ्रे ।
**योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट BE (Electronic and communication, Computer), BCA, BIT, BSC-CSIT, BIM उत्तिर्ण वा सम्बन्धित बिषयमा स्नातक तह उत्तिर्ण ।
**अनुभव** : सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको ।
**Technical Skills** : Knowledge in building share Point workflow, building Web Parts, APPS, Page Layouts, API and Integration. Knowledge of Visual Studio or other source control management tools.
**उमेर** : आवेदन दिने मिति सम्म २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको

**४. Database Administrator/MIS Developer - (कनिष्ठ अधिकृत) : (संख्या: १)**
**स्थान** : कर्पोरेट कार्यालय बनेपा, काभ्रे ।
**योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट BE (Electronic and communication, Computer), BCA, BIT, BSC-CSIT, BIM उत्तिर्ण वा सम्बन्धित बिषयमा स्नातक तह उत्तिर्ण ।
**अनुभब** : सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्षको कार्य अनुभव भएको ।
**Technical Skills** : Extraction and Querying, Data Warehousing, strong knowledge on MSSQL or any other RDBMS. knowledge on Microsoft BI.
**उमेर** : आवेदन दिने मिति सम्म २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**५. सहायक प्रबन्धक : मानव संशाधन विभाग : (संख्या-१)**
**स्थान** : कर्पोरेट कार्यालय बनेपा, काभ्रे ।
**योग्यता/अनुभव** : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तिर्ण गरि बैक तथा वित्तीय संस्थाको मानव संसाधन विभागमा कम्तीमा ४ वर्ष कार्य अनुभव भएको (व्यवस्थापन वा कानुन विषय अध्ययन गरेकालाई बिशेष प्राथमिकता दिइनेछ)
**उमेर** : आवेदन दिने मिति सम्म २१ वर्ष पुरा भई र ४० ननाघेको ।

**६. कनिष्ठ अधिकृत : मानव संशाधन विभाग : (संख्या-१)**
**स्थान** : कर्पोरेट कार्यालय बनेपा, काभ्रे ।
**योग्यता/अनुभव** : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तिर्ण गरि बैक तथा वित्तीय संस्थाको मानव संसाधन विभागमा कम्तीमा २ बर्ष कार्य अनुभव भएको (व्यवस्थापन वा कानुन विषय अध्ययन गरेकालाई बिशेष प्राथमिकता दिइनेछ)
**उमेर** : आवेदन दिने मिति सम्म २१ वर्ष पुरा भई र ४० ननाघेको ।

**७. कनिष्ठ अधिकृत : Social Development, Corporate Communication and Branding : (संख्या-१)**
**स्थान** : कर्पोरेट कार्यालय बनेपा, काभ्रे ।
**योग्यता/अनुभव** : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तिर्ण गरि विभिन्न सरकारी गैर सरकारी संघ संस्था वा बैक तथा वित्तीय संस्थामा सामाजिक परिचालक वा Corporate Communication and Branding विभागमा कम्तीमा २ बर्ष कार्य अनुभव भएको ।
**उमेर** : आवेदन दिने मिति सम्म २१ वर्ष पुरा भई र ४० ननाघेको ।

**नोट : महिला उम्मेवादरको हकमा माथिल्लो उमेरको हद ५ बर्ष थप हुनेछ ।**

**परीक्षाको किसिम** : प्रारम्भिक रुपमा छनौट सूचीमा परेका प्रतिस्पर्धीहरुलाई अन्तरवार्ताको माध्यमबाट अन्तिम छनौट गरिनेछ ।
रितपूर्वक प्राप्त दरखास्तहरु मध्येबाट छनौट सूचीमा **(Short List)** मा परेका उम्मेदवारलाई मात्र अन्तर्वार्ताको लागि सम्पर्क गरिनेछ । कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार तथा निर्णय वित्तीय संस्थामा निहित रहनेछ । लघुवित्त वित्तीय संस्थाले कुनै कारण नजनाई केही वा सम्पूर्ण आवेदन अस्विकृत गर्न सक्नेछ ।
आवेदकहरुले आवेदनमा आफुले काम गर्न चाहेको पद, उमेर, अनुभव, सम्बन्धित पदका लागि तोकिएको शैक्षिक योग्यता, आफुलाई राम्रोसँग चिन्ने कुनै दुई जना व्यक्ति (Reference Person) को नाम/सम्पर्क नम्बर तथा इमेल ठेगाना लगायतका विवरणहरु उल्लेख गरिएको **Bio Data** संलग्न गर्नु पर्नेछ ।

**आवेदन दिने अन्तिम मिति : २०७९/०६/०९ (तदनुसार 25 September 2022)**

**आवेदन दिनका लागि यस एन आई सी एशिया लघुवित्त वित्तीय संस्थाको वेभसाईट**
**http://www.nicasialaghubitta.com/careers बाट आवेदन दिन सकिनेछ ।**

**Corporate Office:** Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com
साथी सगै सबल बन्दै


## खेल संक्षेप

### संयोग र इभानालाई उपाधि

**काठमाडौं**/ संयोग कपालीले विनेश खनियालाई ४-१ ले हराएर शनिबार दोस्रो पूर्णशंकर श्रेष्ठ राष्ट्रव्यापी अन्तरवडा टेबलटेनिस प्रतियोगिताअन्तर्गत पुरुष एकलको उपाधि जितेका छन् । लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको फाइनलमा संयोगले विनेशलाई ११-१, १३-११, १६-१८, ११-९ र ११-३ ले हराउँदै उपाधि जिते । महिला एकलमा इभाना थापामगरले संखुवासभाकी वियन्का राईलाई ११-८, ११-७, ११-३, ८-११, ९-११, ११-५ ले हराएर उपाधि जितिन् । यसैगरी, प्रतियोगितामा रनिङ सिल्ड ललितपुर-११ वडाले हात पाऱ्यो । ललितपुर-११ ले दुई स्वर्ण र एक कांस्य पदक जितेको थियो ।

### मध्यपुर थिमि च्याम्पियन

**काठमाडौं**/ मध्यपुर थिमि न.पा. ७ भक्तपुर जिल्लाव्यापी अन्तरवडा ब्याडमिन्टन प्रतियोगिताको टिम च्याम्पियन भएको छ । प्रतियोगितामा थिमी ७ एक स्वर्ण र दुई रजत पदकका साथ टिम च्याम्पियन बन्न सफल भएको हो । यस्तै, दोस्रो स्थानमा रहेको मध्यपुर थिमी ८ एक स्वर्ण र एक कास्य पदक प्राप्त गर्न सफल भयो । बराबर एक स्वर्ण प्राप्त गरेका सूर्यविनायक नगरपालिका ८ र मध्यपुर थिमी न.पा. ४ संयुक्त तेस्रो स्थानमा रहे ।

प्रतियोगितामा पुरुषतर्फ सूर्यविनायक नगरपालिकाका आयुष प्रजापति र महिलातर्फ मध्यपुर थिमी ४ की कृषा श्रेष्ठले उपाधि उचाले । आयुषले सूर्यविनायक ३ का रमेश बस्नेतलाई २१-१३, १८-२१, २१-१६ ले पराजित गरे भने कृषाले मध्यपुर थिमी ७ की शर्मिला केसीलाई २१-१८, १७-२१, २१-१२ ले पराजित गरिन् । पुरुष युगलतर्फ मध्यपुर ७ का भीमराज कार्की र साजन न्यौपानेको जोडीले उपाधि उचाले ।

## लिगलिगकोट म्याराथनको उपाधि तीर्थबहादुरलाई



**गोरखा**/ दोस्रो लिगलिगकोट-सिरानचोक-गोरखा दरबार खुला म्याराथन दौड ०७९ को उपाधि त्रिभुवन आर्मी क्लबका तीर्थ तामाङले जितेका छन् । निर्धारित ४० किलोमिटरको दूरी तीन घन्टा ११ मिनेट एक सेकेन्डमा पार गर्दै तामाङले उपाधि जितेका हुन् । दौडमा सहभागी ९३ जनालाई पछि पारेका तीर्थले एक लाख ५० हजार नगद पुरस्कार प्राप्त गरे ।

गोरखाको इतिहास, मौलिक संस्कृति जगेर्ना गर्दै लैजाने र ऐतिहासिक मार्गहरूलाई एकीकृत ट्रेलको रूपमा विकास गर्न आयोजना गरिएको खुला म्याराथनमा भारतीय सेनाका अनिश थापामगर दोस्रो भए । आर्मीकै मोहनदेव जोशी तेस्रो भए । दोस्रो र तेस्रोले एक लाख र ७५ हजार नगद पुरस्कार प्राप्त गरे ।

म्याराथनको चौथो र पाँचौं देवराज महतरा र गोविन्द कार्कीले क्रमशः ५० हजार र ३५ हजार पुरस्कार पाए । शीर्ष १० जनाभित्र पर्न सफल अर्जुन राई कुलुङ, थमबहादुर अधिकारी, अशोक बराम, रैबतबहादुर दाहाल र विमल खड्काले क्रमशः ३०, २५, २०, १५, १० हजार पुरस्कार जिते ।

### काठमाडौं म्याराथनमा हरिकुमार पहिलो

**काठमाडौं**/चौथो काठमाडौं म्याराथनको उपाधि हरिकुमार रिमालले जितेका छन् । त्रिभुवन आर्मी क्लबका हरिले ४२.१९५ किलोमिटर दूरी २ घन्टा ४० मिनेट ४० सेकेन्डमा पूरा गरेका हुन् । उपाधिसँगै हरिले एक लाख नगद पुरस्कार जिते । दोस्रो आर्मीकै जुनेश खड्का भए । उनले निर्धारित दूरी २ घन्टा ४५ मिनेट ५९ सेकेन्डमा पूरा गरेका थिए । तेस्रो स्थान एपिएफका राजन चौधरीले प्राप्त गरे । दोस्रोले ५० हजार र तेस्रोले २५ हजार पुरस्कार पाए । यस्तै, राजा मेहता, मिलन तामाङ र नारायण बस्नेत क्रमशः चौथो, पाँचौं र छैटौं स्थानमा रहे ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com